सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ फागुन २०८२, मंगलबार (24 Feb 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एक महिनामै तीन ठुला दुर्घटना
४६ को मृत्यु, ६८ घाइते

■ आइतबार मध्यराति पनि त्रिशूली किनारमा खस्यो बस, १९ को मृत्यु



■ घाइतेको बयान- **चालकले तीव्र गतिमा हाँकिरहेका थिए, यात्रुसँग गफमा मस्त थिए**



याङ्जी शेर्पा र उनका श्रीमान् लोप्साङ लामा चालकको ठिक पछाडिका दुई सिटमा बसेका थिए। काठमाडौंको बौद्धमा बस्ने उनीहरू पोखरा घुमेर फर्किँदै थिए। याङ्जीले दुर्घटनामा श्रीमान् गुमाइन्। याङ्जीका अनुसार मुग्लिन कटेपछि बसको गति निकै तीव्र थियो, चालक अगाडि बसेका अन्य यात्रुसँग गफमा मस्त थिए। बसको गतिले आफ्नो मनमा ढुकढुकी बढ्दाबढ्दै दुर्घटना भएको उनले बताइन्। 'चालकले तीव्र गतिमा बस हाँकिरहेका थिए, अन्य यात्रुतिर हेर्दै गफमा मस्त थिए। मलाई छटपटी भयो। एकपटक चालकलाई सम्झाउँछु भनेर श्रीमान्सँग सल्लाह पनि गरेँ। तर, उहाँले छाडिदेऊ भन्नुभयो। केहीबेरमा यत्रो दुर्घटना भयो, श्रीमान् नै गुमाउनुपऱ्यो,' ट्रमा सेन्टरको इमर्जेन्सी कक्षमा उपचाररत उनले भनिन्।

धादिङमा **अर्जुन श्रेष्ठ**

एक महिनामै तीनवटा बस दुर्घटनामा ४६ जनाको मृत्यु भएको छ भने ६८ घाइते भएका छन्। आइतबार राति मात्र पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनीघाट रोराङ गाउँपालिका- ५, भैंसीगौंडामा यात्रुबस त्रिशूली किनारमा खस्दा तीन विदेशीसहित १९ जनाको ज्यान गएको छ। २५ घाइते भएका छन्।

■ बढ्दै छ दुर्घटना, हुँदैन 'रोड सेफ्टी अडिट'

दुर्घटना रोक्न भन्दै सडक सुरक्षा परिषद् गठन गरेको ११ वर्ष भयो, तर कानुन नबन्दा अलपत्र

यसअघि २७ माघमा रामेछापमा यात्रुवाहक बस दुर्घटनामा १४ जनाको मृत्यु र आठ घाइते भएकामा त्यसअघि २२ माघमा बैतडीमा जन्ती बोकेको गाडी दुर्घटनामा १३ को मृत्यु र ३५ घाइते भएका थिए। रामेछाप दुर्घटनामा परेका एक यात्रु अझै बेपत्ता छन्।

यही अवधिमा अन्य दुर्घटना पनि भएका छन्। सोमबार मात्रै उदयपुरको कटारीबाट गाईघाट आउँदै गरेको गाडी मदन भण्डारी सडकमार्गस्थित अधोरी गोलाईमा

» पृष्ठ २ मा क्रमशः

■ उद्धारकर्ता अरुण थपलिया भन्छन्-

उद्धार सामग्री अभावका कारण धेरैको ज्यान गयो



दुर्घटनाग्रस्त बसले च्यापिएका ललितपुर इमाडोलका २७ वर्षीय कृष्णराज मानन्धरको पाँच घण्टापछि जीवितै उद्धार भयो। मानन्धरलाई दुर्घटनाग्रस्त गाडीले च्यापिएको अवस्थामा उद्धार गरिएको उद्धारकर्ता अरुण थपलियाले बताए। थपलियाका अनुसार उनको खुट्टा मात्रै च्यापिएकाले फलामहरू काटेर जीवितै उद्धार भएको हो।

थपलियाले उद्धार सामग्रीको अभावका कारण धेरैको ज्यान गएको पनि बताए। 'दुर्घटनाग्रस्त बस भताभुंग थियो, पार्टपुर्जाहरू यत्रतत्र छरिएका थिए। यात्रु कोही त्रिशूलीमा, कोही किनारमा त कतिपय भिरमा लडिरहेका थिए। कैयौं घाइते उद्धारका लागि सहयोग मागिरहेका थिए। तर, अप्ठ्यारो ठाउँमा रातिको समयमा उद्धार गर्न पर्याप्त सामग्री नै भएन,' थपलियाले भने, 'भिरमा रातिको समयमा न माथिबाट झर्ने ठाउँ, न यता र उताबाट घटनास्थल पुग्ने ठाउँ थियो। पर्याप्त उद्धार सामग्री भएको भए धेरैलाई बचाउन सकिन्थ्यो भन्ने लाग्छ। सीमित सामग्रीबाट पनि धेरैको उद्धार गरियो।'

थपलिया च्याफ्टिङ व्यवसायी तथा गाइड हुन्। सुतिरहेका उनलाई छिमेकीले खबर गरेपछि घटनास्थल पुगेका थिए। फोर्स लाइट, हाइड्रोलिक कटर, चेन पुल्लीलगायत उद्धारका सामग्री नहुँदा घटनास्थल पुग्न समय लागेको उनले बताए। राति बोट बोकेर भिरभिरै बस खसेको ठाउँमा पुगेको उनले सुनाए।

धादिङका सिडिओ विजयराज सुवेदीले पनि उद्धारका क्रममा फोर्स लाइट, भिरमा दुर्घटना भएकाले उद्धारका लागि डोरी, क्रेनलगायत सामग्रीको अभाव खड्किएको स्वीकार गरे।

आशा बोकेर भोट खसाल्न स्वदेश फर्कँदै छन् प्रवासी नेपाली

कैलालीको त्रिनगर नाकाबाट मात्र दैनिक दुई हजारहाराहारीमा प्रवासी नेपाली घर फर्किरहेका छन्, उनीहरू भन्छन्- मत हाल्न आएका छौं, अब स्वदेशमै रोजगारी मिलोस् र घरपरिवार छोडेर अर्काको देश जान नपरोस्

धनगढीमा **तेजराज भट्ट**

आसन्न २१ फागुनको निर्वाचनपछि देशमै केही होला भन्ने आशा बोकेर प्रवासी नेपाली मतदानका लागि घर आउन थालेका छन्। निर्वाचन आउन डेढ साता मात्र बाँकी रहँदा धनगढीको त्रिनगर र कञ्चनपुरको गड्डाचौकी नाकाबाट दैनिक हजारौं नेपाली घर फर्किरहेका छन्। र, सबैको एउटै चाहना छ- अब स्वदेशमा रोजगारी मिलोस्, घरपरिवार छोडेर अर्काको देश जान नपरोस्।

कामको खोजीमा भारतका विभिन्न सहर पुगेका नेपाली फर्कन थालेपछि पश्चिमी नाकामा भिडभाड बढेको छ। त्रिनगर नाकामा खटिएका सुरक्षाकर्मीका अनुसार दैनिक दुई हजारहाराहारीमा नेपाली घर फर्किरहेका छन्। रोजगारीका लागि भारत गएका उनीहरूले केही समयको छुट्टी लिई आएको बताएका छन्।

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि देशमा फेरिएको परिस्थितिका बिच हुन लागेको चुनावमा आफूहरू आशा बोकेर आफ्नो मताधिकार प्रयोग गर्न आएको उनीहरू बताउँछन्। नाकामा भेटिएका धेरै नेपाली भन्छन्- हामीलाई अब स्वदेशमा रोजगारी मिलोस्, घरपरिवार छोडेर अर्काको देश जान नपरोस्। 'अब आउने सरकारले यहीं रोजगारीका अवसर सिर्जना गरोस् र कामको खोजीमा भारत जानुपर्ने बाध्यता

» पृष्ठ २ मा क्रमशः

■ निर्वाचन-यात्रा



निर्वाचन आउन डेढ साता मात्र बाँकी रहँदा धनगढीको त्रिनगर (तस्बिर) र कञ्चनपुरको गड्डाचौकी नाकाबाट दैनिक हजारौं नेपाली घर फर्किरहेका छन्। त्रिनगर नाकामा खटिएका सुरक्षाकर्मीका अनुसार दैनिक दुई हजारहाराहारीमा नेपाली घर फर्किरहेका छन्। 'नाकामा घर फर्कनेको संख्या बढ्दो छ। नाकामा कुनै असहजता नहोस् भनेर हामीले सहजीकरण गरिरहेका छौं,' सीमास्थित सशस्त्र प्रहरीको त्रिनगर गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन कार्कीले भने। मताधिकारका लागि स्वदेश फर्कनेलाई उचित समन्वय गर्न गृह मन्त्रालयले सशस्त्र प्रहरी बललाई निर्देशन दिइसकेको छ। कतिपय उम्मेदवार र उनीहरूनिकटले भारतमा रहेकाहरूलाई मताधिकारका लागि घर फर्कन पहल र समन्वय गरिरहेका छन्। सुदूरपश्चिममा गरिबी र बेरोजगारीको दर अन्य प्रदेशको तुलनामा उच्च छ। पछिल्लो तथ्यांकअनुसार सुदूरपश्चिममा गरिबीको दर अन्य प्रदेशको भन्दा बढी छ। तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-०२३ अनुसार सबैभन्दा धेरै गरिबीदर सुदूरपश्चिम प्रदेशमा ३४.१२ प्रतिशत छ। नेपालमा गरिबीदर २०.२७ प्रतिशत छ। सरकारसँग भने भारतीय रोजगारीमा रहेकाको यकिन तथ्यांक नै छैन।

के भन्छन् मतदान गर्न घर आउनेहरू ?



● **अछामको मंगलसेनका**

झुमाकान्त ढुंगाना : देशको परिस्थिति हेरेर, देशमा केही परिवर्तन हुन्छ कि भन्ने आशाले निर्वाचनका लागि आएका हौं। देशमा भ्रष्टाचार अन्त्य होस्, सामान्य किसिमको भए पनि यहीं काम पाइयोस्।

● **धनगढी फूलबारीका**

विक्रम विक : गाउँमा साथीहरूले पनि भोट हाल्न आउनुपऱ्यो भनिरहेका थिए, यही मौकामा घरमा भेटघाट पनि हुन्छ भनेर फर्किएँ। धेरै दिन बिदा छैन, चुनावपछि फर्किनुपर्छ।

● **कैलाली गोदावरीका प्रेम**

भण्डारी : चुनावपछि देशको अवस्था केही परिवर्तन होला भन्ने आशा छ। त्यही आशा बोकेर भारतको केरलामा होटेलको कामबाट बिदा मागेर मतदान गर्न घर फर्किएको छु।

● **बझाङको केदारस्युँका**

सुनील बोहरा : हामीजस्ता युवाले सामान्य कामका लागि विदेश जान नपरोस्, सरकारले क्षमताअनुसार यहीं काम देओस्। देशमा विकास र युवालाई रोजगारी चाहिएको छ। भाइहरू पनि पढेपछि रोजगारी नपाएर बिदेसिनु नपरोस्।

■ पूर्वराजाको सन्देशपछि चुनावविरोधी समूह सक्रिय

दुर्गा प्रसाईंका सहयोगीदेखि शाही युवा शक्तिसम्म प्रहरी निगरानीमा

नयाँ पत्रिका

पूर्वराजा ज्ञानेन्द्र शाहको 'निर्वाचनविरोधी' अभिव्यक्तिपछि चुनाव भाँड्ने गतिविधिमा लागेकाहरूमाथि प्रहरीले निगरानी बढाएको छ। निर्वाचनका लागि सुरक्षा चुनौती ठानिएका शक्ति र व्यक्तिमाथि प्रहरीले निगरानी बढाएको हो।

दुर्गा प्रसाईंनिकट एनी टाइम फोर्स (एटिएफ)देखि शाही युवा शक्तिका व्यक्तिहरूमाथि निगरानी बढाइएको प्रहरी स्रोत बताउँछ। त्यस्तै, मधेशी युथ फोरम नामक समूहमाथि पनि प्रहरीले अनुसन्धान थालेको छ। फेसबुक ग्रुपबाट बनेको यस्तो समूहले चुनावविरोधी गतिविधि थालेको र सामाजिक सद्भाव भङ्काउने प्रयास गरेको सुरक्षा निकायको निष्कर्ष छ।

» पृष्ठ २ मा क्रमशः

■ मिथ्या सूचना रोक्न एआई सेल स्थापना



मिथ्या सूचना नियन्त्रणका लागि नेपाल प्रहरीले एआई प्रविधिको प्रयोग थालेको छ। प्रहरी प्रधान कार्यालयमा आर्टिफिसियल इन्टेलिजेन्स एन्ड एड्भान्स एनलिटिकल सेल (एआई सेल) स्थापना गरी प्रहरीले निगरानी थालेको हो। सोमबार गृहमन्त्री ओमप्रकाश अर्यालले सेलको उद्घाटन गरेका छन्। एआईको संस्थागत अवलम्बन र सुदृढीकरण, प्रोएक्टिभ इन्टेलिजेन्स तथा अर्ली वार्निङ प्रणाली, डिजिटल अपराध इन्टेलिजेन्सको सुदृढीकरण र एआईको दुरुपयोग डिटेक्सनजस्ता उद्देश्यले सेल स्थापना गरिएको प्रहरीले जनाएको छ।

'बढ्दो साइबर अपराध, गलत तथा मिथ्या सूचना, संगठित आपराधिक सञ्जाल, वित्तीय अपराध, सामाजिक अस्थिरता सिर्जना गर्ने डिजिटल अभियानजस्ता गतिविधिहरूले राष्ट्रिय सुरक्षा, अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रणमा चुनौती थपिँदै गइरहेको छ। त्यसलाई रोक्न उच्च प्रविधियुक्त यस्तो सेल स्थापना गरिएको छ,' प्रहरी प्रवक्ता डिआइजी काफ्लेले भने। प्रहरी प्रवक्ता काफ्लेका अनुसार एआई सेलको प्रयोगबाट गलत तथा मिथ्या सूचना सम्प्रेषण भएको पाँचवटा घटनामा संलग्न व्यक्तिहरूलाई बाँके, कञ्चनपुर, सुनसरी, सल्यान र दाङबाट पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको छ। प्रहरी प्रवक्ता काफ्ले भन्छन्, 'आमनागरिकले सामाजिक सञ्जाल प्रयोग गर्दा सचेत हुनु आवश्यक छ।

कर्नर किक

● रवि मिश्र



चितवनमा रास्वपा 'हाबी'



तीनै क्षेत्र जित्ने रास्वपाको दाबी, कांग्रेस, एमाले र नेकपा विरासत फर्काउने प्रयासमा

(विस्तृत पृष्ठ ३)

१२ दलका ३२ उम्मेदवारलाई आचारसंहिता उल्लंघनमा स्पष्टीकरण

● कार्यवाहक प्रमुख निर्वाचन आयुक्त **रामप्रसाद भण्डारी** भन्छन्-



आचारसंहिता उल्लंघनका घटनामा आयोगले प्रक्रिया पुऱ्याएर कारबाही गर्छ। अहिले जवाफ आउने क्रममा छ, आएका उजुरीका सन्दर्भमा प्रक्रिया पूरा गरेर आजभोलिमै निर्णय गर्छौं।



कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले १२ दलका ३२ उम्मेदवारलाई निर्वाचन आचारसंहिता उल्लंघनमा स्पष्टीकरण सोधेको छ। स्पष्टीकरण सोधिएका अधिकांशको जवाफ प्राप्त भइसके पनि आयोगले अझै कारबाही भने गरेको छैन।

स्पष्टीकरण सोधिएकामध्ये सबैभन्दा धेरै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार छन्। आयोगको तथ्यांकअनुसार रास्वपाका ११, एमालेका तीन, कांग्रेस एक, नेकपा ६, राप्रपा एक, जनमत एक, गलोपा एक, श्रम संस्कृति एक, नेपाल जनसेवा पार्टी तीन, जसपा नेपाल एक, जसपा एक, आजपाका दुईलाई स्पष्टीकरण सोधिएको छ।

आचारसंहिता उल्लंघनमा दल र उम्मेदवारलाई एक लाखसम्म जरिवानाको व्यवस्था छ। निर्वाचनको विश्वसनीयतामा असर पार्ने खालका गतिविधि प्रमाणित भयो भने ६ वर्षसम्म निर्वाचनमा रोक लगाउने र उम्मेदवारी रद्द गर्न सक्ने व्यवस्था निर्वाचन कसुर तथा सजाय ऐनमा छ। आयोगले ४ माघ रातिदेखि निर्वाचन आचारसंहिता २०८२ लागू गरेको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिता उल्लंघनका घटनामा आयोगले प्रक्रिया पुऱ्याएर कारबाही गर्ने बताए। 'जवाफ आउने क्रममा छ, आएका उजुरीका सन्दर्भमा प्रक्रिया पूरा गरेर आजभोलिमै कारबाही गर्ने तयारीमा छौं,' उनले भने।

आयोगको कानुन तथा राजनीतिक दल महाशाखा प्रमुख यज्ञ भट्टराईका अनुसार सोमबारसम्म दल, उम्मेदवार, सार्वजनिक संस्था गरी ७९ वटा स्पष्टीकरण सोधिएको छ। आधाभन्दा बढीको जवाफ पनि प्राप्त भइसकेको छ।

उनका अनुसार बाजागाजा बगाएर र बढी संख्यामा जुलुस लिएर गएको, शिक्षकहरू दल र उम्मेदवारको प्रचारमा

» पृष्ठ २ मा क्रमशः

इन्कारी जवाफ

कानुन महाशाखा प्रमुख यज्ञ भट्टराईले प्राप्त जवाफहरूमा दल तथा उम्मेदवारले आचारसंहिता उल्लंघन गरेको कुरा स्वीकार नगरेको पाइएको बताए। 'कतिपयले जुलुस र आमसभामा बोलाएको भन्दा आफैं स्वस्फूर्त आएको भनेका छन्। अब त्यस्तो हुनेछैन, गम्भीरतापूर्वक पालना गर्छौं भन्ने छ। स्विकारेको भन्दा पनि इन्कार गरेकै छन्,' भट्टराईले भने।

'फेक रेस्क्यु'मा संलग्न एउटै व्यवसायीका १० कम्पनी

सिआइबीले थाल्यो सम्पत्ति छानबिन

नवराज मैनाली/नयाँ पत्रिका



एआइजी डा. मनोज केसी
निर्देशक, सिआइबी

पर्यटकको उद्धारका नाममा भएको ठगी संगठित प्रकृतिको देखिन्छ। यस्तो अपराधमा सम्पत्ति शुद्धीकरणको कसुर पनि आकर्षित हुने भएकाले त्यसतर्फ पनि छानबिन थालेका हौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पर्यटकहरूको उद्धारको नाममा ठगी गरेको आरोपमा पक्राउ परेका पर्यटन व्यवसायी तथा अस्पताल सञ्चालकको प्रहरीले सम्पत्ति छानबिन थालेको छ। अस्वाभाविक सम्पत्ति आर्जन गरेको देखिएपछि सम्पत्ति शुद्धीकरणको कसुरमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले छानबिन थालेको हो।

सिआइबीले ६ पर्यटन व्यवसायी तथा एक चिकित्सकलाई हिरासतमा राखी अनुसन्धान गरिरहेको छ। माउन्टेन रेस्क्यु सर्भिसका सञ्चालक जयराम रिमाल, एभरेस्ट एक्सपिरियन्स एन्ड असिसटेन्स प्रालिका सुवास केसी र मुक्ति पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका रवीन्द्र अधिकारी, मास्टर हिमालय ट्रेक्सका विवेक पाण्डे, नेपाल चार्टर सर्भिसका अपरेसन म्यानेजर विवेक थपलिया र श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक डा. गीर्वाणराज तिमिल्सिनाले केही वर्षमै अस्वाभाविक सम्पत्ति आर्जन गरेको प्रारम्भिक छानबिनमै भेटिएको प्रहरीले जनाएको छ। त्यो सम्पत्ति पर्यटकको उद्धारका नाममा भएको ठगीबाट आर्जन गरिएको सिआइबीको आशंका छ।

पर्यटकको उद्धारका नाममा हुने ठगीमा रेस्क्यु कम्पनी, ट्रेकिङ कम्पनी, हेलिकोप्टर कम्पनी र अस्पतालको मिलेमतो रहेको सिआइबीको अनुसन्धानले देखाएको छ। यसमा मुछिएका व्यक्तिहरूको यी सबै क्षेत्रमा लगानी छ। सबै क्षेत्रमा आफ्नै

» पृष्ठ २ मा क्रमशः

बढ्दै छ दुर्घटना, हुँदैन 'रोड सेफ्टी अडिट'

दुर्घटना रोक्न भन्दै सडक सुरक्षा परिषद् गठन गरेको ११ वर्ष भयो, तर कानुन नबन्दा अलपत्र

टेकराज थामी/नयाँ पत्रिका

देशभर हरेक वर्ष सरदर २४ हजार चार सय सवारी दुर्घटनामा दुई हजार पाँच सयले ज्यान गुमाउँछन्। दैनिक हिसाब निकाल्दा सरदर ६८ दुर्घटना हुने र ६ जनाले ज्यान गुमाउने गरेको अवस्था छ। यी दुर्घटनाबाट राज्यले वार्षिक १६ अर्बभन्दा धेरै आर्थिक क्षति व्यहोर्छ। यसका पछाडि सडक, सवारीसाधन, चालक र अन्य अवरोधलगायत मुख्य कारण देखिन्छन्। त्यसैले दुर्घटना न्यूनीकरण गर्न 'रोड सेफ्टी अडिट' अत्यावश्यक पाटो हो। तर, यो काम नै हुन सकेको छैन।

'रोड सेफ्टी अडिट' भनेको सडकको सुरक्षा परीक्षण हो। दुर्घटना निम्त्याउन सडकमा के-के कमजोरी छन् र कसरी सुधार गर्ने भन्ने निर्क्योल 'रोड सेफ्टी अडिट'ले निकाल्छ। तर, दुर्घटना न्यूनीकरणका लागि योलगायत काम गर्न भन्दै गठन गरिएको सडक सुरक्षा परिषद् नै कानुन अभावमा ११ वर्षदेखि अलपत्र छ। सरकारले परिषद् सञ्चालनका लागि न कानुन बनाइदिएको छ, न बजेट नै विनियोजन गरिदिएको छ। परिषद्को क्षेत्राधिकार समेटेर विधेयक बनाए पनि कानुनी मान्यता नपाउँदा समस्या भएको छ।

नेपाल प्रहरीका पूर्वडिआइजी केशव अधिकारी 'रोड सेफ्टी अडिट' नहुनु नै बारम्बार दुर्घटनाको मुख्य कारण भएको औँल्याउँछन्। मुलुकभर हुने दुर्घटनामा प्रत्येक दिन ५ देखि ६ जनाले ज्यान गुमाउँछन्। ठुला दुर्घटनापिच्छे सरकारले समिति गठन गर्छ। प्रत्येक समितिले रोड सेफ्टी अडिटका कुरा उठाउँछन्। तर, सरकारले समितिका सुझावअनुसार काम गर्दैन। जसकारण दुर्घटना बढिरहेका छन्।

सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति बनाई दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको मन्त्रिपरिषद्ले सडक सुरक्षा परिषद् गठन गरेको थियो। तर, सरकारले परिषद् सञ्चालनका लागि न कानुन बनाइदियो, न बजेट नै विनियोजन गरिदियो। यतिसम्म कि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा राखिएको कार्यालयमा परिषद्को सचिवालय सञ्चालनका लागि कर्मचारीसमेत छैनन्।

दुई वर्षअघि सिमलताल बस दुर्घटनासम्बन्धी गठित छानबिन समितिले पनि दुर्घटना न्यूनीकरणका लागि राष्ट्रिय सडक सुरक्षा परिषद् स्थापना गर्नुपर्ने सुझाव पेस गरेको थियो। जसका लागि राष्ट्रिय सडक सुरक्षा नीति नै तर्जुमा गरिनुपर्ने प्रतिवेदनमा उल्लेख थियो। विगतमा गठन भएका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिव सरोज सिटौला नेतृत्वको समितिदेखि नेपाल प्रहरीका पूर्वआइजिपी कुवेरसिंह राना संयोजकत्वको छानबिन समितिले समेत यस्तै सुझाव दिएका थिए। तर, हालसम्म कानुन बन्न नसक्दा सबै सुझाव अलपत्र बनेका छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता इन्जिनियर रामहरि पोखरेलले सडक सुरक्षासँग सम्बन्धित कानुन निर्माणको प्रक्रियामै रहेको बताए। 'हामीकहाँ सडक सुरक्षा परिषद् गठन गर्ने विषयमा विगतदेखि नै बहस चल्दै आएको छ। तर, कानुन बनेको छैन। सानो तहको परिषद् त छ, तर त्यसले खासै काम गर्न सकेजस्तो लाग्दैन,' उनले भने, 'परिषद्लाई चलाउने कानुन चाहिन्छ। विगतको क्याबिनेटमा त्यसको ड्राफ्ट पुगेको जानकारीमा छ। पछिल्लो सूचना भने जानकारीमा भएन।'

कानुन अभावले परिषद् सञ्चालनमा अवरोध आएपछि भौतिक मन्त्रालयले तत्कालीन सरकारलाई पटक-पटक जानकारी गरायो। कानुनको मस्यौदा तयार गरेर स्वीकृतिका लागि सरोकारवाला मन्त्रालयमा पेस पनि गर्‍यो। तत्कालीन संसद्को विकास समितिमा समेत यो विषय जोडतोडका साथ उठ्यो। कानुन बनाउन समितिले सरकारलाई निर्देशन पनि दियो। तर, कानुन निर्माणतर्फ सरकारको ध्यान गएन।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक सुरक्षा परिषद्का लागि आवश्यक कानुन समेटिएको विधेयक स्वीकृतिका लागि २३ असोज ०८० मै अर्थ मन्त्रालयमा पेस गरेको थियो। अर्थले करिब चार महिना थन्क्याएर २० पुस ०८० मा उक्त विधेयक भौतिक मन्त्रालयमै फर्काइदियो।

'सडक सुरक्षा परिषद्सम्बन्धी संरचनात्मक व्यवस्थाको दफा ३९ मा प्रस्ताव गरिएको कार्यकारी निर्देशक र दफा ४२ मा प्रस्ताव गरिएको कर्मचारीसम्बन्धी व्यवस्थालगायत संरचनात्मक प्रावधानहरूले नेपाल सरकारलाई दीर्घकालीन दायित्व सिर्जना गर्ने देखिएकाले ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं ५० र हाल स्रोतसमेतलाई मध्यनजर गरी नेपाल सरकारलाई दीर्घकालीन दायित्व सिर्जना गर्ने गरी नयाँ संरचना र थप दरबन्दी सिर्जना नगर्ने,' विधेयक फिर्ता पठाउनुको कारण देखाइएको थियो।

यस्तो छ भौतिक तथा यातायात मन्त्रालयले अर्थ मन्त्रालयमा पेस गरेको सडक सुरक्षा परिषद्सम्बन्धी विधेयक

भौतिक तथा यातायात मन्त्रालयले सडक सुरक्षा परिषद् छुट्टै ऐनअन्तर्गत सञ्चालन हुनुपर्ने भन्दै आएको छ। सोहीअनुसार भौतिकले परिषद्का लागि छुट्टै ऐन बनाएको थियो। तर, पछि कानुन मन्त्रालयले सडक सुरक्षा परिषद् सार्वजनिक सडक ऐनअन्तर्गत नै समेटिनुपर्ने राय दियो। सोहीअनुसार भौतिकले 'सार्वजनिक सडक ऐन ०८०' को विधेयक तयार गर्‍यो र परिषद्लाई सोही विधेयकअन्तर्गत समावेश गर्‍यो।

प्रस्तावित विधेयकमा परिषद्को नेतृत्व भौतिकमन्त्रीले गर्ने भनिएको छ। जसमा सदस्य सोही मन्त्रालयका सचिवसहित अर्थ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह, सहरी विकास र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रहने भनिएको छ। त्यसबाहेक सडक सुरक्षाको क्षेत्रमा विज्ञता हासिल गरिएको एक विज्ञ पनि सदस्य रहने भनिएको छ।

परिषद्ले गर्ने मुख्य काममा सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति निर्धारण गर्ने, सडक सुरक्षासँग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्न र आवश्यक सुधार गर्न संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने, सडकको प्रकृति र प्रकारबमोजिम सडक दुर्घटना रोकथाम र न्यूनीकरणका उपायहरू सम्बन्धित तहलाई लागू गर्न सिफारिस गर्ने भनिएको छ। त्यस्तै, परिषद्को वार्षिक बजेट तथा कार्यक्रमहरू स्वीकृत गर्ने, सडक सुरक्षासम्बन्धी नीति, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्यकारी निर्देशकलाई निर्देशन दिने, सडक सुरक्षासम्बन्धी काम गर्ने विदेशी तथा अन्तर्राष्ट्रिय संघ-संस्था तथा निकायसँग नेपाल सरकारको स्वीकृतिमा सम्बन्ध स्थापना गरी आपसी हितमा काम गर्ने जिम्मेवारी पनि परिषद्लाई तोकिएको छ।

परिषद्को अन्य कार्यक्षेत्रमा सडक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबिच आवश्यक समन्वय गर्ने, सडक सुरक्षासँग सम्बन्धित विषय सरोकारवाला निकायले पालना गरे/नगरेको सम्बन्धमा अनुगमन गर्ने/गराउने, परिषद्को कार्यसञ्चालनका लागि आवश्यक कर्मचारी प्रशासन तथा आर्थिक प्रशासनसम्बन्धी विनियम बनाई स्वीकृतिका लागि मन्त्रालयसमक्ष पेस गर्ने व्यवस्था पनि विधेयकमा उल्लेख छ।

यसबाहेक संघ, प्रदेश तथा स्थानीय तहबाट आ-आफ्नो क्षेत्रभित्रको सडकको रेखांकन, डिजाइन, निर्माण तथा सञ्चालनको प्रत्येक चरणमा सडक सुरक्षा परीक्षण गराउने तथा गरे/नगरेकोबारे अनुगमन गर्ने, सबै तह तथा निकायहरूबाट सडक निर्माण वा मर्मत-सम्भार वा अन्य संरचनाको निर्माण वा विकास गर्दा कार्यस्थलको सुरक्षा (वर्क जोन सेफ्टी) को व्यवस्था गर्ने, सुरक्षित आवागमनको सुनिश्चितता गर्ने र अनुगमन गर्ने जिम्मेवारी परिषद्को हुने उल्लेख छ। त्यस्तै, राष्ट्रिय सडक सुरक्षा कार्ययोजनाअनुसारका कार्यहरू कार्यान्वयनमा समन्वय तथा अनुगमन गर्ने र सडक सुरक्षासम्बन्धी मापदण्ड, कार्यविधि, निर्देशिका आदिसहित योजना, कार्ययोजना तयार गर्ने, कार्यान्वयनमा सहयोग गर्ने, अनुगमन गर्ने पनि विधेयकमा व्यवस्था गरिएको छ।

सडक दुर्घटना रोक्न सार्वजनिक सडक तथा सडकवरपर सवारीसाधन राख्ने, जनावर छोड्ने, अवरोध आउने संरचनाहरू ब्यानर, डिस्प्ले बोर्ड, होर्डिङ बोर्ड, टेन्ट, प्ल्याटफर्म, रोस्ट्रम, शालिक बनाउने कार्यको रोकथाम गर्न, जनावर तथा सवारीसाधनको आवागमन रोक्न, सडकको छेउछाउमा भएका रुख, स्ट्रक्चर र घरहरूको निर्माण रोक्ने व्यवस्था गर्न पनि विधेयकमा भनिएको छ।

सडक दुर्घटनाको उद्धार तथा उपचारका लागि संघ, प्रदेश तथा स्थानीय सडकमा उपयुक्त दूरीको अन्तरमा सडक एम्बुलेन्स सेवा र स्वास्थ्यसम्बन्धी व्यवस्था गर्न, प्रत्येक प्रदेशमा आवश्यकताअनुसार राष्ट्रिय लोकमार्गमा पर्ने सहरी क्षेत्रमा आधुनिक ट्रमा सेन्टरको स्थापना गर्ने व्यवस्था विधेयकमा उल्लेख छन्।

४६ को मृत्यु...

पृष्ठ १ बाट क्रमशः

दुर्घटना हुँदा १५ यात्रु घाइते भएका छन्। त्यस्तै, १६ माघमा दाङबाट काठमाडौं आउँदै गरेको बस मुग्लिन-नारायणगढ खण्डमा दुर्घटना हुँदा ३८ यात्रु घाइते भएका थिए। दुर्घटनाको निरन्तरतामा आइतबार राति ठुलो मानवीय क्षतिसहित अर्को दुर्घटना थपियो। धादिङ प्रहरीका डिएसपी प्रकाश दाहालका अनुसार पोखराबाट काठमाडौं आउँदै गरेको ग.२ख १४२१ नम्बरको रात्रिबस त्रिशूली किनारमा खस्दा १७ जनाको घटनास्थलमै र थप दुईजनाको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचारका क्रममा ज्यान गएको हो। थप २५ घाइतेको उपचार भइरहेको छ। बसमा ४४ जना थिए।

रातको समय भए पनि तत्काल उद्धारमा लाग्दा धेरै घाइतेलाई उद्धार गर्न सफल भएको डिएसपी दाहालले बताए। 'राति सवा एक बजे दुर्घटनाको खबर पाएपछि उद्धारमा खटियौँ। सडकबाट खसेको बस नदीकिनारमा पुगेको थियो। अप्ठ्यारो ठाउँमा दुर्घटना भएकाले उद्धारमा निकै समस्या भयो,' उनले भने, 'घाइतेलाई घटनास्थलबाट सिधै माथि ल्याउन सम्भव थिएन। तीनवटा बोटको सहायताले उद्धार गरियो।' घटनास्थलको अवस्था हेर्दा ओभरस्पिडका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान लगाइए पनि थप अनुसन्धान भइरहेको डिएसपी दाहालले बताए।

सोमबार जिल्लाका सबै सुरक्षा निकायका प्रमुखसहित सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना, निर्वाचन प्रहरी र स्थानीयहरू उद्धारमा खटिएका थिए। देशकै लाइफलाइन मानिने पृथ्वी राजमार्ग ६८ भन्दा धेरै जिल्लालाई संघीय राजधानीसँग जोड्ने मुख्य मार्ग हो। यो खण्डमा हरेक वर्ष ठुला दुर्घटना भइरहेको छ।

डिएसपी दाहालका अनुसार दुर्घटनामा धादिङ त्रिपुरासुन्दरी गाउँपालिका- ४ का ३० वर्षीय इन्जिनियर ठकुरी, पोखरा महानगरपालिकाका- ३ का ४० वर्षीय विवेक बाँस्तोला, स्याङ्जाको वालिङ नगरपालिका- १४ का ६३ वर्षीय चन्द्रबहादुर कुँवर, स्याङ्जाकै पुतलीबजार नगरपालिका- ६ का ४५ वर्षीय धनश्याम सुवेदी, तनहुँको व्यास गाउँपालिका- ४ का ४० वर्षीय ओमकुमार मल्ल, काठमाडौं महानगरपालिका- ६ बौद्ध टुसालका ४२ वर्षीय लोप्साङ गोले, काठमाडौं- ३२ बुद्धनगरकी ३३ वर्षीया अनिशा महर्जन र पाल्पा तानसेन नगरपालिका- २ का ५५ वर्षीय नवीन्द्र श्रेष्ठको मृत्यु भएको छ। त्यस्तै, तनहुँको शुक्लागण्डकी गाउँपालिका- ७ की ५५ वर्षीया विष्णुमाया ढकाल, शुक्लागण्डकी- ७ का ६३ वर्षीय रुद्रप्रसाद ढकाल, वडा नं. २ की २० वर्षीया अर्चना पौडेल र तनहुँकै भीमाद नगरपालिका- ६ का ४५ वर्षीय हरिप्रसाद सिग्देलको पनि मृत्यु भएको छ।

अन्य मृतकमा कास्कीको माछापुच्छ्रे गाउँपालिका- ३ का २१ वर्षीय रोहित नेपाली, पोखरा महानगरपालिका- १४ की २१ वर्षीया अञ्जली क्षेत्री, सोही पालिका वडा नं. १९ का २६ वर्षीय सुजित नेपाली र मोरङ उर्लाबारी- १ की २७ वर्षीया हिरा चौधरी छन्। त्यस्तै, ज्यान गुमाएका तीन विदेशी नागरिकहरू बेलायती २४ वर्षीय स्टेवार्ट डोमिनिक इथान, चिनियाँ ४० वर्षीय चाङ चुङचङ र भारतीय ३२ वर्षीय मनीष शुक्ला छन्।

त्यस्तै, दुर्घटनाको विषयमा छानबिन गर्न गृह मन्त्रालयले सहसचिव ऋषिराम तिवारीको अध्यक्षतामा छानबिन समिति गठन गरेको छ। समितिको सदस्यमा नेपाल प्रहरीका एसएसपी भुवनेश्वर तिवारी, सशस्त्र प्रहरी बलका एसएसपी भरत खनियाँ, सडक विभागका सिडिई राकेश महर्जन र मन्त्रालयका उपसचिव वर्तमान पौडेल सदस्यसचिव छन्। समितिलाई एक साताको समय दिइएको मन्त्रालयका सहायक प्रवक्ता रमा आचार्यले जानकारी दिइन्। दुर्घटनाको कारण पत्तालगाई दीर्घकालीन समाधानको उपाय सुझाउन समितिलाई जिम्मेवारी दिइएको छ।

घाइतेको बयान- चालकले तीव्र गतिमा हाँकिरहेका थिए, यात्रुसँग गफमा मस्त थिए

तनहुँका मनबहादुर मगर वैदेशिक रोजगारीमा जानका लागि आइतबार राति पोखराबाट आउँदै गरेको बस चढे। सोमबार बिहान ९ बजे नै कुवेतको फ्लाइट थियो। उनका अनुसार बस खचाखच थियो, तर आफूले अग्रिम टिकट लिएकाले सिट सुरक्षित थियो। बस दुर्घटना हुँदा उनी निदाइसकेका रहेछन्।

'मुग्लिननजिकै खाना खाइसकेपछि अधिकांश यात्रुहरू निदाउन थालेका थिए, म पनि निदाउने र व्युँझने गरिरहेको थिएँ,' उनले भने, 'बस बेस्सरी ठोक्किएको आवाज आएपछि झल्याँस्स भएँ। बसका पार्टपुर्जा र सिट एक्कासि छरिएको देखेँ। आफू कहिले यता, कहिले उता ठोक्किएँ। अरूको पनि अवस्था त्यस्तै थियो। धन्न बसमुनि परिनँ र ज्यान बच्यो।'

उछिट्टिएर बगरमा पछारिएका मनबहादुर आफूले नै प्रहरीलाई फोन गरेर दुर्घटनाबारे जानकारी गराएको बताउँछन्। तर, त्यसको एक घण्टापछि मात्रै प्रहरी आइपुगेको उनको भनाइ छ।

याङ्जी शेर्पा र उनका श्रीमान् लोप्साङ लामा चालकको ठिक पछाडिका दुई सिटमा बसेका थिए। काठमाडौंको बौद्धमा बस्ने उनीहरू पोखरा घुमेर फर्किँदै थिए। याङ्जीले दुर्घटनामा श्रीमान् गुमाइन्। याङ्जीका अनुसार मुग्लिन कटेपछि बसको गति निकै तीव्र थियो, चालक अगाडि बसेका अन्य यात्रुसँग गफमा मस्त थिए। बसको गतिले आफ्नो मनमा ढुकढुकी बढ्दाबढ्दै दुर्घटना भएको उनले बताइन्।

'चालकले तीव्र गतिमा बस हाँकिरहेका थिए, अन्य यात्रुतिर हेर्दै गफमा मस्त थिए। मलाई छटपटी भयो। एकपटक चालकलाई सम्झाउँछु भनेर श्रीमान्सँग सल्लाह पनि गरेँ। तर, उहाँले छाडिदेऊ भन्नुभयो। केहीबेरमा यत्रो दुर्घटना भयो, श्रीमान् नै गुमाउनुपर्‍यो,' ट्रमा सेन्टरको इमर्जेन्सी कक्षमा उपचाररत उनले भनिन्।

आफू सामान्य घाइते मात्रै भएकी याङ्जीले बगरभन्दा केही माथि छटपटाइरहेको श्रीमान्लाई देखिन्। नजिक गइन्, सिपिआर दिइन्। करिब एक घण्टाजति श्रीमान्ले सास फेरिरहेका थिए। तर, उद्धार नभएपछि उनी बगरमै अस्ताएको याङ्जीले बताइन्। उद्धारमा भएको ढिलाइका कारण धेरै घाइतेले ज्यान गुमाएको उनको भनाइ छ। याङ्जीका दुई छोरा अमेरिकामा छन्।

तनहुँका सोमकुमार मल्लका बाबु-छोरा पनि बसका यात्रु थिए। छोरा सुविनलाई विदेश पठाउने प्रक्रिया मिलाउन उनीहरू काठमाडौं आउँदै थिए। मस्त निद्रामा रहेका सोमकुमार ब्युँझिँदा त्रिशूलीको बगरमा चोटैचोट लागेको हालतमा पुगिसकेका थिए। अरू पनि आफ्ना वरिपरि छरिएका देखे, कोही भिरमा अड्किएका थिए। घाइते छोरालाई पनि केही पर देखे।

'बस कसरी खस्यो थाहा पाइनँ, सिधै बगरमा पुगेपछि म ब्युँझिएँ। बसको सिटले थिचिरहेको थियो, जसोतसो निस्किएर बगरमा धेरैबेर बसेँ,' ट्रमा सेन्टरमा उपचाररत उनले भने, 'मेरो टाउकोमा चोट लागेको छ, छोरालाई पनि टाउको र हातमा चोट लागेको छ। सुविनको भने कलंकीको नेसनल अस्पतालमा उपचार भइरहेको छ।

पोखराबाटै बस चढेका सलिना परियार र सदीक्षा हमालको पनि ट्रमा सेन्टरमा उपचार भइरहेको छ। उनीहरू अन्तिम सिटमा बसेका थिए। खाना खाइसकेपछि निदाएका उनीहरूले दुर्घटना भएको बगरमा खसेपछि मात्रै थाहा पाएको बताए।

घाइतेको अवस्था छुट्याएर उपचार

दुर्घटनामा घाइते भएकाहरूको उद्धारपछि सुरुमा धादिङकै नेसनल प्राथमिक अस्पतालमा उपचार गराइएको थियो। अवस्था हेरेर घाइतेहरूलाई थप उपचारका लागि काठमाडौं पठाइएको थियो। १५ घाइतेलाई ट्रमा सेन्टरमा रेफर गरिएकोमा गम्भीर अवस्थाका घनश्याम सुवेदीको बाटैमा ज्यान गएको थियो। अन्य १४ घाइतेमध्ये चिनियाँ नागरिक निस्सी हाउ, पूजा फुयाँल, नर्वो कल्देन, स्वर्णिमा खत्री, मनबहादुर थापा, प्रदीप लामिछाने, सोमकुमार मल्ल, सलिना परियार, सदीक्षा हमाल, कृतिराज मानन्धर र याङ्जी शेर्पाको अवस्था सामान्य छ। विवेक मानन्धर उपचारपछि डिस्चार्ज भएका छन् भने सुकुमाया श्रेष्ठको आइसियूमा उपचार भइरहेको छ। अस्पतालले बिरामीको अवस्था मूल्यांकन गरेर उपचार गरेको जनाएको छ।

नातिको रेखदेख गर्न काठमाडौं हिँडेका दम्पतीको दुःखान्त



तनहुँको शुक्लागण्डकी नगरपालिका- ७, कुम्लेखोला स्वाँराटोलका ६० वर्षीय रुद्रप्रसाद ढकाल र उनकी पत्नी ५५ वर्षीया विष्णुमाया नातिको हेरचाहका लागि भनेर काठमाडौं हिँडेका थिए। तर, दुर्घटनामा परेका उनीहरू बाटैमा अस्ताए।

छोरा वैदेशिक रोजगारीमा रहेका ढकाल दम्पतीका बुहारी र नाति काठमाडौंमा बस्थे। बुहारी जागिरे भएका कारण नातिको रेखदेख गर्न उनीहरू काठमाडौं आउँदै थिए। 'बुहारी जागिरमा जानुपर्ने भएकाले नातिको हेरचाह गर्न सानीआमा काठमाडौं जानुपर्ने भयो। साँझ एक्लै के पठाउने भनेर सानीआमालाई पुर्‍याउन सानोबुबा पनि जानुभयो। तर, काठमाडौं नपुग्दै बस बाटोमै दुर्घटना दुवैजना गुमाउनुपर्‍यो,' विष्णुमायाका दिदीका छोरा दीपक पौडेलले भने। ढकाल दम्पतीको मृत्युपछि स्वाँराटोल शोकमा डुबेको छ। वडाध्यक्ष खड्कसिंह थापाका अनुसार ढकाल शिव पञ्चायन निर्माण समितिका अध्यक्ष पनि थिए। समितिले मन्दिर निर्माणको काम गरिरहेको थियो।

१२ दलका...

पृष्ठ १ बाट क्रमशः

लागेको, स्थानीय तहको जनप्रतिनिधि कार्यस्थलमै प्रचारमा हिँडेको, जिन्सी वितरण गरेको, द्वेषपूर्ण अभिव्यक्ति दिएको, बालबालिकाको प्रयोग गरेको, टिसर्ट प्रयोगलगायत उल्लंघनका उजुरीमा स्पष्टीकरण सोधिएको हो।

कसलाई कति स्पष्टीकरण ?

रास्वपालाई ११ स्पष्टीकरण : आयोगले रास्वपा झापा ५ का उम्मेदवार बालेन्द्र शाहलाई प्रतिस्पर्धी उम्मेदवार केपी ओली हत्यारा भएकाले सार्वजनिक बहसमा सहभागी हुन्न भन्ने प्रतिक्रिया सम्बन्धमा, दोलखाका उम्मेदवार जगदीश खरेललाई मनोनयन दर्ता गराउँदा दलको झन्डा प्रयोग गरेको र २५ जनाभन्दा बढी व्यक्ति गएकोमा, ओखलढुंगाका उम्मेदवार विश्वराज पोखरेललाई मनोनयन दर्ता गर्न जाँदा बाजागाजा बजाएको, बाँके ३ का खगेन्द्र सुनारलाई राष्ट्रिय जनावरको अपमान गरी समाज भड्काउने अभिव्यक्ति दिएको, बाजुराका उम्मेदवार हेमराज थापालाई बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका सम्बन्धमा अपमानजनक, धम्कीपूर्ण र अपशब्दयुक्त अभिव्यक्ति दिएको, खोटाङका उम्मेदवार रुद्र गिरीलाई फ्लेक्स र झन्डा बढी प्रयोग गरेको तथा २५ जनाभन्दा बढीको जुलुस लगिएको, धादिङ १ की उम्मेदवार आशिका तामाङलाई पठनपाठन अवरोध गरी विद्यार्थीसँग नाचगान गर्दै प्रचारमा बालबालिका प्रयोग गरेको, काठमाडौं ६ का उम्मेदवार शिशिर खनाललाई विद्यालय पोसाकमै बालबालिकालाई प्रयोग गरेको, धादिङ १ की आशिका तामाङलाई बालबालिका जम्मा गरी प्रचार गरेको दोस्रो स्पष्टीकरण र रास्वपा सर्लाही ४ का उम्मेदवार अमरेश सिंहलाई प्रचारमा बालबालिका सामेल गरेको भन्दै आयोगको स्पष्टीकरण सोधेको छ। यसैगरी, दाङमा एमालेको झन्डा जलाइएको सन्दर्भमा रास्वपा जिल्ला सभापतिलाई सोधिएको छ।

एमाले ३ : एमाले भक्तपुर २ का उम्मेदवार महेश बस्नेतलाई मधेशी समुदायको संस्कृति र पहिचानमाथि प्रहार गरेको, एमाले बैतडी उम्मेदवार दामोदर भण्डारीलाई सरकारी गाडीमा दलको झन्डा राखेर चुनाव प्रचार गरेको, एमाले काठमाडौं १ का उम्मेदवार मोहनराज रेग्मीलाई बल्क मेसेज प्रणाली प्रयोग गरी आफ्नो प्रचार गरेको भन्दै स्पष्टीकरण सोधिएको छ।

कांग्रेस १ : कांग्रेस गोरखा १ का उम्मेदवार प्रेमकुमार खत्रीलाई नाचगान र बाजागाजासहित ठुलो जुलुस निकालेको भन्दै स्पष्टीकरण सोधिएको छ।

नेकपा ६ : नेकपा रुकुम पूर्वका उम्मेदवार पुष्पकमल दाहाल प्रचण्डलाई सहिद परिवारबाट एक लाख पाँच सय रुपैयाँ प्राप्त गरेको भन्दै स्पष्टीकरण सोधिएको छ। नेकपा जाजरकोटमा उम्मेदवार शक्तिबहादुर बस्नेतलाई मनोनयनका क्रममा बाजागाजा बजाउने सदस्यलाई पैसा वितरण गरेको, नेकपा सिन्धुपाल्चोक १ का उम्मेदवार माधव सापकोटालाई आचार-संहिताविपरीत निर्वाचन कार्यालयबाहिर आफ्नो दलको निर्वाचन चिह्न पेन्ट गरेर राखेको, नेकपा समानुपातिक उम्मेदवार मंगलसिंह प्रजालाई रेणु दाहालले हारे अर्को युद्ध हुन्छ, चितवनलाई आगो लगाउँछौं भन्ने अभिव्यक्ति दिएको, नेकपा रोल्पा १ का उम्मेदवार वर्षमान पुनलाई विद्यालयपरिसरमा नाचगान तथा बाजागाजा बजाएको, नेकपा सिराहा ३ का उम्मेदवार विश्वनाथ साहलाई विद्युत् पोलमा पार्टीको झन्डा बाँधेको भन्दै स्पष्टीकरण सोधिएको छ। नेकपा सिन्धुपाल्चोकलाई पनि स्पष्टीकरण सोधिएको छ।

राप्रपा १ : राप्रपा काठमाडौं ४ का उम्मेदवार सुरेन्द्र भण्डारीलाई यौनिक अल्पसंख्यक समुदायलाई होच्याउने अभिव्यक्ति दिएको भन्दै स्पष्टीकरण सोधिएको छ।

जनमत १ : जनमत सप्तरी २ का उम्मेदवार सिके राउतलाई सार्वजनिक स्थानमा आफ्नो निर्वाचन चिह्न झन्डाको तोरण बनाई प्रदर्शन गरेको भन्दै स्पष्टीकरण सोधिएको छ।

गलोपा १ : गलोपा काठमाडौं ५ की उम्मेदवार निशा अधिकारीलाई विदेशमा रहेका नेपालीलाई क्युआर कोड पठाई आफ्नो अभियानलाई सहयोग गर्न सूचना पठाएको भन्दै सोधिएको छ।

श्रम संस्कृति १ : हर्क साम्पाङको श्रम संस्कृति पार्टीलाई प्रचारमा बालबालिका प्रयोग गरेको भन्दै स्पष्टीकरण सोधिएको छ।

नेपाल जनसेवा ३ : नेपाल जनसेवा पार्टी भक्तपुर २ उम्मेदवार शोभा पाठकलाई प्रतिस्पर्धी उम्मेदवारविरुद्ध भ्रामक बोलेको, रुपन्देही २ का जनसेवा पार्टीका उम्मेदवार निकोलस भुसाललाई जेन-जी आन्दोलनको आइकोनिक जुत्ता दुरुपयोग गरेको, जनसेवा पार्टीको उम्मेदवार जानुका पाठकलाई जेन-जी जुत्ता आफ्नो चिह्न भनी प्रयोग गरेको भनी सोधिएको छ।

जसपा २ : जसपा नेपालका उम्मेदवार अशोक टमानीलाई आचार-संहिताविपरीत कपडा वितरण गरेको, जसपा रुपन्देही १ का उम्मेदवार मोहम्मद असलाम खाँलाई बालबालिका प्रयोग गरेकोमा सोधिएको छ।

आजपा १ : आम जनता पार्टी रौतहटलाई जुलुसमा बालबालिका सामेल गरेको, आजपा रौतहट ४ का उम्मेदवार ऋषि धमलालाई आफ्नो चुनावमा बालबालिका सामेल गरेको भनी स्पष्टीकरण सोधिएको छ।

दुर्गा प्रसाईंका...

पृष्ठ १ बाट क्रमशः

'पूर्वराजा ज्ञानेन्द्र शाहको अभिव्यक्तिपछि केही समूहहरू चुनाव भाँड्न सकिन्छ कि भनेर लागेको देखिन्छ,' एक उच्च सुरक्षा अधिकारी भन्छन्, 'त्यस्ता सबै समूहको पहिचान गरी निगरानी र कारबाही प्रक्रिया अघि बढाइसकेका छौं।'

प्रजातन्त्र दिवसको अवसरमा भिडियो सन्देश जारी गर्दै पूर्वराजा शाहले राष्ट्रिय सहमति गरेर मात्र निर्वाचनमा जानुपर्ने भन्दै निर्वाचनको विपक्षमा धारणा राखेका थिए। उनको अभिव्यक्तिपछि केही राजावादी निर्वाचनविरोधी गतिविधिमा संलग्न भएको सुरक्षा निकायको रिपोर्ट छ।

प्रहरीले यही आरोपमा दुर्गा प्रसाईं, धर्मेन्द्र बाँस्तोला, ऋषि कट्टेल, एसपी साहलगायत व्यक्तिलाई थुनामै राखेर अनुसन्धान गरिरहेको छ। पशुपति खड्का, सन्तोष राजावादीलगायत व्यक्तिलाई प्रहरीले निगरानी थालेको छ। केही उग्र पहिचानवादी समूहलाई पनि चुनौतीका रूपमा राखेर प्रहरीले उनीहरूको गतिविधि नियालिरहेको छ।

उपत्यकाबाट नौ हजार प्रहरी खटिए

विभिन्न जिल्लामा थप मद्दतका लागि उपत्यकामा कार्यरत नौ हजार प्रहरी खटिएका छन्। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा भेला गरेर प्रहरीलाई विभिन्न जिल्लामा खटाइएको हो।

उपत्यकाबाट करिब १२ हजार प्रहरी निर्वाचनमा सहयोग गर्न खटाउने निर्णय भइसकेको छ। कार्यालयमा अत्यावश्यकबाहेक सबै जनशक्तिलाई निर्वाचनमा परिचालन गरिएको प्रहरी प्रवक्ता अविनारायण काफ्लेले बताए। उच्च प्रहरी अधिकारीलाई पनि विभिन्न जिल्लामा अनुगमन गर्ने गरी खटाउने तयारी भइरहेको छ।

आशा बोकेर...

पृष्ठ १ बाट क्रमशः

हटाओस्,' भन्ने उनीहरूको अपेक्षा छ। सुदूरपश्चिममा रोजगारीका अवसर नहुँदा कामको खोजीमा भारत जानेको संख्या ठुलो छ। काम गर्न सक्ने उमेरका धेरै नेपाली भारतीय रोजगारीमा छन्। आगामी निर्वाचनपछि बन्ने सरकारले देशको अवस्था फेर्ला र आफूहरूजस्तै आफ्ना सन्ततिले कामको खोजीमा भारत जानुपर्ने बाध्यता अन्त्य होला भन्ने आशा भारतबाट फर्कनेहरूले गरेका छन्।

धनगढी उपमहानगरपालिका-१४, फूलबारीका विक्रम विक मताधिकार प्रयोग गर्न मुम्बईबाट सोमबार स्वदेश फर्किए। होटेलमा कुकको काम गर्ने उनले परिवारमा भेटघाट हुने भएकाले पनि चुनावको मौकामा फर्किएको सुनाए। एक वर्षपछि घर आएका विक चुनाव सकिएपछि काममा फर्कने योजनामा छन्। 'गाउँमा साथीहरूले पनि भोट हाल्न आउनुपर्‍यो भनिरहेका थिए, यही मौकामा घरमा भेटघाट पनि हुन्छ भनेर फर्किएँ। धेरै दिन बिदा छैन, चुनावपछि फर्किनुपर्छ,' सोमबार त्रिनगर नाकामा भेटिएका चौधरीले सुनाए।

कैलालीकै गोदावरी नगरपालिका-३, चौकीडाँडाका प्रेम भण्डारीलाई चुनावपछि देशको अवस्था केही परिवर्तन होला भन्ने आशा जागेको छ। त्यही आशा बोकेर भारतको केरलामा होटेलको कामबाट बिदा मागेर उनी मतदान गर्न घर फर्किएका छन्।

जेन-जी आन्दोलनपछि नेताहरूले चेतेका होलान् भन्ने उनको बुझाइ छ। 'देशमा यत्रो आन्दोलन भयो। यसपालिको चुनावपछि अवस्था केही परिवर्तन होला भन्ने लागेको छ,' त्रिनगर नाकामै भेटिएका भण्डारीले भने, 'हामीलाई अब यहीँ रोजगारी मिलोस्, घरपरिवार छोडेर सामान्य कामका लागि अर्काको देश जान नपरोस् भन्न चाहन्छु।'

बझाङको केदारस्यूँ गाउँपालिका-८, सुकानाउलाका २२ वर्षीय सुनील बोहरा भारतमा गएर काम गर्न थालेको सात वर्ष भयो। गरिबीका कारण १५ वर्षकै उमेरमै पढाइ छोडेर उनी काम खोज्न भारत छिरे। भारत उत्तरप्रदेशको गोरखपुरमा होटेलमा काम गर्ने बोहरा देशमा केही परिवर्तन होला भनेर नै दुई हप्ताको छुट्टी लिएर चुनावमा घर आएको बताउँछन्। पार्टीभन्दा पनि काम गर्न सक्ने व्यक्तिलाई मत दिने उनले सुनाए।

'हामीजस्ता युवाले सामान्य कामका लागि विदेश जान नपरोस्, सरकारले क्षमताअनुसार यही काम देओस्,' बोहराले भने, 'देशमा विकास र युवालाई रोजगारी चाहिएको छ।' घरमा आमाबुवासँगै रहेका तीन भाइलाई पढाउन पनि आफू भारत गएको बताउँदै उनले थपे, 'भाइहरू पनि पढेपछि रोजगारी नपाएर बिदेसिनुपर्छ कि भन्ने चिन्ता छ।'

परिवर्तनका लागि मतदान गर्नुपर्छ भनेर स्वदेश आएको अछामको मंगलसेन नगरपालिका-१३, का झुमाकान्त ढुंगानाले सुनाए। 'देशको परिस्थिति हेरेर, देशमा केही परिवर्तन हुन्छ कि भन्ने आशाले निर्वाचनका लागि आएका हौँ,' सोमबार बिहान त्रिनगर नाकामा भेटिएका ढुंगानाले भने, 'यतिका वर्ष भोट दियौँ, पुरानाले केही गरेनन्, आश्वासन मात्र दिए, नयाँले केही गर्छन् कि भन्ने आशा छ।'

उस्तै उद्देश्य बोकेर भारतको पुनाबाट गाउँका २० युवा सँगै फर्कन लागेको ढुंगानाले बताए। पुनामा सुरक्षा गार्डको काम गर्ने उनी २० महिनापछि घर फर्कन लागेका हुन्। 'देशमा भ्रष्टाचार अन्त्य होस्, सामान्य किसिमको भए पनि यहीँ काम पाइयोस्,' ढुंगानाले भने, 'बुढा आमाबुवा, बालबच्चा छोडेर हामी अर्काको देश गएका छौं, हाम्रा पुर्खाले जीवनभर भारतमै काम गर्नुपर्‍यो। हामी त्यही गर्दै छौं। आउने पुस्ताले गर्न नपरोस्। न्यून तलब भए पनि हामीलाई यहीँ काम पाइयोस्।'

कतिपय उम्मेदवार र उनीहरू निकटले भारतमा रहेकाहरूलाई मताधिकारका लागि घर फर्कन पहल र समन्वय गरिरहेका छन्। मताधिकारका लागि स्वदेश फर्कनेलाई उचित समन्वय गर्न गृह मन्त्रालयले सशस्त्र प्रहरी बललाई निर्देशन दिइसकेको छ।

'नाकामा घर फर्कनेको संख्या बढ्दो छ। नाकामा कुनै असहजता नहोस् भनेर हामीले सहजीकरण गरिरहेका छौं,' सीमास्थित सशस्त्र प्रहरीको त्रिनगर गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन कार्कीले भने। अर्कोतर्फ चुनाव छोडर रोजगारीको खोजीमा भारत जानेको संख्या पनि उत्तिकै छ। यो नाकाबाट दैनिक सयदेखि डेढ सयको हाराहारीमा नेपाली रोजगारीको सिलसिलामा भारत गइरहेका छन्।

हरेक चुनावमा यहाँ राजनीतिक दल र उम्मेदवारहरूले गरिबी हटाउने र रोजगारीका अवसर सिर्जना गर्ने भनेर भोट माग्दै आएका छन्। तर, छाक टार्न सामान्य मजदुरी गर्न पनि भारत जानुपर्ने बाध्यता हटेको छैन। यसपालिको चुनावमा पनि दल र उम्मेदवार यिनै एजेन्डा लिएर जनतामाझ गइरहेका छन्।

सुदूरपश्चिममा गरिबी र बेरोजगारीको दर अन्य प्रदेशको तुलनामा उच्च छ। पछिल्लो तथ्यांकअनुसार सुदूरपश्चिममा गरिबीको दर अन्य प्रदेशको भन्दा बढी छ। तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान-०२३ अनुसार सबैभन्दा धेरै गरिबी दर सुदूरपश्चिम प्रदेशमा ३४.१२ प्रतिशत छ। नेपालमा गरिबी दर २०.२७ प्रतिशत छ। सरकारसँग भने भारतीय रोजगारीमा रहेकाको यकिन तथ्यांक नै छैन।

'फेक रेस्क्यु'मा...

पृष्ठ १ बाट क्रमशः

कम्पनी खडा गरी उनीहरूले ठगी गरेको सिआइबीका अधिकारी बताउँछन्। माउन्टेन रेस्क्यु सर्भिसका जयराम रिमालको मात्रै १० वटा कम्पनीमा लगानी छ। माउन्टेन रेस्क्यु सर्भिससहित फ्लाइट कनेक्सन इन्टरनेसनल, माउन्टेन लिडर ट्रेक्स, मास्टर हिमालय ट्रेक्स, डायनिस्टी असिसटेन्समा उनको लगानी छ। त्यस्तै, हिमालयन फाइबर एन्ड डेकोर प्रालि, ग्रिन पार्क चितवन, स्वागन इन्टरनेसनल अस्पताल, वासस्थान पोखरा प्रालि, वासस्थान काठमाडौं प्रालि र गोरकसेप क्लिनिकमा उनको लगानी छ। काठमाडौंको सेतोपुलस्थित स्वागन अस्पताल पनि फेक रेस्क्युमा विगतमै कारबाहीका लागि सिफारिस भएको अस्पताल हो। सो अस्पतालमाथि अहिले सिआइबीले पनि छानबिन गरिरहेको छ। बिरामी नदेखिने सो अस्पताल ठगीकै लागि खडा गरिएको आशंका गरिएको छ। यसरी १० कम्पनीमा लगानी गर्ने ४६ वर्ष रिमाल कुनै समय प्लान होलिडे ट्राभलमा टिकेटिङ अफिसरका रूपमा काम गर्दथे। छोटो समयमै उनले करोडौंको सम्पत्ति आर्जन गरेको भेटिएको छ।

त्यस्तै, मुक्ति पाण्डे एभरेस्ट एक्सपिरियन्स एन्ड असिसटेन्स प्रालि, होल तुलसी ठमेल, बेस क्याम्प हेलिकोप्टर, अनन्त होम प्रालि, जलजला थकाली, काठमाडौं डे टुर्स, नेपाल क्यापिटल, मायालु कृषि फार्मजस्ता कम्पनीका लगानीकर्ता हुन्। ४२ वर्षीय पाण्डे ट्रेकिङ गाइडका रूपमा पर्यटन क्षेत्रमा प्रवेश गरेका थिए।

एभरेस्ट एक्सपिरियन्स एन्ड असिसटेन्सका सञ्चालक ४७ वर्षीय सुवास केसीको एक्साइटिङ नेपाल ट्रेक एन्ड एक्सपिडिसन, ज्वाइन्ट भेन्चर्स इन्भेस्टर्स ग्रुप र मास्टर हिमालय ट्रेक एन्ड एक्सपिडिसनजस्ता कम्पनी छन्। ठमेलको कान्तिपुर रेस्टुरेन्टमा सामान्य कर्मचारीबाट करिअर सुरु गरेका उनले पनि चार कम्पनी खडा गरिसकेका छन्।

नेपाल चार्टर सर्भिसका ३९ वर्षीय रवीन्द्र अधिकारीको तीन कम्पनीमा लगानी छ। एड्भेन्चर डिस्कभरी ट्रेक्स एन्ड एक्सपिडिसन र जानुका इन्भेस्टमेन्ट प्रालिमा उनको लगानी छ। उनी पनि कुनै समय माइतीघरको एक रेस्टुरेन्टमा सामान्य कर्मचारी थिए।

त्यस्तै, विगतमा टिकेटिङ कम्पनीमा काम गरी माउन्टेन रेस्क्यु कम्पनीमा लगानी गरेका ३१ वर्षे विवेक पाण्डेले मास्टर हिमालय ट्रेक एन्ड एक्सपिडिसनमा पनि लगानी गरिसकेका छन्।

श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक डा. गीर्वाणराज तिमिल्सिनाले ग्लोबल कनेक्ट हेली सर्भिस र श्रीद्धि इन्भेस्टमेन्ट प्रालिमा लगानी गरेका छन्।

यो समूहले मात्र हिमाली क्षेत्रमा जाने पर्यटकको हेलिकोप्टरमार्फत फर्जी उद्धारका नाममा दुई अर्ब ८५ करोड रुपैयाँबराबरको ठगी गरेको पुष्टि भइसकेको छ। हिमाल आरोहरण तथा पदयात्रामा जाने पर्यटकको बिरामी भएको भन्दै उद्धार गरेको देखाएर फर्जी कागजपत्र बनाई उनीहरूको बिमा रकम ठगी गरेका हुन्। २६५ पर्यटकको बिमा रकम ठगी गरेको पुष्टि भइसकेको छ।

उनीहरूले ठगीबाटै सम्पत्ति आर्जन गरेको सूचनाका आधारमा सम्पत्ति शुद्धीकरणको कसुरमा पनि छानबिन थालिएको सिआइबीका निर्देशक एआइजी डा. मनोज केसी बताउँछन्। 'पर्यटकको उद्धारका नाममा भएको ठगी संगठित प्रकृतिको देखिन्छ,' उनी भन्छन्, 'यस्तो अपराधमा सम्पत्ति शुद्धीकरणको कसुर पनि आकर्षित हुने भएकाले त्यसतर्फ पनि छानबिन थालेका हौँ।'

यस्तो गतिविधिपछि पर्यटकीय देश नेपाल विश्वमै बदनाम भएको थियो। नेपाल जाने पर्यटकको कतिपय कम्पनीले ट्राभल इन्स्योरेन्ससमेत गर्न छाडेका थिए। यस्तो धन्दाले गर्दा देशको सिंगो पर्यटन क्षेत्र नै ध्वस्त हुने अवस्था सिर्जना भएपछि सिआइबीले यसमा छानबिन थालेको हो।

आठ वर्षअघि पनि सरकारले यससम्बन्धी छानबिन गरेको थियो। तर, त्यसमा मुछिएका व्यक्तिहरूको दबाबले छानबिन र कारबाही हुन सकेन। जसकारण सो गिरोहले यस्तो धन्दालाई निरन्तरता दिएका थिए। विमानस्थलमा रहेको अभिलेखको विवरणलाई नै थपघट गरी 'प्यासेन्जर मेनिफेस्ट' नै किर्ते गरी आफ्ना अस्पतालमा उपचार गराएको देखाएर बिमा रकम दाबी गरी ठगी गरेको सिआइबीले जनाएको छ। यसमा संलग्न हेलिकोप्टर सञ्चालकसमेत सिआइबीको छानबिनमा छन्।

चितवनमा रास्वपा 'हाबी'

तीनै क्षेत्र जित्ने रास्वपाको दाबी, कांग्रेस, एमाले र नेकपा विरासत फर्काउने प्रयासमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

निर्वाचन नजिकिँदै जाँदा चितवन पुनः राष्ट्रिय राजनीतिको 'हटस्पट' बनेको छ। ०७९ मा नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, भरतपुर महानगरपालिकाको मेयरबाट राजीनामा दिएर उम्मेदवार बनेकी नेकपाकी रेनु दाहाल, समाजसेवी एवं कांग्रेस उम्मेदवार मीना खरेल, रास्वपाकी सोविता गौतमलगायतका कारण चितवनको निर्वाचन चर्चाको विषय बनेको हो।

तीनवटा निर्वाचन क्षेत्र रहेको चितवनमा नयाँ दल रास्वपाले यसअघिको निर्वाचनमा १ र २ गरी दुईवटा क्षेत्र जितेको थियो। उसले यसपटक चितवनमा क्लिन स्विप गर्ने दाबी गर्दै आएको छ। रास्वपाले तीनवटै क्षेत्रमा जित निकाल्ने दाबी गरेपछि अन्य दलले यसपटकको निर्वाचनलाई प्रतिष्ठाको लडाइँका रूपमा लिएका छन्।



रविविरुद्ध भिड्दै कांग्रेसकी मीना

चितवनमा रास्वपा आफ्नो प्रभाव जोगाउने रणनीतिमा छ। कांग्रेस र एमाले गुमेको आधार क्षेत्र फर्काउने प्रयासमा छन्। यसपटक चितवन २ लाई सबैभन्दा बढी चासोको साथ हेरिएको छ। यो निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २३ उम्मेदवार भए पनि रास्वपाका लामिछाने, कांग्रेसकी खरेल, एमालेका अस्मिन घिमिरे र नेकपाका प्रताप गुरुङलाई नै मुख्य प्रतिस्पर्धीको रूपमा हेरिएको छ।

रास्वपा सभापति लामिछाने अघिल्ला दुई निर्वाचनमा विजयी भएको यही क्षेत्रबाट पुनः मैदानमा छन्। नागरिकतासम्बन्धी विवादका कारण पद गुमाएपछि उपनिर्वाचनमार्फत पुनः निर्वाचित भएका लामिछाने यसपटक 'सुशासन र विधिको शासन'लाई मुख्य एजेन्डा बनाउँदै मतदातामाझ पुगिरहेका छन्।

लामिछानेले चितवन २ लाई नीलो क्रान्तिको उद्गमस्थलको संज्ञा दिँदै यहींबाट घन्टी अभियान देशव्यापी भएको र आमूल राजनीतिक परिवर्तनको शंखघोष गरेको बताएका छन्। हालै चितवनका विभिन्न स्थानमा चुनावी कार्यक्रममा सहभागी हुँदै लामिछानेले यसपटकको चुनाव व्यक्ति बदल्ने मात्र नभई प्रणाली सुधारको पक्षमा हुने दाबी पनि गरेका छन्।

चितवन २ मा कांग्रेसले सामाजिक अभियन्ता मीनाकुमारी खरेललाई उम्मेदवार बनाएको छ। महिला तथा बालअधिकार क्षेत्रमा सक्रिय खरेललाई कांग्रेसले 'स्वच्छ छवि र सामाजिक आधार'का रूपमा प्रस्तुत गरेको छ। कांग्रेस नेताहरूका अनुसार अघिल्लोपटक विभाजित मत यसपटक एकीकृत हुने उनीहरूको अपेक्षा छ।

एमालेले ४० वर्षमुनिका युवा नेता अस्मिन घिमिरेलाई अघि सारेको छ। जेन-जी आन्दोलनको भावना बुझ्ने युवा पुस्ताको प्रतिनिधित्वको रूपमा आफू चुनावी मैदानमा रहेको उनले बताए। यस क्षेत्रमा नेकपाका प्रताप गुरुङ र राष्ट्रिय प्रजातन्त्र पार्टीका जगदीश्वर अधिकारी पनि चुनावी प्रतिस्पर्धामा छन्।

०७९ को निर्वाचनमा ४९ हजार २६१ मतसहित विजयी भएका लामिछानेले ०८० वैशाखमा सम्पन्न उपनिर्वाचनमा मतान्तर झनै बढाउँदै ५४ हजार १७६ मत पाएका थिए। ०७९ को निर्वाचनमा कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८८ मत प्राप्त गर्दा ०८० को उपनिर्वाचनमा कांग्रेसकै जितनारायण श्रेष्ठ ११ हजार २१४ मतमा सीमित भएका थिए। एमालेका रामप्रसाद न्यौपानेले १० हजार ९३६ मत पाएका थिए।

चितवन ३ मा रेनु र सोविताबिच कडा प्रतिस्पर्धा

चितवन ३ पनि यसपटक चर्चामा छ। यहाँको चुनावी प्रतिस्पर्धा अझ रोचक देखिने अनुमान गरिएको छ। यस क्षेत्रमा ६ स्वतन्त्रसहित १८ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। नेपाली कम्युनिस्ट पार्टीले भरतपुर महानगरपालिकाकी पूर्वमेयर रेनु दाहाललाई उम्मेदवार बनाएको छ। रास्वपाले अघिल्लो निर्वाचनमा काठमाडौं २ विजयी रास्वपाकी सोविता गौतमलाई प्रतिस्पर्धामा उतारेको छ। स्थानीय विकास र महानगर नेतृत्वको अनुभवलाई आधार बनाएर रेनुले आफूलाई मत मागिरहेकी छिन्। 'युवा र शिक्षित अनुहार'का रूपमा सोविता चितवन ३ का मतदातामाझ प्रस्तुत भइरहेकी छिन्। स्थानीय राजनीतिक वृत्तमा दाहाल र गौतमबीचको प्रतिस्पर्धालाई 'अनुभवविरुद्ध नयाँ पुस्ता'को भिडन्तका रूपमा व्याख्या गर्न थालिएको छ।

यो क्षेत्रमा कांग्रेसबाट टेकप्रसाद गुरुङ र एमालेबाट शंकरराज थपलिया मैदानमा छन्। अघिल्लो निर्वाचनमा विजयी राप्रपाका वरिष्ठ नेता विक्रम पाण्डे अन्तिम समयमा उम्मेदवार नबनेपछि राप्रपाले दीपक थापामगरलाई अवसर दिएको हो। ०७९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका विक्रम पाण्डे विजयी भएका थिए। उनले ३४ हजार ३६२ मत ल्याउँदा तत्कालीन माओवादीका उम्मेदवार भोजराज अधिकारीले २४ हजार ६७१ र रास्वपाकी उम्मेदवार जिता बरालले १४ हजार ७७९ मत मात्रै पाएकी थिइन्।

चितवन १ मा ढकाललाई कांग्रेस र एमालेको चुनौती

चितवन १ मा भने अन्य दुई निर्वाचन क्षेत्रको जस्तो चर्चा छैन। रास्वपाले ०७९ को निर्वाचनमा विजयी हरि ढकाललाई दोहोऱ्याएको छ। यो क्षेत्रमा कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटी, एमालेका दावा दोर्जे लामा, नेकपाका कृष्णराज पन्त र राप्रपाका बलराम शर्मा खनाल प्रतिस्पर्धामा छन्। यस क्षेत्रमा तीनजना स्वतन्त्रसहित नौ उम्मेदवार रहे पनि प्रमुख दलहरूलाई नै मुख्य प्रतिस्पर्धीका रूपमा हेरिएको छ। अघिल्लो निर्वाचनमा रास्वपाका ढकालले एमालेका सुरेन्द्र पाण्डेलाई पराजित गरेका थिए। ०७० को संविधानसभा निर्वाचन र ०७४ को प्रतिनिधिसभा निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित पाण्डे ०७९ को चुनावमा भने ढकालसँग हारेका थिए। यो क्षेत्रमा तामाङ समुदायको उम्मेदवार उठाएर एमालेले जातीय मतका आधारमा जित निकाल्ने रणनीति बनाएको देखिन्छ।

कांग्रेसले यसपटक चितवन १ मा बुर्लाकोटीलाई उम्मेदवार बनाएको छ। बुर्लाकोटी पुराना नेता हुन्। ०७० र ०७४ का निर्वाचनमा एमाले नेता पाण्डेसँग पराजित उनी ०७९ को निर्वाचनमा भने उम्मेदवार बनेका थिएनन्। बुर्लाकोटी यसपटक कांग्रेस पुनर्गठित भएकाले जित्ने आशामा छन्।

चितवन १ बाट नेकपाले नयाँ उम्मेदवार कृष्णराज पन्तलाई चुनावी मैदानमा उतारेको छ। अर्थविद् पन्त यस क्षेत्रमा परिचित अनुहार हुन्। शिक्षित र युवा भएकै कारण प्रभाव जमाउन सक्ने विश्वासमा नेकपाले उनलाई उम्मेदवार बनाएको हो। रास्वपालाई काउन्टर दिन ठुला दलहरूले रणनीतिक उम्मेदवार मैदानमा पठाउँदा रास्वपाले पुरानैलाई दोहोऱ्याएको छ।

जिल्ला निर्वाचन कार्यालय चितवनका अनुसार यसपटक २० हजार ६९० मतदाता थपिएका छन्। यहाँ कुल मतदाताको संख्या चार लाख ४२ हजार ८२ पुगेको छ। युवा मतदाताको संख्या बढेकाले चुनावी परिणाममा नयाँ पुस्ताको प्रभाव निर्णायक हुन सक्ने आकलन गरिएको छ। चितवनको निर्वाचनलाई यसपटक 'प्रतिष्ठाको लडाइँ'का रूपमा पनि हेरिएको छ। ०७९ मा स्थापित नयाँ शक्ति रास्वपालाई आफ्नो प्रभाव कायम राख्नुपर्ने दबाब छ। कांग्रेस र एमाले भने संगठनात्मक शक्ति र पुरानो आधार पुनर्स्थापित गर्ने रणनीतिमा छन्।

सुशासन र समृद्धिको बाटोमा लैजाने शक्तिका रूपमा चितवनमा जित्दै छौं



● **विशाल कोइराला**, सचिव, रास्वपा चितवन

अहिले हामी पार्टीका सभापतिसहित तीनवटै निर्वाचन क्षेत्रमा घरदैलो कार्यक्रममा व्यस्त छौं। हामी पुगेको स्थानमा आममतदातामा निकै ठुलो उत्साह र उमंग देखिएको छ। ०७९ को निर्वाचनको तुलनामा यसपटक अझ फराकिलो मतान्तरले विजयी हुने संकेत देखिएका छन्। यसपटक रास्वपाले चितवनमा क्लिन स्विप गर्दै छ। जेन-जी आन्दोलनपछि परम्परागत राजनीतिक दलहरूको माझमा रास्वपालाई मतदाताले वैकल्पिक शक्तिका रूपमा स्वीकार गर्नुभएको छ। अहिलेसम्म अवसर नपाएको र केही गरेर देखाउन सक्ने नयाँ दलको रूपमा जनताले हामीलाई हेरेका छन्। र, यो व्यवस्थाभित्र रहेर देशलाई सुशासन र समृद्धिको बाटोमा लैजान सक्ने एक मात्र शक्ति रास्वपा हो भन्ने जनविश्वास छ।

राष्ट्रियताको रक्षा गर्ने र देशलाई संकटबाट जोगाउने हाम्रो मुख्य एजेन्डा



● **कमल पाठक**, अध्यक्ष, एमाले चितवन

एमाले संसदीय व्यवस्थामा लामो समयदेखि सक्रिय पार्टी हो। ०८४ मा हुनुपर्ने चुनाव विशिष्ट राजनीतिक परिस्थितिका कारण ०८२ मै सारिएको छ। यसको पछाडि केही रहस्य र षड्यन्त्र छ भन्ने हाम्रो बुझाइ छ। नयाँ शक्तिहरूलाई अगाडि ल्याएर राष्ट्रिय राजनीतिमा फरक खालको प्रभाव पार्न खोजिँदै छ। विकासको नाममा राष्ट्रियता र सार्वभौमसत्तालाई नै जोखिममा पार्ने गरी केही शक्ति सक्रिय छन्। एमालेले यसबारे जनतालाई सचेत गराइरहेको छ। गत निर्वाचनमा हामीले तीनवटै क्षेत्र गुमायौं, तर अहिले परिस्थिति फेरिएको छ। हामी चितवनका तीनवटै निर्वाचन क्षेत्रमा एमालेको वर्चस्व फिर्ता गर्ने योजनाका साथ अगाडि बढेका छौं। जनतालाई सत्य कुरा बुझाउने, राष्ट्रियताको रक्षा गर्ने र देशलाई संकटबाट जोगाउने हाम्रो मुख्य एजेन्डा हो।

बदलिएको कांग्रेस र परिपक्व उम्मेदवारका कारण चितवनमा जित्छौं



● **जितनारायण श्रेष्ठ**, केन्द्रीय सदस्य, कांग्रेस

विगतमा गठबन्धनका कारण कांग्रेस मारमा परेका जिल्लामध्ये एउटा चितवन पनि हो। कसैसँग गठबन्धन गर्नुहुँदैन भनेर १६५ वटै निर्वाचन क्षेत्रमा कांग्रेसीहरूले रुख चिह्नमै मतदान गर्ने गरी चुनावी मैदानमा छौं। विशेष महाधिवेशनपछि 'कांग्रेस बदल्यौं, अब देश बदल्छौं' भनेर आएका छौं। ३ नम्बर क्षेत्रमा कांग्रेसीहरूले १२ वर्षपछि रुखमा मतदान गर्दै छन्। चितवनमा कांग्रेसले उठाएका उम्मेदवारहरू परिपक्व हुनुहुन्छ। चितवनको ढुंगामाटोले समेत चिनेको, सदैव जनताको सुख-दुःखमा साथ दिएको राजनीतिको अलावा सामाजिक काममा लागेर समाजमा विशेष स्थान बनाएका उम्मेदवारहरू हामीले अघि सारेका छौं। चितवनका तीनवटै निर्वाचन क्षेत्र जित्छौं भने विश्वाससहित अघि बढेका छौं।

भरतपुरमा भएको विकास, समृद्धिको मोडेल नै हाम्रो जित्ने आधार



● **रामचन्द्र अधिकारी**, अध्यक्ष, नेकपा चितवन

हामीले चितवनका तीनवटै क्षेत्रमा चुनावी अभियानको पहिलो चरण, जनभेटघाट र आन्तरिक पार्टी कमिटीका बैठक सम्पन्न गरिसकेका छौं। चितवन ३ हाम्रो सबैभन्दा बलियो क्षेत्र हो। नौ वर्षदेखि हाम्रो नेतृत्वमा भरतपुर महानगरपालिकामा भएको विकास, समृद्धि, सामाजिक न्याय र सुशासनको मोडेललाई जनताले रुचाएका छन्। रेनु दाहालको नेतृत्वमा भएको कामको चर्चा अहिले विश्वभर भइरहेको छ। यो हाम्रो मुख्य सम्पत्ति हो। सोही मोडेललाई हामी १ र २ नम्बर क्षेत्रमा पनि लैजाँदै छौं। १ नम्बर क्षेत्रका उम्मेदवार अर्थशास्त्रमा पिएचडी गर्नुभएको विज्ञ हुनुहुन्छ। २ का उम्मेदवार लामो समयदेखि सामाजिक काममा सक्रिय, स्थानीय र इमानदार हुनुहुन्छ।

संक्षेप

स्वास्थ्यकर्मीलाई निर्वाचनमा नखटाउन आग्रह

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वास्थ्यकर्मीलाई नखटाउन निर्वाचन आयोगसमक्ष आग्रह गरेको छ। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले निर्वाचनको समयमा हुन सक्ने सम्भावित दुर्घटना तथा आकस्मिक घटनालाई ध्यानमा राख्दै यस्तो आग्रह गरिएको जानकारी दिए। 'निर्वाचनको समयमा हुन सक्ने दुर्घटना र अन्य आकस्मिक घटनाको जोखिमलाई हेरेर स्वास्थ्यकर्मी २४सै घन्टा तयारी अवस्थामा रहनुपर्ने हुन्छ। त्यसैले हामीले आयोगसमक्ष स्वास्थ्यकर्मीलाई निर्वाचनमा नखटाउन आग्रह गरेका छौं,' उनले भने। मन्त्रालयले निर्वाचन अवधिभर देशभरका स्वास्थ्य संस्था र जनशक्तिलाई उच्च सतर्कतामा राख्ने तयारी गरेको जनाएको छ। आपत्कालीन सेवा प्रभावित नहोस् भन्ने उद्देश्यले स्वास्थ्यकर्मीलाई आफ्नो कार्यस्थलमै तयारी अवस्थामा रहन निर्देशनसमेत दिइएको छ।

चुनावका वेला त्रिनगर नाका तीन दिन बन्द गरिने

धनगढी/ २१ फागुनमा हुने निर्वाचनका लागि त्रिनगर भन्सार नाका तीन दिन बन्द गरिने भएको छ। निर्वाचन सुरक्षालाई ध्यानमा राखेर नाका बन्द गर्न लागिएको जिल्ला प्रशासन कार्यालय कैलालीले जनाएको छ। १८ फागुन राति १२ बजेदेखि २१ फागुन राति १२ बजेसम्म नाका बन्द रहने जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए। नाकामा यातायातका साधन सञ्चालन तथा आवतजावतमा रोक लगाइएको प्रशासनले जनाएको छ। यस अवधिमा एम्बुलेन्स, ट्यांकर, दमकल, दूरसञ्चार सेवा, शववाहन, अस्पताल सेवा, विद्युतीय सेवाजस्ता अत्यावश्यक सेवाका गाडी, कूटनीतिक नियोगका सवारीबाहेक अन्य सवारीसाधन सञ्चालनमा निषेध गरिएको सूचना अधिकारी जोशीले बताए।

खेताला स्वयंसेविकाद्वारा मतदाता शिक्षा

उदयपुर/ उदयपुरको कटारी नगरपालिका- ८ मा खेताला स्वयंसेविकामार्फत मतदाता शिक्षा सञ्चालन गरिएको पाइएको छ। आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदाता शिक्षा दिन खटिएकी स्वयंसेविका दिलकुमारी राउत मगरले खेताला प्रयोग गरेर मतदाता शिक्षा दिएको पाइएको हो। कटारी नगरपालिका- ८ का पूर्वडाध्यक्ष कमल श्रेष्ठका अनुसार मतदाता शिक्षाका लागि खटिएकी दिलकुमारी राउत मगरले नातामा भाइबुहारी पर्ने, गैरसरकारी संस्थामा आबद्ध मेनुका श्रेष्ठमार्फत मतदाता शिक्षा सञ्चालन गरेको पत्ता लागेपछि नगरपालिकाको कार्यालयलाई खबर गरेको बताए। उनले भने, 'त्यसपछि नगरपालिकाका सूचना अधिकारी गोविन्द खड्काले गल्ती भएको भए तत्काल सच्याइने बताउनुभएको छ।' नगरपालिकाका मतदाता शिक्षाका फोकल पर्सन सूचना अधिकारी गोविन्द खड्काले आइतबार थलिया र कोल्बोट गाउँमा दिलकुमारी स्वयं उपस्थित नभई अर्कै व्यक्तिमार्फत मतदाता शिक्षा दिएको पाइएकाले उनलाई सचेत गराइएको बताए।

गगनको प्रतिज्ञापत्रमा 'शिक्षाका लागि कापीकलम' अभियान

काठमाडौं/ कांग्रेस सभापति गगनकुमार थापाले आफ्नो निर्वाचन क्षेत्र सर्लाही ४ का लागि सोमबार प्रतिज्ञापत्र सार्वजनिक गरेका छन्। थापाले शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सामाजिक सुरक्षालगायत विषय समेटेका छन्। थापाले गुणस्तरीय शिक्षाका लागि कापीकलम अभियान अघि सारेका छन्। गणित, विज्ञान र अंग्रेजीको शिक्षकको उपलब्ध गराउन र विद्यालयलाई प्रविधिमैत्री बनाउन स्टिम अभियान सञ्चालन गर्ने उनले उल्लेख गरेका छन्

सुलभ स्वास्थ्यका लागि स्वस्थ नागरिक अभियान चलाउने उनले बताएका छन्। 'यस क्षेत्रका स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति र पूर्वाधारको व्यवस्थाका गर्नेछौं,' प्रतिज्ञापत्रमा भनिएको छ, 'घरनजिकै औषधि, परीक्षण, परामर्श उपचारसहितको स्वास्थ्य सेवाका लागि प्रत्येक स्थानीय तहमा चिकित्सकसहितको कम्तीमा एउटा 'स्वास्थ्यप्रवर्द्धन केन्द्र' स्थापना गर्नेछौं।'

अस्पताल पुग्न नसक्ने ज्येष्ठ नागरिक, दीर्घरोग भएका बिरामीका लागि घर-आँगनमै विशेषज्ञ डाक्टर पुग्ने गरी 'मोबाइल क्लिनिक' र घरमै स्वास्थ्य अभियान सञ्चालन गर्न प्रतिज्ञापत्रमा उल्लेख छ।

थापाले कृषि उत्थान, किसान गौरव अभियान घोषणा गरेका छन्। जीवनको मूख्य आधार कृषि रहेको सर्लाही क्षेत्रका किसानलाई बीउ, मल र मूल्य समयमा सुनिश्चित गर्न र ऋणको बोझमा थिचिनुपर्ने व्यथा अन्त्य गर्ने उनले दाबी गरेका छन्। त्यसका लागि उखु बक्यौता भुक्तानी, नजिकै समयमै बीउको सहज उपलब्धता, शीतभण्डार, सिँचाइ विस्तार र न्यूनतम समर्थन मूल्यको ग्यारेन्टी गर्ने उनले बताएका छन्। त्यस्तै, कृषि र परियोजनामा आधारित उद्यमलाई विनाधितो ऋणको व्यवस्था गर्दै कृषि उत्थान किसान गौरव अभियान सञ्चालन गरिने प्रतिज्ञापत्रमा भनिएको छ।



मल कारखानालाई मधेशमा स्थापना गर्न पहल गर्ने थापाले बताएका छन्।

मिसन रोजगारी अभियानमार्फत रोजगारी, अवसर र सीपको अभावले विदेश जानुपर्ने बाध्यतालाई कम गर्न, सीप र बजारबिचको खाडल, पुँजीको अभाव अन्त्य गर्दै युवालाई उद्यमी र स्वरोजगार बनाउने थापाले उद्घोष गरेका छन्।

थापाले दशगजा उज्यालो अभियानबाट भारतीय सीमासँग जोडिएको करिब ३० किलोमिटर भूभागमा सीमा क्षेत्रमा अत्याधुनिक 'हाइमास्ट सौर्य बत्ती'जडान गर्ने बताएका छन्।

थापाले महिला तथा बालबालिका, मेरो आवाज, मेरो अधिकार अभियान घोषणा गरेका छन्। जसमार्फत स्थानीय तहको समन्वयमा महिलाको परम्परागत सीप मेला सञ्चालन गरी महिला समूहको जमानीमा महिलालाई दुई प्रतिशत ब्याजमा 'महिला उद्यमकर्जा'को व्यवस्था गरी लखपति आमा उद्यमी अभियान चलाउने दाबी छ।

'काठमाडौंमा रहँदा तपाईंहरूले भोग्नुपर्ने सास्ती र अन्योल अन्त्य गर्न म 'स्याटेलाइट जनता दलान सञ्चालन गर्छु। मेरो सहयोगी टिमबाट तपाईंहरूलाई काठमाडौंमा रहँदा भोग्नुपर्ने समस्यामा प्रत्यक्ष सहयोग र सहजीकरण हुनेछ,' प्रतिज्ञापत्रमा भनिएको छ।

फिलिपिन्सबाट ल्याइएका पाठकको 'कनेक्सन' प्रदीप अधिकारीसँग

काठमाडौं/ उच्चपदस्थलाई धम्क्याएको आरोपमा फिलिपिन्सबाट पक्राउ गरी ल्याइएका प्रकाश पाठकको नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक प्रदीप अधिकारीसँग निकटता देखिएको छ। बयानका क्रममा अधिकारीकै निर्देशनमा आफूले विभिन्न व्यक्तिलाई विदेशबाट धम्क्याएको बताएका छन्। पाठकलाई गत २८ माघमा नेपाल प्रहरीले इन्टरपोलको सहयोगमा फिलिपिन्सबाट पक्राउ गरी ल्याएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका उच्चपदस्थलाई उनले विदेशबाटै इमेल पठाएर धम्की दिनुका साथै सामाजिक सञ्जालमा पनि भौतिक कारबाहीको चेतावनी दिएका थिए।

आयोगले प्राधिकरणका तत्कालीन महानिर्देशक अधिकारीमाथिको अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको वेला उनले धम्की दिएका थिए। अधिकारीले नै पाठकलाई धम्क्याउन उक्साएको मात्र नभई पैसा नै दिएकोसमेत प्रारम्भिक छानबिनमा खुलेको हो। 'धम्क्याउन आफूलाई १० करोड दिन्छु भनेका थिए, दुई करोड रुपैयाँ दिइसकेका भनेर उनले बयान दिएका छन्,' जिल्ला प्रहरीपरिसर काठमाडौंका एक अधिकारीले भने, 'उनको बयानअनुसार थप प्रमाण संकलन गर्दैछौं।' पाठकको मोबाइलबाट पनि अधिकारीसँगको सम्बन्ध खोतल्ने प्रयास भइरहेको प्रहरी स्रोतले जानकारी दियो।

■ झापा ५ मा बालेनको वाचा

हजार दिनमा सुकुमवासी समस्या समाधान गर्ने घोषणा

झापामा **चिरञ्जीवी घिमिरे**

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा झापा ५ का उम्मेदवार बालेन्द्र शाह बालेनले झापा ५ का सुकुमवासी तथा अव्यवस्थित बसोवासीको समस्या सरकार बनेको एक हजार दिनमा समाधान गर्ने वाचा गरेका छन्। रास्वपाको तर्फबाट प्रधानमन्त्रीका उम्मेदवार बालेनले रास्वपाको सरकार बनेको एक सय दिनमा अधिकारसम्पन्न आयोग गठन गर्दै सुकुमवासी समस्या समाधान गर्ने वाचा गरेका हुन्।

सोमबार जारी वाचापत्रमा भनिएको छ, 'झापा ५ का भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोवासको समस्यालाई न्यायोचित र दिगो समाधान गर्न रास्वपा सरकार गठन भएको १०० दिनमा आयोग र १००० दिनमा समाधान नीति अवलम्बन गरी अधिकारसम्पन्न आयोगमार्फत समयसीमाभित्र कार्य सम्पन्न गरिनेछ।'

झापा ५ मा सुकुमवासी समस्या ०४८ को निर्वाचनदेखि नै चुनावी मुद्दा बन्दै आएको छ। भूमि समस्या समाधान आयोग झापाका तथ्यांकअनुसार झापा ५ मात्र ११ हजार ५१२ घर भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएका छन्। जसमा दमक नगरपालिकामा ५६० भूमिहीन दलित, दुई हजार ४७७ भूमिहीन सुकुमवासी, ३ हजार २८५ अव्यवस्थित बसोवासी गरी ६ हजार ३३२ घरले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएका छन्।

यस्तै, गौरादह नगरपालिकामा ३३१ भूमिहीन दलित, एक हजार १२० भूमिहीन सुकुमवासी र एक हजार २१३ अव्यवस्थित बसोवासी गरी दुई हजार ५६४ जनाले निवेदन दिएको भूमि समस्या समाधान आयोग झापाको तथ्यांकमा उल्लेख छ। कमल गाउँपालिकामा ७८ भूमिहीन दलित, दुई हजार १९० भूमिहीन सुकुमवासी, २३१ अव्यवस्थित बसोवासी गरी ४९९ घरले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएका छन् भने गौरीगन्ज गाउँपालिकामा २३५ भूमिहीन दलित, एक हजार १४६ भूमिहीन सुकुमवासी, ७३६ अव्यवस्थित बसोवासी गरी दुई हजार २१ घरले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएको भूमि समस्या समाधान आयोगले जनाएको छ।

यस्तै, बालेनको वाचापत्रमा विभिन्न कारणले अधुरा रहेका योजनालाई डेडलाइन समयमा सम्पन्न गर्ने उल्लेख गरिएको छ। दमकमा सरकारले डेढ अर्ब खर्च गरेर निर्माण गरे पनि सञ्चालनमा आउन नसकेको भ्युटावरलाई उच्चतम नागरिक उपयोगिता हुने गरी सञ्चालनमा ल्याउने उल्लेख गरिएको छ। यस्तै, दमक-९ मा ३० करोड लागतमा निर्माण भएर अलपत्र रहेको दमक सभागृह पनि सञ्चालनमा ल्याउने बालेनको वाचा छ। बालेनले विराट बुद्धपार्क निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने वाचा गरेका छन्। १७ अर्बको डिपिआर बनेको यो पार्क एक करोड खर्च गरेपछि एक दशक निर्माण अलपत्र छ। यस्तै, पश्चिम-दक्षिणी इलाम र पाँचथरको लाइफलाइन दमक-चिसापानी सडक सम्पन्न गरी सञ्चालनमा ल्याउने वाचा गरेका छन्। तीन दशकदेखि निर्माण थालिएको यो सडक अझै अलपत्र छ। बालेनले कमल- ५ मा अलपत्र रहेको अदिवासी रंगशालालाई आदिवासी जनजातिको सांस्कृतिक र इतिहास झल्काने आदिवासी रंगशाला निर्माण गर्ने वाचा गरेका छन्। यो रंगशाला नाम विवादका कारण डेढ दशकदेखि अलपत्र अवस्थामा छ।

■ वाचापत्रका मुख्य बुँदा



० विराट बुद्ध पार्कको निर्माण गरी सञ्चालनमा ल्याउने
० दमक सभागृह र भ्युटावरलगायतका योजना नागरिक उपयोगिता हुने गरी सञ्चालनमा ल्याउने
० रतुवा खोला, मावा खोला तथा सहायक सोला, सहरेको तटबन्ध निर्माण गरी कटान र डुबान नियन्त्रण गर्ने
०. दमकलाई पूर्वी नेपालको 'आइटी हब' को रूपमा विकास गर्न आवश्यक पूर्वाधार र नीतिगत व्यवस्था सुनिश्चित गर्ने
०. कन्काई-रतुवा सिँचाइ योजना विस्तार तथा लिफ्ट सिँचाइ प्रविधि प्रयोग गरी कृषियोग्य जमिनको उपयोगिता बढाउने
०. प्रत्येक पालिकामा श्रम बैंक अवधारणा लागू गरिने
० गौरादह कृषि क्याम्पसलाई कृषि अनुसन्धान हबका रूपमा विकास गर्ने
० गौरीगञ्ज भन्सारलाई व्यवस्थित र पारदर्शी ढंगले सञ्चालन गरिने
० दमक अस्पताललाई पहिलो चरणमा ३०० शैयाको अस्पतालका रूपमा स्तरोन्नति गरिने
०. झापा-५ को अर्थतन्त्र, पर्यटन र खेलकुद क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउने

एमालेले गरेको विकासमा उभिएर हाम्रो विरोध भइरहेछ : ओली



झापा/ एमाले अध्यक्ष केपी ओलीले आफूलाई हटाउँदा देश ड्राइभरविनाको गाडीजस्तो हुने बताएका छन्। झापाको दमकमा नेसनल भोलेन्टियर्स फोर्स कोशीको घोषणा कार्यक्रममा सोमबार उनले आफू सरकारमा आउन साथ देश कुद्ने दाबी गरे। 'मलाई सरकारबाट हटाउँदा ड्राइभरविनाको गाडीजस्तो हुन्छ देश,' उनले भने, 'म सरकारमा आउनेबित्तिकै देश कुद्छ। म सरकारबाट हटेपछि जहाँको त्यहीं हुन्छ।'

ओलीले देश विकास गर्ने पार्टी एमाले भएको बताए। उनले देश विकासको जिम्मा आफू र एमालेलाई दिन पनि आह्वान गरे। देशमा धेरै विकास भएको र केही बाँकी रहेको बताउँदै ओलीले बाँकी रहेको काम एमालेले पूरा गर्ने बताए। अहिले एमालेले गरेको विकासमा उभिएर एमालेको विरोध भइरहेको ओलीको दाबी छ। 'यही दमकले हेरोस् रतुवा र मावामा एउटा मात्रै पुल थियो। कालोपत्रे हेर्न राजमार्ग आउनुपर्थ्यो। घरअगाडि कालोपत्रे छ, बिजुलीका खम्बा छ। घरघरमा बिजुली छ,' उनले भने, 'कालोपत्रे सडकको छेउमा उभिएर अहिलेसम्म के भयो भनेको सुनिन्छ।' झापा ५ का उम्मेदवार ओलीले एमालेलाई प्रश्न उठाउने ठाउँ नभएको बताए। 'एमालेले गर्भमा हुँदादेखि अन्तिम संस्कारसम्म कुन मानवजातिका लागि के काम गरेको छैन ? किसान, मजदुर, प्रहरीका लागि, व्यापारी उद्यमीका लागि, निर्माण व्यवसायी, यातायात व्यवसायी, बालबालिकाका लागि, युवाका लागि, जागिर खाने युवाका लागि, पढ्ने उमेरका बालबालिका लागि, वृद्धवृद्धाका लागि, अनाथका लागि कसका लागि काम गरेको छैन ?,' ओलीले भने, 'तैपनि एमालेका बारेमा प्रश्न उठाउनु भनेको कित बुझ्दै नबुझेकाले उठाउँ छ कि त अरू नै कुरामा प्रभावित भएर उठाउँछ। एमालेलाई प्रश्न उठाउने ठाउँ छैन।' उनले एमाले शान्तिपूर्ण, निष्पक्ष, धाँधलीरहित भयरहित चुनावको पक्षमा रहेको बताए।

नेकपाको प्रतिबद्धतापत्रका विशेषता

नेकपाको प्रतिबद्धतापत्रले समाजवादी आर्थिक मोडेल, राष्ट्रिय स्वाधीनता विकास र समावेशितासँग जोडिएको दृष्टिकोणलाई अगाडि सारेको छ



● प्रेमलकुमार खनाल

अग्रलेख

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले २१ फागुनमा हुने निर्वाचनका लागि प्रारम्भिक प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ। नेकपाले 'सुशासन र रोजगारी, समाजवादको तयारी' तथा 'राष्ट्रियता र लोकतन्त्रको रक्षा, हाम्रो जिम्मेवारी' भन्ने मूल नारासहित स्वाधीन, समृद्ध र समाजवादउन्मुख नेपाल निर्माणको मार्गचित्र प्रस्तुत गरेको छ।

मुलुकमा ०६२/६३ मा भएको युगान्तकारी परिवर्तनबाट प्राप्त गणतन्त्र, समावेशी लोकतन्त्र, जनताका मौलिक हक, संघीय शासन प्रणालीका उपलब्धिका लागि पार्टीले विगतका राजनीतिक परिवर्तनको नेतृत्व गरेको प्रतिबद्धतापत्रमा उल्लेख छ। विगतको गणतान्त्रिक आन्दोलनमा दललाई राजनीतिक परिवर्तन र एजेन्डामा सहमत गराउन पार्टीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। मुलुकमा व्यवस्था परिवर्तन गर्ने नेतृत्वकारी भूमिकासँगै अब परिवर्तनका उपलब्धिलाई संस्थागत गर्ने र मुलुकमा आर्थिक-सामाजिक रूपान्तरण गरेर समाजवादको आधार निर्माण गरी समाजवाद स्थापना गर्ने दिशामा अघि बढ्ने प्रतिबद्धतापत्रमा उल्लेख छ।

पत्रमा प्रमुख सातवटा प्रतिबद्धता उल्लेख छ। जसमा पहिलो- राष्ट्रिय स्वाधीनता र स्वाभिमान रक्षा गर्ने, दोस्रो- लोकतन्त्रको रक्षा, सुदृढीकरण र विकास गर्ने, तेस्रो- मुलुकमा सुशासन, उत्पादन र रोजगारी वृद्धि गर्ने, चौथो- संविधान पुनरावलोकन र परिमार्जन गर्ने, पाँचौँ- शान्ति प्रक्रियाको पूर्णता र संक्रमणकाल अन्त्य गर्ने, छैटौँ- आर्थिक, सामाजिक रूपान्तरण गरेर समाजवादको आधार निर्माण गर्ने र सातौँ- समाजमा विद्यमान विभेद र असमानता अन्त्य गर्ने रहेका छन्।

नेकपाले आफ्नो प्रतिबद्धता पत्रमा बाह्र लक्ष्यसमेत निर्धारण गरेको छ। जसमा स्वतन्त्र र स्वाभिमानी नेपाल, अधिकारसम्पन्न नागरिकको देश नेपाल, भ्रष्टाचारमुक्त पारदर्शी नेपाल, खाद्यान्नमा आत्मनिर्भर नेपाल, निःशुल्क उच्च शिक्षा दिने नेपाल, निःशुल्क स्वास्थ्य सेवा दिने नेपाल, सुकुम्बासी र घरवासविहीनमुक्त नेपाल, गरिबी र बेरोजगारीमुक्त नेपाल, विभेद र शोषणरहित नेपाल, असमानता, कुरीति र छुवाछुतमुक्त नेपाल, रोग, भोक र शोकमुक्त नेपाल, वैज्ञानिक समाजवादको यात्रामा लम्केको नेपाल लक्ष्य निर्धारण गरेको छ। नेकपाको प्रतिबद्धता पत्रमा चार अध्यायमा मुलुकको आर्थिक, सामाजिक रूपान्तरण गर्ने निम्न क्षेत्रगत नीति तथा कार्यक्रम उल्लेख गरिएका छन् :

राजनीतिक स्थिरता र सुशासन : मुलुकमा राजनीतिक स्थिरता र सुशासन कायम गर्न संविधान संशोधनमार्फत शासकीय स्वरूप र निर्वाचन प्रणालीमा आमूल सुधार गर्नुपर्ने प्रस्ताव गरिएको छ। सानो आकारको मन्त्रिपरिषद् गठन, सांसदको विधायकी भूमिका तथा संघीयताको मर्मअनुसार अधिकार, स्रोत र जिम्मेवारी बाँडफाँडलाई प्राथमिकता दिँदै संघीयताका आधारमा शासकीय संरचनामा पुनर्संरचना गर्ने योजना अघि सारेको छ।

भ्रष्टाचार नियन्त्रण र सुशासन : नेकपाले सुशासनलाई राज्य सञ्चालनको मूल आधार मान्दै सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्नुपर्नेमा जोड दिएको छ। ०४६ यता सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने र अवैध सम्पत्ति राष्ट्रियकरण, अख्तियार र सतर्कता केन्द्रको एकीकरण गरी शक्तिशाली 'लोकपाल' निर्माण, र सरकारी सेवालाई डिजिटल माध्यमबाट क्यासलेस, फेसलेस तथा पेपरलेस बनाउने नीति राखिएको छ।

परिणाममुखी सार्वजनिक प्रशासन : प्रतिबद्धता पत्रमा विद्यमान प्रक्रियामुखी तथा तदर्थवादी सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, तटस्थ, पारदर्शी, प्रविधिमैत्री, परिणाममुखी तथा भ्रष्टाचारमुक्त बनाउने गरी विकास गर्ने, संविधानको मर्मअनुरूप संघीयता कार्यान्वयन गर्न संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न संसद्को पहिलो अधिवेशनबाट संकल्प प्रस्ताव पेस गर्ने, संघीय, प्रदेश तथा स्थानीय प्रशासनबिच प्रभावकारी अन्तर्सम्बन्ध कायम गर्न, योग्यता आधारित प्रणाली स्थापित गर्न, अनावश्यक तथा कार्यगत दोहोरोपन हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गरिने उल्लेख छ।

समाजवादको आधारका लागि नयाँ चरणको आर्थिक सुधार : ०६२/६३ को पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेको र संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको सन्दर्भमा बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिवेश, आन्तरिक संरचनागत कमजोरी र गहिरिँदो असमानताबिच पुरानै नीतिगत ढाँचामा निरन्तरता दिनु अब न व्यावहारिक छ, न औचित्यपूर्ण नै। त्यसैले उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय समावेशिता र आत्मनिर्भरतामार्फत सामाजिक न्यायसहितको आर्थिक समृद्धिलाई केन्द्रमा राख्दै प्रतिबद्धता पत्रमा नयाँ चरणको बृहत् र संरचनागत आर्थिक सुधार आजको ऐतिहासिक आवश्यकता बनेको उल्लेख छ।

नयाँ चरणको आर्थिक सुधारका उद्देश्य : पहिलो- प्राकृतिक स्रोतको विवेकशील, दिगो र उत्पादनमुखी उपयोग, स्वदेशी र वैदेशिक लगानीमा वृद्धि, सामूहिकता र सहकारितामा आधारित उत्पादन प्रणालीको विकास र विस्तार। दोस्रो- स्रोतसाधनको दक्षतापूर्ण विनियोजन, खर्च क्षमतामा उल्लेख्य वृद्धि, उत्पादन तथा रोजगारी वृद्धि, समावेशी विकास र वैकल्पिक वित्त परिचालनमार्फत आगामी पाँच वर्षभित्र दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्ने। तेस्रो- स्रोतसाधनको प्रभावकारी परिचालनमार्फत आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा झार्ने, चौथो- राज्य संरक्षित कृषि र औद्योगिकीकरणको नीतिमार्फत कृषि तथा उद्योगलगायत उत्पादन क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने, पाँचौँ- उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने, छैटौँ- स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीलाई उत्पादन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनासँग जोड्दै वृद्धि गर्ने, सातौँ- कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि र सेवा क्षेत्रमा उत्पादन तथा रोजगारीमा ठोस वृद्धि गर्ने, आठौँ- प्राकृतिक स्रोतको विवेकशील उपयोग गर्दै हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने, नवौँ- निजी, सहकारी र सार्वजनिक क्षेत्रबिच सन्तुलित तथा पूरक विकास मोडलमार्फत समाजवादउन्मुख अर्थतन्त्रको ठोस आधार तयार पार्ने र दसौँ-सम्भाव्यताका आधारमा प्रत्येक प्रदेशलाई एक विशिष्ट आर्थिक क्रियाकलापको क्षेत्रका रूपमा विकास गर्ने उद्देश्य राखिएको छ।



यसरी गरिने नयाँ चरणको आर्थिक सुधारका कार्यक्रमबाट आगामी पाँच वर्षभित्र दुई अंकसम्मको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको नेकपाले बहुआयामिक गरिबीलाई २०.१५ प्रतिशतबाट पाँच प्रतिशतमा झार्ने योजना राखिएको छ। यसका लागि प्रतिवर्ष पाँच लाख रोजगारी सिर्जना गर्ने, एक लाख रिटर्नी युवालाई उद्यमशीलतामा संलग्न गराउने, वैदेशिक लगानी आकर्षित गर्ने, उत्पादन लागत घटाउने, स्वदेशी उद्योग प्रवर्द्धन गर्ने, निर्यात बढाउने र व्यापार घाटा घटाउने नीति लागू गर्ने क्षेत्रगत कार्यक्रम उल्लेख गरिएको छ।

कृषि र भूमि व्यवस्थापन : आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गरी 'भोकमुक्त नेपाल'को संकल्पसहित किसान पेन्सन, समर्थन मूल्यको अग्रिम घोषणा, कृषि बिमा र बजार सुनिश्चितता लागू गरिनेछ। भूमिहीन दलित र अव्यवस्थित बसोवासीलाई लालपुर्जा वितरण गर्ने प्रतिबद्धता गरिएको छ। दुई वर्षभित्र धान, गहुँ, तरकारी, फलफूल, दुध, मासु र माछामा पूर्ण आत्मनिर्भरता हासिल गर्ने, आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गर्ने, सबै किसानलाई किसान परिचयपत्र वितरण गर्ने, एकीकृत कृषि ऐन र किसान अधिकार ऐन बनाई लागू गर्ने, राष्ट्रिय कृषि विपत् कोष स्थापना गर्ने, नियमित कृषि जनगणना गरी डिजिटल किसान डाटाबेस निर्माण गर्ने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ।

औद्योगिकीकरण र उद्यमशीलताको विकास : समाजवादको आधार निर्माण गर्न मुलुकमा औद्योगिकीकरणको थालनी गर्न प्रतिबद्धता पत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षण गर्दै ए-आई आधारित स्मार्ट म्यानुफ्याक्चरिङको विकास गर्ने, निजी क्षेत्रको लगानी वृद्धि गर्न आवश्यक कानुनी र सुरक्षाबल निर्माण गर्ने, स्वदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्ने, तुलनात्मक लाभका उद्योगको विस्तार गर्ने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्योगलाई विशेष सुविधा दिइने, ग्रामीण लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्दै साना मझौला उद्योगलाई स्तरोन्नति गर्ने उल्लेख छ।

यस्तै, नवप्रवर्तनशील, निर्यातमुखी र ग्रामीण आत्मनिर्भरता बढाउने उद्योगमा ब्याज अनुदान प्रदान गर्ने, सार्वजनिक-निजी साझेदारीमा औद्योगिक क्षेत्र विकास गर्दै स्वदेशी, गैरआवासीय नेपाली र वैदेशिक लगानीकर्ता आमन्त्रित गर्ने, नेपाली काठमा आधारित फर्निचर उद्योग स्थापना र निर्यातका लागि अन्तर्राष्ट्रिय ब्रान्डलाई आमन्त्रण गर्ने, उखु कृषकको सामूहिक लगानीमा चिनी उद्योगको पाइलट परियोजना सञ्चालन गर्ने, उद्योग स्थापना, सञ्चालन र बन्द गर्ने प्रक्रिया सरलीकृत गर्दै नेपाललाई दक्षिण एसियाकै आकर्षक लगानी गन्तव्य बनाइने उल्लेख छ।

> नेकपाले प्रतिबद्धतापत्रमार्फत मुलुकमा राजनीतिक स्थिरता र सुशासन कायम गर्न संविधान संशोधनमार्फत शासकीय स्वरूप र निर्वाचन प्रणालीमा आमूल सुधार गर्नुपर्ने प्रस्ताव गरेको छ

श्रम तथा रोजगारी नीति : मुलुकको आर्थिक-सामाजिक क्षेत्रको महत्त्वपूर्ण शक्तिका रूपमा रहेको श्रमशक्तिको अधिकतम परिचालन गर्ने प्रतिबद्धता नेकपाले गरेको छ। राष्ट्रिय श्रम आयोग गठन गर्ने, श्रमिकको काम, जीवनलाई मर्यादित बनाउन वैज्ञानिक तवरले तलब, ज्याला, निर्धारण, सामाजिक सुरक्षाको सुनिश्चितता, वैदेशीक रोजगारीलाई सुरक्षित, मर्यादित दक्ष श्रमिकलाई मात्रै पठाउने, वैदेशिक रोजगारीमा गएका श्रमिकको कानुनी सहयोग, सुरक्षा र उपचारका लागि सहयोग पुर्‍याउने, नेपालमै सीपमूलक प्रशिक्षण संज्ञान गर्ने व्यवस्था मिलाई वैदेशिक रोजगारीमा दक्ष श्रमिक पठाउने व्यवस्था मिलाइने, वैदेशिक रोजगारीमा जानेहरूको बिचौलियाको शोषण अन्त्य गर्ने गन्तव्य मुलुकसित सम्झौता गर्ने, न्यूनतम तलब सुविधा तथा अधिकार सुनिश्चित गर्ने, रेमिट्यान्स बैंकिङ प्रणालीमार्फत मात्र भित्र्याउने, गैरबैंकिङ च्यानल नियन्त्रण गरी रेमिट्यान्सलाई उत्पादनमूलक लगानीमा उपयोग गर्ने उपकरण विकास गर्ने उल्लेख छ।

स्वास्थ्य, शिक्षा र खेलकुद : नेपाली जनतालाई निःशुल्क, पहुँचयोग्य, मौलिक हकका रूपमा स्वास्थ्योपचार सेवा कार्यान्वयन गर्ने, ०८८ सम्म सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने र सोको प्रिमियम राज्यले व्यहोर्ने, नसर्ने रोगको उपचार सामुदायिकस्तरमै गर्ने व्यवस्था गर्ने उल्लेख छ।

गुणस्तरीय शिक्षाका लागि 'एक पालिका, एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयन गर्ने, विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त गर्न योग्यताका आधारमा नियुक्ति गर्ने उल्लेख छ। विद्यालय शिक्षा ऐन तत्कालै जारी गर्ने र खेलाडीको पुरस्कार दोब्बर गर्ने, ५० हजार दर्शक क्षमताको राष्ट्रिय रंगशाला निर्माण गरी दीर्घकालीन खेल पूर्वाधार विकास गर्ने उल्लेख छ।

पूर्वाधार, ऊर्जा र पर्यटन : पूर्वाधार विकासका लागि आगामी पाँच वर्षमा वर्षभित्र १० हजार मेगावाट थप विद्युत् उत्पादन गर्ने, राष्ट्रिय ग्रिडको क्षमता १५ हजार मेगावाट पुर्‍याउने, दीर्घकालीन लक्ष्यअनुसार सन् २१०० सम्म ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने, नेपाललाई शतप्रतिशत हरित ऊर्जा उपयोग गर्ने देश घोषणा गर्ने, नवीकरणीय ऊर्जाको मिश्रण उल्लेखनीय रूपमा बढाइने उल्लेख गरिएको छ। पाँच वर्षभित्र पाँच लाख नयाँ आवास एकाइ निर्माण गर्ने, पाँच वर्षभित्र हरेक नेपालीको घरमा सफा पिउने पानी उपलब्ध गराउने, २० सहरलाई स्मार्ट सिटी बनाउने, १०० ग्रामीण बस्तीलाई स्मार्ट भिलेज बनाउने उल्लेख गरिएको छ।

सामाजिक न्याय, समावेशिता र महिला विकास : दलित, महिला, आदिवासी, मधेशी, मुस्लिम र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गर्ने, जातीय छुवाछुतविरुद्ध अभियान सञ्चालन गर्ने र जन्मदेखि मृत्युसम्म सामाजिक सुरक्षा प्रदान गर्ने उल्लेख छ। तलबी महिलालाई दुई सन्तानसम्म ६ महिनाको सुत्केरी बिदा प्रदान गर्ने, स्तन क्यान्सर, पाठेघर खस्ने, फिस्टुला, पिसाब चुहिनेलगायत रोगको निःशुल्क उपचार गर्ने, हरेक पालिकामा फास्ट ट्र्याक महिला न्याय युनिट स्थापना गर्ने, हिंसापीडित महिलाका लागि प्रतिपालिका एक आवासीय मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्ने, महिला उद्यमीलाई व्यावसायिक ऋणमा २५ प्रतिशत ब्याज छुट प्रदान गर्ने, एकल महिलाको भत्तामा समयानुसार वृद्धि गर्ने उल्लेख छ।

परराष्ट्र नीति : परराष्ट्र नीतिअन्तर्गत असंलग्न, पञ्चशीलको सिद्धान्तका आधारमा परराष्ट्र सम्बन्ध सुदृढ गर्ने, राष्ट्रिय हितको सर्वोपरिताका आधारमा वैदेशिक सम्बन्ध कायम गर्ने, सीमा नियन्त्रण र भारतले अतिक्रमण गरेको सीमा विवादअन्तर्गत कालापानी, लिपुलेक, लिम्पियाधुराको विषयमा कूटनीतिक वार्ताबाट समाधान गर्ने उल्लेख छ। नेकपाको प्रतिबद्धता पत्रले समाजवादी आर्थिक मोडेल, राष्ट्रिय स्वाधीनता विकास र समावेशितासँग जोडिएको दृष्टिकोणलाई अगाडि सारेको छ। विगतका उपलब्धिलाई आधार बनाएर पार्टीले आर्थिक वृद्धि, सामाजिक न्याय, भ्रष्टाचारमुक्त प्रशासन र संघीयताको पूर्ण कार्यान्वयनमा पाँच वर्षभित्र जोड दिने योजना राखेको छ।

अन्त्यमा, नेकपाको चुनावी प्रतिबद्धता पत्रले सुशासन, आर्थिक समृद्धि, सामाजिक न्याय र राष्ट्रिय स्वाधीनताको सन्तुलनमार्फत समाजवादउन्मुख नेपाल निर्माणको रोडम्याप अगाडि सारेको छ।

(खनाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता हुन्)

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र विभागका उपप्राध्यापक **मिलन श्रेष्ठ**लाई



नीति अनुसन्धान प्रतिष्ठानले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने सुझाव दिनुलाई के भन्नुहुन्छ ?

प्रतिष्ठानले प्राज्ञिक अध्ययन गरेर प्रतिवेदन तयार गरेको हो। सायद अब उसले सो प्रतिवेदन सरकारलाई बुझाउला। प्रतिवेदन बुझाएपछि उसको काम सकिन्छ। तर, सरकारले देशलाई दीर्घकालीन प्रभाव पार्ने यस्तो गम्भीर विषयमा घनीभूत बहस सुरु गराउनुपर्छ। सरोकारवाला राजनीतिक दलदेखि नागरिकस्तरसम्मै यस विषयमा बहस गरेर प्राप्त निचोडलाई लागू गरिनुपर्छ। हाम्रो जस्तो मुलुकका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था अस्थिर राजनीतिको एउटा विकल्प हुन सक्छ। तर, यसमा पनि मन्त्रीहरू संसद्बाट नियुक्त हुने कि प्रधानमन्त्रीबाट भन्ने प्रस्ट हुनुपर्छ। संसद्बाट नियुक्त गरियो भने कथं संसद् विघटन भयो भने प्रधानमन्त्री मात्र बाँकी रहने अवस्था सिर्जना हुन पनि सक्छ।

हाम्रोजस्तो देशमा यस्तो प्रणाली कति उपयुक्त हुन सक्ला ?

अनेकौँ विकल्पमध्ये एउटा विकल्प यो पनि हुन सक्छ। हाम्रो जस्तो बहुजातीय तथा बहुसांस्कृतिक मुलकमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट आउने संसद् बढी समावेशी हुन सक्छ। तर, यस्तो प्रणाली लागू गर्नुअघि नागरिकस्तरमै बहस चलाई नागरिकले अपनत्व लिने वातावरण तयार गर्न सक्नुपर्छ। अन्यथा, नागरिकले अपनत्व नलिने खतरा पनि हुन सक्छ।

यस्तो व्यवस्था भएमा राजनीतिक स्थायित्व हुन सक्ला त ?

छिनछिनमै सरकार फेरिने हाम्रो जस्तो अस्थिर मुलुकमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्थाले केही हदसम्म स्थिरता दिन सक्छ। तर, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीलाई नियन्त्रण गर्ने मेकानिजम के हुने भन्ने निश्चित हुनुपर्छ, अन्यथा तानासाही जन्मिने खतरा पनि रहन्छ।

प्रेरक प्रसंग

घरको वास्तुदोष

एकजना व्यापारीले सहरदेखि केही परको गाउँमा एउटा भव्य फार्महाउस खरिद गरेपछि आफ्ना आफन्त, मित्र र शुभचिन्तकलाई एक भव्य भोज दिए।

विशाल फार्महाउस, कम्पाउन्डभित्रै रहेको आँपको ठुलो बगैँचा र वरिपरिको वातावरण देखेर पाहुनाले फार्महाउसको तारिफ गरे। तर, केही आगन्तुकले उनलाई अरूले बनाएको घरमा बस्नुअघि घरको वास्तु मिलेको छ कि छैन भनेर ज्योतिषीसित सल्लाह लिन अनुरोध गरे। व्यापारीलाई यस्तो कुरामा विश्वास नभए पनि आफन्त र शुभचिन्तकको मन राखिदिन अर्को दिन ज्योतिषीको खोजीमा निस्किए। खोज्दै जाँदा व्यापारीले एक नामी ज्योतिषीलाई भेटेर आफ्नो समस्या बताए। ज्योतिषी उनीसँगै जान तयार भए। दुवैजना व्यापारीको कारमा सवार भए।

बाटामा व्यापारीले पटक-पटक पछाडिबाट आउने कारलाई अघि जान दिइरहे। ज्योतिषीले त्यसको कारण जान्न खोज्दा व्यापारीले भने- सायद उनीहरूको कुनै विशेष काम थियो कि ? उनीहरूबिच कुराकानी हुँदै थियो, अचानक कुनै एक बालक दौडँदै व्यापारीको गाडीअगाडि आइपुगे। गाडीको गति खासै तेज थिएन। त्यसैले, व्यापारीले सजिलै रोके र केही समय सडकको किनारामै बसेर प्रतीक्षा गरे। ज्योतिषले कारण जान्न खोज्दा उनले भने- यो बालक कतैबाट दौडँदै आएको थियो। पक्कै पनि ऊ साथीहरूसित खेल्दै थियो। सायद उसलाई खोज्दै अन्य बालक पनि आउन सक्छन्। त्यसैले, उनीहरूलाई बाधा नपुगोस् भनेर म रोकिएको हुँ। नभन्दै एकैछिनमा दौडँदै अर्को बालक सडकमा देखा परे।

उनीहरू व्यापारीको घरअगाडि पुगे। व्यापारीको कम्पाउन्डभित्रको रुखबाट एक्कासि चरा उडे। व्यापारीले ज्योतिषीलाई भने- हजुर एकछिन गाडीबाट नओर्लिनुस् है गुरु ! सायद केही बालबालिका कम्पाउन्डभित्र पसेर आँप टिप्दै छन्। हामीलाई देखेर आत्तिएर रुखबाट हामफाले भने उनीहरूलाई चोटपटक लाग्न सक्छ। ज्योतिषी हेर्दै थिए, एकैछिनमा एक हुल बालबालिका हातहातमा आँप लिएर बाहिर निस्किए। उनीहरू निस्किसकेपछि व्यापारीले गाडी भित्र लगेर रोके र भने- गुरु, यही हो मेरो घर। अब हजुरले यसको वास्तु हेरिदिनुस्। ज्योतिषीले भने- जुन घरमा तपाईंजस्ता आफ्नोभन्दा अरूको दुःखलाई महत्त्व दिने मान्छे बस्छ, उसलाई ईश्वरले हेर्नुहुन्छ। जसलाई ईश्वरले हेर्नुहुन्छ, उसको घरमा वास्तुदोष हुनै सक्दैन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मननयोग्य सुझाव

यतिखेर देश निर्वाचनमय भएको छ। के सहर, के गाउँ, के नेता, के कार्यकर्ता, के मतदाता, के युवा, के वृद्धवृद्धा, के बालबालिका सबैलाई कुनै न कुनै रूपमा निर्वाचनले छपक्कै छोपेको छ। यही समयमा यहाँको निर्वाचन प्रणालीदेखि शासकीय स्वरूपसम्ममा अनेक किसिमका व्याख्या भइरहेका छन्। यसै सन्दर्भमा सरकारी थिंक ट्यांक नीति अध्ययन प्रतिष्ठानले सरकारको प्रभावकारिता कमजोर हुनुको मुख्य कारण निर्वाचन प्रणाली भएको ठहर गरेको समाचार पढियो। साथै, उसले पूर्ण समानुपातिक निर्वाचन र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने सुझाव पनि दिएको रहेछ। यो सुझाव मननयोग्य छ। यसतर्फ २१ फागुनको निर्वाचनपछि दलहरूको ध्यान जाओस्। यस्तो व्यवस्था भएमा कम्तीमा पनि देशमा राजनीतिक स्थायित्व आउन सक्छ।

● **गौरिका प्रधानांग**, इमाडोल, ललितपुर

कार्टुन मन पर्‍यो

यतिखेर जताततै निर्वाचनको प्रचारप्रसारले राजनीतिक माहोल तातेको छ। यस्तो तरल राजनीतिको फाइदा उठाएर साम्प्रदायिक सोच भएका शक्तिले जनतालाई एक-आपसमा भिडाउन सक्छन्। त्यसैले, यतिखेर सबैले संयम अपनाउनु जरुरी छ। अहिले रौतहटको गौरमा बिथोलिन आँटेको सामाजिक सद्भावको आगो निभाउन फरक-फरक समुदायका व्यक्तिले पानी हालिरहेको कार्टुन मन पर्‍यो।

● **सुविदिप्ता परियार**, बागबजार, काठमाडौं

कारबाही पनि होस्

निर्वाचन आयोगले चार सय ६७ भ्रामक सूचना पहिचान गरी कारबाही गर्न सरोकारवाला निकायलाई सिफारिस गरेको समाचार पढियो। पछिल्लो समयमा निर्वाचन आचारसंहिताविपरीतका गतिविधि तीव्र रूपमा बढे पनि निर्वाचन आयोगले खासै चासो नदिएको भनेर उसको चर्को आलोचना भइरहेको समयमा यसरी आयोगले थोरै नै भए पनि चासो राखेर कारबाही सिफारिस गरेको सुन्दा खुसी लाग्यो।

● **प्रदीप कठायत**, चमती, काठमाडौं

चक्रवर्तीको लेख पढेपछि

१० फागुनको नयाँ पत्रिकामा देवीदत्त चक्रवर्तीको लेख 'सीमा क्षेत्रमा जमाते इस्लामीको जितले भारतमा प्रभाव पर्छ ?' पढेँ। जुन बंगाल ब्रह्मपुत्रले सिञ्चित छ, जहाँ गंगा गएर विश्राम गर्छिन्, उसको आजको हालत हेरेर 'तरस' आउँछ। उता तक्षशिला र हडप्पा जुन भारतीय सभ्यताको उद्गम हुन्, तिनको हालत हेर्दा पनि तरस आउँछ। कुनै राज्यको राजनीतिक विभाजनले कस्तो परिवर्तन गर्दो रहेछ भन्न सोचेर अचम्म लाग्छ। भारतको विरोध गर्दागर्दै पाकिस्तानलाई सुकेनास त लागि नै सकेको छ, अब बंगलादेशले पनि त्यही बाटो पछ्याउँदै छ, जसको प्रमाण हो, जमातको जित। करिम महोदय जमात भारतविरोधी होइन भन्छन्। बंगलादेश निर्माणमा जमातको के भूमिका रह्यो र उसले के-के उत्पात गर्‍यो, त्यसबाट सबै परिचित छन्। करिम त्यतिवेला कति उमेरका थिए, थाहा भएन। तर, म यति मात्र भन्न चाहन्छु, उसको जितले भारत अलिकति 'परेसान' त हुन्छ, तर खासै केही फरक भने पर्नेछैन। बिएनपीले दूरदर्शिता देखाउन सकेन भने बंगलादेशको पनि पाकिस्तानकै हविगत हुन बेर लाग्दैन।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

ट्रम्पले रोक्लान् त इजरायललाई ?

ट्रम्पले चाहे भने उनीसँग नेतान्याहुलाई रोक्न सक्ने शक्ति र प्रभाव दुवै छ



देश / विदेश

● अमिन सैकल

विश्वको ध्यान प्यालेस्टाइनको एक हिस्सा गाजामाथि केन्द्रित हुँदा इजरायल भने अर्को हिस्सा पश्चिम किनारलाई आफूमा विलय गराउन अघि बढेको छ। इजरायलले संसदीय कदम, सुरक्षा अभियान, बस्ती विस्तार र इजरायलीबाट प्यालेस्टिनीमाथि हुने हिंसाको समर्थनमार्फत अहिले पश्चिमी किनारामा बसोवास गर्ने प्यालेस्टिनीलाई अभूतपूर्व दरमा आफ्नै भूमिबाट पलायन हुन बाध्य पारिरहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पश्चिमी किनारा विलयको सार्वजनिक रूपमा विरोध गरेका छन्। तर, उनले यस सम्बन्धमा तत्काल कुनै कदम चालेनन् र आफ्नो अभिव्यक्तिमा कठोर भएनन् भने इजरायललाई रोक्न कठिन हुनेछ।

नेतान्याहुको सुस्त विलयको महत्त्वाकांक्षा : गत जुलाईमा इजरायली संसद् (नेसेट)ले पश्चिम किनार विलयको समर्थनमा एक प्रस्ताव पारित गरेको थियो। उसो त सो प्रस्ताव बाध्यकारी थिएन, तर त्यस कदममार्फत संसद्ले यस मुद्दामा आफू कहाँ उभिएको भन्ने स्पष्ट पार्‍यो। त्यसपछि अमेरिकी उपराष्ट्रपति जेडी भान्स इजरायल भ्रमणमा रहेकै समयमा अक्टोबरमा नेसेटले ती भाग औपचारिक विलयको आह्वान गर्दै दुई विधेयक अनुमोदन गर्‍यो। भान्सले त्यति वेला सो कदमलाई 'अत्यन्त मूर्खतापूर्ण राजनीतिक स्टन्ट' भनेका थिए। तथापि, भान्सको भ्रमणकै अवसर पारेर विधेयक पारित गरिनुले यसको उद्देश्य उनलाई लज्जित पार्नुजस्तो देखियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आफू रहेसम्म स्वतन्त्र प्यालेस्टिनी राज्य निर्माणलाई सम्भव हुन नदिने बताउँदै आएका छन्। पछिल्ला विधेयक नेतान्याहुको सोही वाचाअनुरूप आएका छन्। त्यसपछि यसै महिना (फेब्रुअरी)को सुरुमा इजरायली मन्त्रिपरिषद्ले पश्चिम किनार क्षेत्रलाई साँच्चै नै इजरायलमा विलय गर्ने उपायका शृंखलालाई अनुमोदन गर्‍यो। उग्र दक्षिणपन्थी पार्टीबाट अर्थमन्त्री बनेका बेजालेल स्मोट्रिच र रक्षामन्त्री इजरायल काट्जले ती उपायको प्रस्ताव गरेका थिए। अन्तर्राष्ट्रिय कानुनविरुद्धका यी उपायले त्यस क्षेत्रमा इजरायली शक्ति विस्तारलाई रोक्ने 'कानुनी अवरोध' हटाउने हिसाबले ल्याइएका छन्। यी उपायले इजरायलीलाई पश्चिम किनारका कुनै पनि भेगमा जग्गा खरिद गरी स्वामित्व लिने अग्राधिकार प्रदान गर्छन्। त्यस्तै, अब इजरायली राज्यले पश्चिम किनारामा रहेका ऐतिहासिक र धार्मिक स्थलमाथि समेत पकड कायम गर्न पाउनेछन्।

इजरायलले पहिल्यै आफ्नो प्रमुख प्रतिद्वन्द्वी इरानका दुई मुख्य क्षेत्रीय प्रतिनिधि हमास र हिजबुल्लाहको शक्तिमा उल्लेख्य क्षति पुर्‍याइसकेको छ। एक वर्षको अन्तरालमा इजरायलले लेबनान र सिरियामा आफ्नो सैन्य अवस्थिति फराकिलो बनाएको छ। अहिले नेतान्याहुको नजर तेहरानमा आफूअनुकूल शासन परिवर्तनसम्म पुगेको छ। ट्रम्पले इरानसँग कुनै खालको आणविक विकास रोक्ने सम्झौता चाहेका छन्। तर, नेतान्याहु त्यतिमै खुसी हुनेछैनन्। उनले इरानको आणविक कार्यक्रमलाई ध्वस्त पारेर मात्र नपुग्ने बताउँदै उसको क्षेप्यास्त्र क्षमता पनि कमजोर बनाउनुपर्ने र मध्यपूर्वभरका आफ्ना छद्म शक्तिसँगको सम्बन्ध तोड्न बाध्य पार्न अमेरिकी नेतृत्वलाई बारम्बार जोड दिइरहेका छन्।

ट्रम्पले के गर्लान् ? : पश्चिम किनारामा नयाँ इजरायली उपायले निःसन्देह प्यालेस्टिनीमाथि इजरायलीको आक्रमण बढाउनेछ। पहिल्यैदेखि इजरायलले प्यालेस्टिनीको बसोवास क्षेत्रलाई एक-अर्काबाट सम्पर्कविच्छेद गर्ने गरी तीव्र गतिमा पूर्वाधार बनाइरहेको थियो। 'युएन अफिस फर द कोओर्डिनेसन अफ ह्युम्यानिटेरियन अफेयर्स (ओसिएचए)'का अनुसार सन् २०२५ मा पश्चिम किनारमा प्यालेस्टिनीमाथि हालसम्मकै उच्च हिंसाका कारण ३७ हजारभन्दा बढीलाई विस्थापित गरिएको थियो। ट्रम्पले चाहे भने उनीसँग नेतान्याहुलाई रोक्न सक्ने शक्ति र प्रभाव दुवै छ। तर, सदाझैँ अस्थिर ट्रम्पले लेनदेनका आधारमा आफ्नो अडान सहजै त्याग्न सक्छन्। जस्तो, उनले पश्चिम किनारालाई औपचारिक विलय गर्ने कदमबाट नेतान्याहु पछि हटेबापत नेतान्याहुलाई फाइदा हुने गरी इरानमाथि आक्रमण गर्न पनि सक्छन्। ट्रम्पले अहिले आफ्नो राष्ट्रपतित्वकालको सबैभन्दा ठुलो परीक्षाको सामना गरिरहेका छन्। पहिलो, उनले आफैँले युद्धनायक भन्ने गरेका नेतान्याहुलाई कसरी व्यवस्थापन गर्नेछन् र दोस्रो, उनले इरानसँगको द्वन्द्व कसरी साम्य पार्छन् भन्ने हो।

(सैकल अस्ट्रेलियन नेसनल युनिभर्सिटी, युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलिया र भिक्टोरिया युनिभर्सिटीलगायत विश्वविद्यालयबाट अवकाशप्राप्त सम्मानित प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

अमेरिका–इरान युद्धको सम्भावना र टर्कीको भूमिका

डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा दोस्रो कार्यकाल सुरु गरेदेखि वासिंटनसँग अंकाराको कूटनीतिक संलग्नता तीव्र



● बुर्कु ओजसेलिक

ओजसेलिक लन्डनको 'रोयल युनाइटेड सर्भिसेज इन्स्टिच्युट'मा मध्यपूर्व सुरक्षाका वरिष्ठ अनुसन्धान फेलो हुन् ।



अमेरिका-इरान तनावबिच मध्यपूर्वको एक क्षेत्रीय शक्ति टर्कीले कूटनीतिक प्रयासलाई जीवित राख्ने प्रयास गरेको छ । कूटनीतिक पहलका क्रममा टर्कीका विदेशमन्त्री हाकान फिदानले सहमतिको सम्भावना कम बन्दै गएकाले समग्र क्षेत्रलाई द्वन्द्वतर्फ धकेल्ने जोखिम बढेको चिन्ता व्यक्त गरे ।

इरानविरुद्ध सम्भावित अमेरिकी सैन्य आक्रमणको चर्चा चर्किंदै गएको छ । साथै उक्त आक्रमण असफल हुन सक्ने अनुमानबिच अप्रत्यक्ष कूटनीति तीव्र बनेको छ । तथापि, वार्ता असफल भएमा आक्रमणमा अघि बढ्ने वासिंटनले संकेत गरेको छ । उता तेहरानले भने आफूमाथि आक्रमण भए यो क्षेत्रमा तैनाथ अमेरिकी सेनालाई निसाना बनाउने चेतावनी दिएको छ । चर्का बयानबाजीबिच युद्धको सम्भावना टड्कारो हुँदै गएको छ । पटक-पटक भएका द्विपक्षीय वार्ता निष्कर्षविहीन भइरहेका छन् । कुनै पनि पक्ष तनाव घटाउन पछि हट्न तयार देखिँदैन ।

तनावबिच मध्यपूर्वको एक क्षेत्रीय शक्ति टर्कीले पनि कूटनीतिक प्रयासलाई जीवित राख्ने प्रयास गरेको छ । कूटनीतिक प्रयासबिच टर्कीका विदेशमन्त्री हाकान फिदानले हालैका हप्तामा सर्त बढ्दै जाँदा सहमतिको सम्भावना कम बन्दै गएकोले समग्र क्षेत्रलाई द्वन्द्वतर्फ धकेल्ने जोखिम बढेको चिन्ता व्यक्त गरे । उसो त अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएसँगै वासिंटनसँग अंकाराको संलग्नता तीव्र भएको छ । तर, इरानसँगको युद्धको परिदृश्यमा टर्कीले मध्य-शक्ति कूटनीतिले हासिल गर्न सक्ने उपलब्धि सीमित देखिएको छ । अंकाराको नियन्त्रणबाहिर रहेका क्षेत्रीय शक्ति इजरायललगायतले रणनीतिक गणनालाई आकार दिँदा अब निर्णायक कदम अमेरिकाकै हातमा रहेको छ ।

टर्कीले क्षेत्रीय युद्ध नचाहेको भन्दै आफ्नो अडान स्पष्ट पारेको छ । यद्यपि, यदि सैन्य अभियान सुरु भयो भने उसले त्यसबाट उत्पन्न हुने नतिजा व्यवस्थापन नगरी सुख छैन । विशेषतः इरानसँग टर्कीको सिमाना जोडिएको छ । त्यो सीमा सुरक्षित गर्नेदेखि, इराक र खाडी-लाल सागरबिच कोरिडोरमाथि पर्ने धक्का व्यवस्थापन गर्ने पनि टर्कीको जिम्मेवारी हुनेछ ।

मध्यपूर्वमा टर्कीको भूमिकाबारे प्रायः गलत बुझाइ हाबी छ । नेटो सहयोगी भएकाले अंकारालाई इरानले प्रतिस्पर्धी मान्छ । टर्की-इरानबिचको सम्बन्ध लामो समयदेखि इराक, सिरिया, लेबनान, लाल सागर क्षेत्र र ककेसस क्षेत्रमा नियन्त्रित प्रतिस्पर्धादेखि चुनिएका क्षेत्रमा सहयोगद्वारा परिभाषित छ । यो अव्यवस्थित, लेनदेनात्मक र प्रायः तनावपूर्ण हुने गरेको छ । तैपनि, हालसम्म दुई पक्षले सहकार्यमा मार्ग पहिल्याउन सकेका छन् । अहिले इरान-अमेरिकाबिचको सम्भावित युद्ध टार्न सबै पक्ष मध्यस्थतामार्फत वार्ता गरिरहेका वेला टर्कीले विकास गरेको यो मार्ग उपयोगी हुन सक्छ । टर्कीले इरानको प्रमुख शक्ति केन्द्रसँगै संवाद गर्न सक्ने क्षमता राख्छ ।

अमेरिका-इरानबिच युद्ध रोक्न चाहनुका पछाडि टर्कीको आफ्नै स्वार्थ पनि छ । स्ट्रेट अफ हर्मुज र बाब अल-मन्डेबलाई प्रभावित बनाउने गरी हुने द्वन्द्वले इन्धनको भाउ बढाउनेछ । यसले ढुवानी मार्गलाई पनि धक्का लाग्नेछ । यसको प्रभाव खाडी देश, जोर्डन र इराकमा प्रतिध्वनित हुनेछ । अराजकता र अस्पष्टताबिच सशस्त्र समूहको सञ्जाल सक्रिय हुनेछ । द्वन्द्व लम्बिए इरानभित्र पृथक् तावादी विद्रोह र समग्र मध्यपूर्व क्षेत्रभरि घरेलु ध्रुवीकरण सुरु हुन सक्छ । टर्की यसै भेगमा रहेकाले ऊ प्रभावित नहुने कुरा हुँदैन ।

अंकाराले इरानमा युद्ध नहोस् भन्ने चाहनुको अर्को कारण हो, सम्भावित शरणार्थीको प्रवाह । टर्कीले पहिले नै छिमेकी इराक र सिरियाबाट विस्थापित भएका लाखौँ नागरिकलाई शरण दिँदै आएको छ । यसको आफ्नै राजनीतिक र आर्थिक भार छ । यदि इरानमाथि अमेरिकाले हमला गरे इरानसँगको सिमाना जोडिएको कारण शरणार्थीको ठुलो प्रवाह टर्की भित्रिन सक्छ । अहिलेको अवस्थामा टर्कीले वास्तवमा के गर्न सक्छ ?

पहिलो, सबैभन्दा महत्त्वपूर्ण रूपमा टर्कीले अनुशासित 'ब्याकच्यानल' सञ्चारलाई अघि बढाउन सक्छ । यसै हप्तादेखि अंकाराले यस दिशामा कदम पनि चालिसकेको छ । टर्की वासिंटन र तेहरानबिच मध्यस्थता गर्दै एक-अर्काबिच सन्देशवाहक बन्न सक्छ । साथै, मध्यस्थ हुँदा वार्ता भंग भएको अवस्थामा अमेरिकाले के गर्न सक्छ, त्यसको प्रतिक्रियामा इरानले के गर्न सक्छ भनेर उसले पहिले नै चाल पाउनेछ । कुन कदम रक्षात्मक नभएर आक्रामक हुनेछ भनेर विश्लेषण गर्न समय मिल्नेछ । दोस्रो, टर्कीले परिणामहरू निर्धारण गर्न नसके पनि घटनाक्रमको सहज विकासलाई राजनीतिक रूपमा सम्भव बनाउन मद्दत गर्न सक्छ । अमेरिका-इरानबिचको कूटनीतिमा देखिएको सबैभन्दा ठुलो समस्या दुई पक्ष भिन्न गतिमा फरक कुरा चाहिरहेका छन् । तेहरानले वार्ता आणविक विकासमै सीमित होस् भन्ने चाहेको छ । जबकि, राष्ट्रपति डोनाल्ड ट्रम्पले क्षेप्यास्त्र र इरानको क्षेत्रीय सञ्जाल पनि सम्झौतामा समेटिनुपर्ने बताएका छन् । यी छलफलको अन्तिम निष्कर्ष के हुने भन्ने अझै अस्पष्ट छ । टर्कीको प्राथमिकता भने तनाव कम गरेर अन्तरिम प्याकेजमा छ । यसअन्तर्गत आणविक विकासमा नियन्त्रणको बदलामा इरानलाई सीमित राहत दिने र त्यही अवधिमा समानान्तर च्यानलमार्फत कठिन क्षेत्रीय प्रश्नमाथि छलफल चलोस् भन्ने टर्कीको चाहना हो । यस हिसाबमा हेर्दा हाल इरान र अमेरिकाबिच ओमानले गरिरहेको सहजीकरणलाई टर्कीको प्रयासले प्रतिस्पर्धा नभएर पूरकको काम गर्छ ।


तेस्रो, टर्कीले द्वन्द्व भड्काउन सक्ने 'फ्ल्यासपोइन्ट'मा क्षेत्रीय सुरक्षा निर्माण गर्न मद्दत गर्न सक्छ । यदि आक्रमण सुरु भएमा यो खाडी क्षेत्र, इराक र लाल सागर हुँदै बिस्तारै फैलिन सक्छ । द्वन्द्व लम्बिए इजरायल पनि यसमा तानिन सक्छ । यस्तोमा, टर्कीले यी द्वन्द्व फैलिने मार्गलाई 'नियन्त्रण' त गर्न सक्दैन, यसले विभिन्न व्यावहारिक संयम संयन्त्र तय गर्न भने सक्छ । अर्थात्, केमा प्रहार नगर्ने, कुन रेखा पार नगर्ने र हमला तथा प्रति-हमला व्यापक बन्न थालेपछि कसरी सञ्चार कायम राख्ने भन्ने विषयमा मद्दत गर्न सक्छ । त्यसैले, टर्कीको लक्ष्य बृहत्तर क्षेत्रीय शान्ति निर्माण गर्नेभन्दा पनि संकट व्यवस्थापन गर्ने हो ।

उल्लिखित कुनै पनि उपाय अंकाराका लागि पनि सस्तो पर्नेछैन । वासिंटनसँगको यसको विश्वसनीयतामै असर पर्न सक्छ । टर्कीको कुनै पनि भूमिकामाथि अमेरिका र इजरायलले नजर राख्नेछन् । यसबिच, तेहरानलाई भने टर्कीले साँच्चै स्थिरताको काम गरिरहेको हो वा बलप्रयोग गर्न समय लिइरहेको हो भन्ने अन्योल हुनेछ । यसलाई कठोर क्षेत्रीय वातावरणले थप जटिल बनाएको छ । विशेषतः सिरियामा टर्की र इजरायलबिच परस्परविरोधी स्वार्थले दुई देशबिचको सम्बन्ध सहज छैन । बिस्तारै इजरायलले टर्कीलाई इरानपछिको 'अर्को खतरा'को रूपमा हेर्ने अवस्थासमेत छ । यसो भएमा पहिले नै शत्रुता अन्त्य गर्ने कूटनीतिक प्रयास थप साँघुरो बन्नेछ ।

टर्कीको उद्देश्य अमेरिका-इरानबिचको झडपलाई 'समाधान' गर्नु होइन । बरु यसले संकटलाई लामो समयसम्म नियन्त्रणमा राख्ने उद्देश्य लिएको छ, ताकि कूटनीतिले आफ्नो पक्षमा काम गर्न सकोस् । टर्कीले वासिंटन र तेहरानका निर्णय प्रभावित बनाउन सक्दैन । तर, यसले कूटनीति असफल भयो भने यो विनाशकारी रूपमा नफैलियोस् भन्ने सुनिश्चित गर्ने दिशामा काम गर्न सक्छ ।

- नेसनल इन्ट्रेस्टबाट

इतिहासमा आज



सन् १८६८ : अमेरिकी तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभले तत्कालीन राष्ट्रपति एन्ड्रु जोनसनलाई महाभियोग लगाएको थियो । जोनसनले अंगीकार गरेको पुनर्निर्माण नीतिका कारण कट्टरपन्थी रिपब्लिकन क्रुद्ध बनेका थिए ।

सन् १५८२ : पहिलोपटक पोप ग्रेगोरी १३औँ ले जर्जियन क्यालेन्डर सुरु गर्न आदेश दिएका थिए । सोही समयदेखि जर्जियाली क्यालेन्डर प्रयोगमा आएको विश्वास गरिन्छ ।

सन् १९२० : जर्मनीमा नाजी पार्टीको स्थापना भयो । सन् १९२१ मा एडोल्फ हिटलर पार्टीका नेता बनेका थिए ।

सन् १९५५ : अमेरिकी व्यवसायी स्टिब जब्सको जन्मदिन ।

सन् १९७६ : क्युबामा फिडेल क्यास्ट्रोको शासनले क्युबाको संविधान अंगिकार गऱ्यो । क्यास्ट्रो शासनकालमा क्युबामा एक राजनीतिक दल कम्युनिस्ट पार्टी अफ क्युबालाई मान्यता दिइएको थियो ।

सन् २०१० : भारतका सचिन तेन्दुलकर एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलमा दोहोरो शतक बनाउने पहिलो क्रिकेट खेलाडी बनेका थिए । तेन्दुलकर क्रिकेट जगत्मा उत्कृष्ट ब्याट्सम्यानको रूपमा विश्वभर चिनिन्छन् ।

विश्व संक्षेप

मारिए मेक्सिकोका कुख्यात लागुऔषध तस्कर

मेक्सिको सिटी / मेक्सिकन सेनाले देशका विभिन्न भागमा हिंसाको लहर निम्त्याएको एक कारबाहीमा शक्तिशाली लागुऔषध तस्कर नेमेसियो ओसेगुएरा उर्फ एल मेन्चो मारिएको जनाएको छ । जलिस्को न्यु जेनेरेसन कार्टेलका ५९ वर्षीय नेता ओसेगुएरा जलिस्को राज्यको तपाल्पा सहरमा सैनिकसँगको झडपमा घाइते भएका थिए र मेक्सिको सिटी लैजाँदै गर्दा उनको मृत्यु भएको सेनाले एक विज्ञप्तिमा जनाएको छ । मेक्सिको सरकारले उनलाई जीवितै वा मृत ल्याउनेलाई १५ मिलियन अमेरिकी डलरको इनाम घोषणा गरेको थियो ।

एल मान्चो मारिएसँगै केही स्थानमा हिंसा भड्किएको छ । आक्रमणको बदला लिन बन्दुकधारीले पश्चिमी जलिस्को राज्यका २० भन्दा बढी सडक अवरुद्ध गर्नुका साथै केही सवारी साधनमा आगजनी गरेका थिए । हिंसा अन्य राज्यमा पनि फैलिएको थियो । मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबाउमले नागरिकलाई शान्त रहन आग्रह गर्दै केन्द्रीय सरकारले राज्यका अधिकारीसँग समन्वयमा रहेको बताइन् । एल मेन्चो अर्का तस्कर जोआकिन एल चापो गुजम्यान र यसअघि पक्राउ परेका स्माएल जाम्बाडापछिका सबैभन्दा ठुला मेक्सिकन लागुऔषध कारोबारीमध्ये एक हुन् । गुजम्यान र स्माएल दुवै अहिले संयुक्त राज्य अमेरिकामा सजाय भोगिरहेका छन् । विज्ञप्तिमा भनिएको छ कि कारबाही मेक्सिकोको आफ्नै सैन्य गुप्तचरको अतिरिक्त छापा अमेरिकी अधिकारीबाट 'पूरक जानकारी' लिएर गरिएको थियो । ओसेगुएराबाहेक छजना संदिग्ध कार्टेल बन्दुकधारी मारिएको र तीन सैनिक घाइते भएको विज्ञप्तिमा जनाइएको छ ।



त्यस्तै, लागुऔषध गिरोहका अन्य दुई संदिग्धलाई पक्राउ गरी विभिन्न प्रकारका हतियार जफत गरिएको छ । जफत भएका हतियारमा हवाईजहाज खसाल्न र बख्तरबन्द सवारीसाधन नष्ट गर्न प्रयोग हुने रकेट लन्चरलगायत अत्याधुनिक हतियार छन् ।

सिरियाबाट फर्किदै अमेरिकी सेना

दमास्कस / अमेरिकाले आगामी केही महिनामा सिरियाबाट आफ्ना बाँकी सेनालाई ठुलो मात्रामा फिर्ता बोलाउने तयारी गरेको छ । ह्वाइट हाउसका एक वरिष्ठ अधिकारीले उक्त जानकारी दिएका हुन् । अधिकारीले सिरियाली सरकारले आफ्नो सिमानाभित्र आतंकवादविरुद्ध लड्न सहमत भएको र अमेरिकी सैन्य उपस्थिति अब आवश्यक नरहेको बताएका छन् । इस्लामिक स्टेट समूह (आइएस) को प्रभावलाई रोक्न आतंकवादविरोधी अभियानको एक भागको रूपमा अमेरिकी सेना २०१५ देखि सिरियामा छन् । इरानसँग तनाव बढ्दै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा सैन्य उपस्थिति बढाएपछि ह्वाइटहाउसको यो निर्णय आएको हो ।

अधिकारीले सिरियाबाट बाँकी रहेका लगभग एक हजार सेनालाई हटाउने निर्णय समयको आवश्यकता भएको र अमेरिका यस क्षेत्रमा हुने कुनै पनि खतराको जवाफ दिन तयार रहेको उल्लेख गरेका छन् ।

विशेषगरी, इराननजिकै अमेरिकी सेनाको उपस्थिति बढ्दै गएका वेला सिरियाबाट अमेरिकाले सेना फिर्ता गर्न लागेको हो । इराननजिकै निर्देशित मिसाइल विनाशक र दर्जनौँ लडाकु जेटले सुसज्जित विमानवाहक युएसएस अब्राहम लिंकन तैनाथ गरिएको छ । अमेरिकाले विश्वको सबैभन्दा ठुलो युद्धपोत युएसएस जेराल्ड आर फोर्डलाई मध्यपूर्वमा पठाएको पनि बताइएको छ, जुन आगामी तीन हप्ताभित्र यस क्षेत्रमा आइपुग्ने अपेक्षा गरिएको छ ।

विश्वले निरन्तर जारी राख्नुपर्छ गरिबीविरुद्धको लडाइँ





● अकिनवुमी ए. अदेसिना



● इलान गोल्डफेजन

विश्व अर्थतन्त्र सुस्त हुँदै गएको र विभिन्न देशले बढ्दो ऋण सामना गरिरहेका वेला धेरै विकासशील देशका सरकार गरिबी निवारण कार्यक्रमलाई पछि सार्ने वा धकेल्ने प्रलोभनमा पर्न सक्छन् । त्यस्तो कदम चालिएमा गम्भीर गल्ती हुनेछ । गरिबीसँग लड्नु केवल नैतिक अनिवार्यता मात्र होइन, यो आर्थिक स्थिरता, द्वन्द्व रोकथाम र दीर्घकालीन विकासका लागि पनि अति नै महत्त्वपूर्ण छ ।

हालैको अनुसन्धानले गरिबी घटाउने आर्थिक मामिलालाई समर्थन गर्छ, जसले गरिबी दरमा दश प्रतिशत बिन्दुको कमीले प्रतिव्यक्ति वृद्धि वार्षिक १.२ प्रतिशतसम्म बढाउन सक्छ । प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी) र पाराग्वेजस्ता देशका लागि यसको अर्थ वार्षिक प्रतिव्यक्ति वृद्धिमा २५ प्रतिशत वा सोभन्दा बढी वृद्धि हुनेछ ।

यसबाहेक, अफ्रिका, ल्याटिन अमेरिका र क्यारिबियन देशको अनुभवले देखाउँछ कि गम्भीर बजेट अवरोधमा पनि अर्थपूर्ण गरिबी न्यूनीकरण हासिल गर्न सकिन्छ । यसका लागि सरकारले तीन प्रमुख क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्छ । पहिलो ऊर्जा हो । उत्पादन र कृषिका लागि किफायती बिजुलीमा पहुँच विस्तार गर्नु आवश्यक छ । यसरी गरिबी घटाउन दिगो विकास आवश्यक छ । यस सन्दर्भमा एक प्रमुख कदम मिसन ३०० हो, जुन विश्व बैंक र अफ्रिकी विकास बैंक (एएफडिबी) को नेतृत्वमा एक अभूतपूर्व पहल हो, जसले २०३० सम्ममा ३० करोड अफ्रिकीलाई बिजुली प्रदान गर्ने लक्ष्य राखेको छ ।

दोस्रो प्राथमिकता मानव पुँजीमा लगानी गर्नु हो । अध्ययनले निरन्तर रूपमा देखाएका छन् कि प्रारम्भिक बाल्यकाल कार्यक्रम, गुणस्तरीय शिक्षा र पहुँचयोग्य स्वास्थ्य सेवामा लगानीले उच्च प्रतिफल दिन्छ । उदाहरणका लागि, जमैकामा २०२१ को एक अध्ययनअनुसार प्रारम्भिक हस्तक्षेपले आयमा ३७ प्रतिशतले वृद्धि गऱ्यो । त्यस्तैगरी २०२४ को विश्व खाद्य कार्यक्रमको एक अध्ययनले स्कुल पोषण कार्यक्रमले क्रस-सेक्टर लाभमा नौ डलरसम्म उत्पादन गर्न सक्ने पत्ता लगाएको छ । उल्लेखनीय रूपमा केन्याको होम-ग्रोन स्कुल फिडिङ प्रोग्राम, (जसले शिक्षा, पोषण र स्थानीय कृषिलाई जोड्छ) ले विद्यालयमा विद्यार्थीको उपस्थिति बढाएको छ, स्वास्थ्य परिणाममा अभूतपूर्व सुधार ल्याएको छ र विद्यार्थीको दीर्घकालीन आम्दानी क्षमता बढाएको छ । अन्तमा, ठुलो मात्रामा सीमापार पूर्वाधारमा लगानीले आर्थिक एकीकरणलाई गति दिन, रोजगारीका अवसर सिर्जना गर्न र गरिबीलाई तीव्र रूपमा घटाउन सकिन्छ । ३३ करोड जनसंख्या भएका पाँच पश्चिम अफ्रिकी देशलाई जोड्ने १५.६ अर्ब डलरको अबिडजान-लागोस सुपर-करिडोरले २०३० सम्ममा पश्चिम अफ्रिकाको ७५ प्रतिशत भाग समेट्नेछ । यस्तै परियोजनामा मध्य अफ्रिकी गणतन्त्र डिआर कंगो र चाडलाई जोड्ने प्रस्तावित ५३१ मिलियन डलरको करिडोर र ५७६ मिलियनको एएफडिबीले वित्त पोषण गरेको नाकाला रोड कोरिडोर (जसले पहिले नै जाम्बिया, मलावी र मोजाम्बिकका २० लाखभन्दा बढी मानिसलाई फाइदा पुऱ्याइरहेको छ) छन् ।

यी रणनीति लागतका दृष्टिले प्रभावकारी भए पनि विश्वभर सार्वजनिक बजेट बढ्दो तनावमा रहेको वेला तिनीहरूलाई बढाउन बढ्दो वित्तपोषण आवश्यक पर्छ । एफडिबी र अन्तर-अमेरिकी विकास बैंक (आइडिबी) द्वारा विकसित अन्तर्राष्ट्रिय मुद्रा कोषको विशेष रेखाचित्र अधिकार (एसडिआर) र आइएमएफको आरक्षित सम्पत्तिमा आधारित हाइब्रिड पुँजी उपकरणले आशाजनक समाधान प्रदान गर्छ ।

> बजेट अवरोधमा पनि अर्थपूर्ण गरिबी न्यूनीकरण हासिल गर्न सकिन्छ भन्ने गतिलो उदाहरण अफ्रिका, ल्याटिन अमेरिका र क्यारिबियन देशको अनुभवले देखाएको छ

गत वर्ष आइएमएफले देशहरूलाई एएफडिबी र आइडिबीमार्फत विकासशील देशलाई स्वेच्छाले आफ्नो विद्यमान एसडिआर पुनः परिवर्तन गर्न अनुमति दियो, जसको ट्रिपल-ए क्रेडिट मूल्यांकन र प्रमाणित ट्र्याक रेकर्डले तिनीहरूलाई यी अतिरिक्त स्रोतको प्रभावलाई अधिकतम बनाउन विशिष्ट रूपमा सक्षम बनाउँछ । प्रभाव परिवर्तनकारी हुन सक्छ, किनभने एसडिआरको प्रत्येक डलरबराबर एफडिबी र आइडिबीले अर्ध-इक्विटीको रूपमा गणना प्राप्त गर्छ, जसले गर्दा हाम्रो अनुमानअनुसार तिनीहरूको मूल्य ३-८ गुणाले वृद्धि गर्न सक्षम हुन्छ । त्यसैले, एसडिआरहरूको लाभ उठाएर हामी पूर्वाधार, हरित प्रविधि र कृषिमा निजी लगानी आकर्षित गर्ने कम ब्याजदरको ऋण, ग्यारेन्टी र मिश्रित-वित्त उपकरण प्रयोग गर्न सक्छौँ । ल्याटिन अमेरिकामा आइडिबीले अनुमान गरेको छ कि एसडिआरमा एक अर्ब डलर परिचालन गर्नाले ७-८ अर्ब डलरको विकास कोष खोल्न सक्छ, जुन एक करोड बालबालिकालाई स्कुल खाना, १३ लाख महिला र बालबालिकालाई स्वास्थ्य सेवा र एक वर्षका लागि ४० लाख घरपरिवारलाई प्रत्यक्ष नगद स्थानान्तरण प्रदान गर्न पर्याप्त छ र अन्ततः यसले २०३० सम्ममा चरम गरिबी उन्मूलन गर्ने प्रयासलाई अगाडि बढाउँछ ।

यस दृष्टिकोणअनुरूप आइडिबी पहिले नै भोकमरी र गरिबीविरुद्धको विश्वव्यापी गठबन्धनमा सामेल भइसकेको छ, जसले सरकारको नेतृत्वमा रहेका नीति र खाद्य सुरक्षा पहललाई समर्थन गर्न २५ अर्ब डलरसम्मको प्रतिबद्धता जनाएको छ । विशेषगरी, अफ्रिकामा सामान्य एसिडआर पुनर्विनियोजनले पनि ठुलो प्रतिफल दिन सक्छ । एएफडिबीको अनुमानअनुसार यदि कृषिमा लगानी गरियो भने एक करोड ६० लाख किसानको उत्पादकता दोब्बर बनाउन, खाद्य उत्पादन चार करोड टनले बढाउन र २०३० सम्ममा आठ करोड मानिसलाई गरिबीबाट बाहिर निकाल्न सकिन्छ ।

एक हजार ३०० किलोमिटर लोबिटो करिडोरसहित क्षेत्रीय पूर्वाधारमा थप ४.५ अर्ब डलर छुट्याउन सकिन्छ । अंगोलादेखि भूपरिवेष्टित, खनिजले धनी क्षेत्र जाम्बिया र डिआरसी जोड्ने रेलवेलाई आधुनिकीकरण गर्ने इयू समर्थित परियोजनाले एट्लान्टिक र एसियाबिचको ढुवानी समय कम्तीमा १० दिन घटाउनेछ । गरिबीविरुद्धको लडाइँ विश्वव्यापी प्राथमिकतामा रहनुपर्छ । सुव्यवस्थित लगानी र नवीन वित्तपोषणको माध्यमबाट विकासशील देशले आर्थिक मन्दीलाई सामना गर्न, जीवनस्तर उकास्न र सबैका लागि अझ स्थिर र समृद्ध भविष्यको जग बसाल्न सक्छन् ।

(गोल्डफेजन अन्तर-अमेरिकी विकास बैंक समूहका अध्यक्ष हुन् भने अदेसिना अफ्रिकी विकास बैंक समूहका पूर्वअध्यक्ष हुन् ।

- प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १२ फागुन ०८२

■ धितोपत्र अभौतिकीकरण कार्य सञ्चालन निर्देशिका, २०८२ को मस्यौदा

संस्थापक र सर्वसाधारण सेयरको आइजिन विधिपूर्वक मिसाउन पाइने



सिडिएससीकी प्रबन्ध निर्देशक प्रविन पन्दाक भन्छिन्– प्रस्तावित निर्देशिकामा सुटुक्क कम्पनीको संस्थापक र सर्वसाधारण सेयरको आइजिन मिसाउन नपाइने व्यवस्था गरेका हौं ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सिडिएससी एन्ड क्लियरिङ लिमिटेडले संस्थापक र सर्वसाधारणको सेयरलाई अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउने परिचय नम्बर (आइजिन) मिश्रण गर्न मिल्ने व्यवस्थासहितको निर्देशिका प्रस्ताव गरेको प्रस्टीकरण दिएको छ । सोमबार धितोपत्र अभौतिकीकरण कार्य सञ्चालन निर्देशिका, २०८२ को मस्यौदामाथि छलफल कार्यक्रममा सिडिएससीले यस्तो स्पष्ट पारेको हो ।

सिडिएससीको प्रबन्ध निर्देशक प्रबिन पन्दाकले निर्देशिकाको मस्यौदाबारे भ्रम फैलाएको उल्लेख गर्दै संस्थापक र सर्वसाधारणको आइजिन नम्बर मिसाउनै नपाउने व्यवस्था प्रस्ताव नरहेको बताइन् । उनले भनिन्, 'संस्थापक र सर्वसाधारण सेयरको मूल्य फरक हुनु सर्वविदितै छ । उदाहरणका लागि, करिब ४१ करोडको संस्थापक सेयर बजार मूल्य १,३२७ हुँदा, सर्वसाधारण सेयरमा सुटुक्क मिसाउँदा पाँच अर्ब ४४ करोडसम्म पुग्ने अवस्था देखिएको छ । यहाँ 'सुटुक्क मिसाउने' शब्दमा ध्यान दिनुहोला । निर्देशिकाले कहिल्यै नमिसाउने भनेको होइन । विधिवत् रूपमा आइजिन मिसाउनुपर्छ भनेको हो ।'

केही कम्पनीहरूको प्रबन्धपत्रमा ९० प्रतिशत संस्थापक र १० प्रतिशत सर्वसाधारण सेयर उल्लेख भए पनि प्रणालीमा फरक तथ्यांक देखिएको उनको जिकिर छ । उनले भनिन्, 'बैंकमा एक लाख जम्मा गर्दा भौचरमा एक लाख र सिस्टममा पाँच लाख देखिएजस्तो अवस्था पुँजी बजारमा स्वीकार्य हुँदैन । अधिकांश कम्पनीले विधिपूर्वक तथ्यांक मिसाएका छन्, तर केहीमा बेथिति देखिएको छ । के यस्तो अवस्था कानुनसम्मत हो ? के यो पारदर्शी हो ? यी गम्भीर प्रश्न हुन् ।'

एउटै आइजिनका कारण तथ्यांक गडबडी, ननट्रान्सपरेन्सी र अनुचित लाभको सम्भावना बढेकाले दुईवटा आइजिन प्रस्ताव गरिएको उनको भनाइ छ । उनले 'बेथिति रोक्न, पारदर्शिता सुनिश्चित गर्न र नियतवश वा प्राविधिक त्रुटिका कारण हुने विकृति न्यून गर्न' यस्तो प्रस्ताव राखिएको बताइन् ।

पन्दाकले केही कम्पनीहरूले एकल आइजिनको मौका छोपेर गुपचुपमा संस्थापक सेयरलाई सर्वसाधारणको मूल्यमा बिक्री गरेर एकल आइजिन नम्बरको दुरुपयोग भएको दाबी गरिन् । पन्दाकले बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठको सहयोगमा मस्यौदा तयार गरे पनि हालसम्म औपचारिक स्वीकृति प्राप्त नभएको जानकारी दिइन् । उनले भनिन्, 'निर्देशिकामा संस्थापक र सर्वसाधारण सेयरलाई लकइन अवधिभर फरक फरक आइजिन दिने व्यवस्था प्रस्ताव गरिएको थियो र सोहीअनुसार कन्भर्जन हुने व्यवस्था पनि समावेश गरिएको छ । कानुन मन्त्रालयका प्रतिनिधि तथा बोर्ड सदस्य विनोद भण्डारीको संयोजकत्वमा रहेको कानुन उपसमितिमा अध्ययनरत रहेको जानकारी प्राप्त भएको छ । अपरेटिङ लेभलको विषय भएकाले छोटो समयमै निर्णय आउने अपेक्षा थियो, तर ६-७ महिनासम्म पनि निर्णय नभएको अवस्था छ ।' उनका अनुसार यदि तत्काल स्वीकृत भई लागू भएको भए आज यति धेरै विवाद र द्वन्द्व सिर्जना हुने थिएन ।

सेयर लगानीकर्ता प्रकाश रजौरेले फरक-फरक आइजिन नहुँदा आर्थिक अपराधको जोखिम रहेको उल्लेख गरे । उनले भने, 'विगतको उदाहरण हेर्दा, निजी क्षेत्रको पहिलो हाइड्रोपावर कम्पनी नेसन हाइड्रोपावर कम्पनीमा प्रमोटर र सर्वसाधारण सेयर छुट्टाछुट्टै थिए । त्यतिवेला अभौतिकीकरण प्रणाली थिएन । तर, प्रमोटर सेयरलाई पब्लिक सेयरको छाप लगाई दोहोरो प्रयोग गरिएको घटनाले गम्भीर वित्तीय जोखिम सिर्जना गरेको थियो । पछि बैंकिङ प्रणालीमार्फत सोधीखोजी हुँदा ठुलो आर्थिक अपराधबाट जोगिएको अवस्था थियो । यसले पहिचान (आइडी) प्रणालीको आवश्यकता किन महत्त्वपूर्ण छ भन्ने देखिन्छ ।'

आईपिओ प्रणालीको मूल उद्देश्य परियोजनाका लागि जनताबाट पारदर्शी ढंगले पुँजी उठाउनुपर्ने रहेको उनको भनाइ छ । उनका अनुसार प्रमोटरले आफ्नो अंश घोषणा गर्छ, बाँकी अंश सर्वसाधारणलाई प्रस्ताव गरिन्छ र बैंक ऋण तथा प्रमोटर पुँजीसहित परियोजना सम्पन्न गरिन्छ । 'यदि लिस्टिङपछि नियमविपरीत रूपमा सेयर एकीकृत गरिन्छ, लकइन अवधिअघि नै बिक्री गरिन्छ वा बजार मूल्य कृत्रिम रूपमा बढाइन्छ भने त्यसले अनियमितता देखाउँछ,' उनले भने, 'उदाहरणका रूपमा सिटी होटेल, रिलायन्स स्पिनिङ मिल, ज्योति स्पिनिङ मिलजस्ता कम्पनीबारे बजारमा उठेका प्रश्नले नियमन र मूल्य निर्धारण प्रक्रियामा पारदर्शिताको आवश्यकता देखाएका छन् । यदि १०० रुपैयाँको सेयर उच्च प्रिमियममा जारी भई बजारमा कम मूल्यमा लिस्टिङ हुन्छ भने, त्यसको औचित्य र निष्पक्षता सम्बन्धमा छानबिन आवश्यक हुन्छ । यस सन्दर्भमा सम्बन्धित समितिहरूले समयमै प्रतिवेदन सार्वजनिक गर्नुपर्ने हुन्छ ।'

के छ निर्देशिकाको मस्यौदामा ?

कार्यक्रममा सिडिएससीले सार्वजनिक गरेको निर्देशिकाको मस्यौदामा आइजिन मिश्रण गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको उल्लेख छ । मस्यौदामा भनिएको छ, 'कुनै धितोपत्रलाई फरक-फरक आइजिन प्रदान गरिएकोमा त्यस्तो धितोपत्रका लागि प्रचलित कानुनबमोजिम फरक आइजिन आवश्यक नपर्ने देखिएमा सम्बन्धित संगठित संस्थाको अनुरोधमा सिडिएससीले आवश्यकताअनुसार प्रदान गरिएको आइजिन मिश्रण गर्न सक्नेछ ।'

यसका लागि कम्पनीले आइजिन मिसाउने प्रस्ताव साधारणसभाबाट पारित गराउनुपर्ने उल्लेख छ । त्यस्तै, आइजिन मिसाउने सम्बन्धमा सञ्चारमाध्यममा दुईपटक सूचना प्रकाशन गरेको हुनुपर्ने भनिएको छ ।

कम्पनीले धितोपत्र सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा छुट्टाछुट्टै रहने व्यवस्थाका साथै सिडिएससीलगायत सम्बन्धित निकायमा दर्ताका लागि पेस गर्दा नै उल्लेख गरेबमोजिम प्रणालीमा पनि व्यवस्था गरिएको छ । यसरी यस निर्देशिका कार्यान्वयन भएपछि कम्पनीले संस्थापक सेयरलाई सर्वसाधारणमा परिवर्तन गर्न चाहेमा वार्षिक साधारणसभाबाट पारित गरी धितोपत्र बोर्ड र नेप्सेलाई जानकारी दिई एउटै आइजिनमा विधिपूर्वक मिसाउन सक्ने व्यवस्था प्रस्तावित निर्देशिकामा छ । यसरी संस्थापक समूहका सेयरलाई एउटै आइजिनमा मिसाउनका लागि कुनै पनि शुल्क नलाग्ने सिडिएससीले जनाएको छ । सर्वसाधारण लगानीकर्ता भुक्तिकन सक्ने र सिडिएससीको प्रणालीमा भएको तथ्यांक नमिल्ने गरेकाले विधिपूर्वक मिसाउनुपर्ने भएकाले निर्देशिका आवश्यक परेको उल्लेख छ ।

जलविद्युत् प्रवर्द्धकको आपत्ति

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले सीमित लगानीकर्ता तथा प्रवर्द्धकको गल्तीको परिणाम सबैलाई व्यहोर्न लगाउन नहुने बताए । यस्तो व्यवस्थाले निजी क्षेत्रको काम गर्ने वातावरणमै असर पार्ने उनको दाबी छ । यद्यपि, उनले आइजिन छुट्याउँदा निजी क्षेत्रमा पर्ने असरबारे भने स्पष्ट खुलाएनन् । उनले भने, 'गलत गर्ने एक-दुई कम्पनी भए भने, उनीहरूलाई कारबाही गर्नुपर्छ । हामी पनि साथ दिन्छौं । तर, ५०० कम्पनीमध्ये एउटाले गल्ती गऱ्यो भन्दैमा सबैलाई एउटै डन्डाले हान्न मिल्दैन । निजी क्षेत्र चाहिँदैन भने स्पष्ट भनिदिनुपर्छ । नत्र, निजी क्षेत्रलाई काम गर्ने वातावरण दिनुपर्छ ।'

उनले निर्देशिकालाई इंकित गर्दै सरकारले कुनै कम्पनीलाई सार्वजनिक सेयर निष्कासनमै प्रतिबन्ध लगाउन चुनौती दिएका छन् । उनले भने, 'यदि सरकारले निर्णय गर्छ कि अब कुनै कम्पनी आइपिओमा जान नपाउने भने त्यो नीतिगत रूपमा स्पष्ट गरिदियोस् । त्यसपछि यस्तो छलफल गर्नैपर्दैन । १० प्रतिशत मात्रै खोल्ने, बजारमा त्यही सीमित सेयर किनबेच हुने अनि फेरि त्यसैलाई लिएर विवाद गर्ने । यो किन ? सुरुमै ५० प्रतिशत खोल्ने हो भने खोलिदियोस् । बजारले निर्णय गर्छ ।'

यो वर्ष लक्ष्यअनुसार ६ लाख टन रासायनिक मल आपूर्ति सुनिश्चित

आगामी चैते धान, मकै बाली र बर्खे धानका बिउ (ब्याड) राख्न मल अभाव नहुने मन्त्रालयको दाबी

चार लाख टन मल वितरण, बर्खे धान रोपाइँलाई तीन लाख टन आपूर्ति सुनिश्चित

अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ मा सरकारको लक्ष्यअनुसार ६ लाख टन रासायनिक मल आपूर्तिको सुनिश्चित भइसकेको पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार चालू आवको १० फागुनसम्म तीन लाख ९० हजार ६६ टन रासायनिक मल किसानलाई वितरण भइसकेको छ । मल वितरणपछि पनि कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको गोदाममा अहिले एक लाख २७ हजार चार सय ९२ टन मौज्दात छ । त्यस्तै, ३३ हजार तीन सय ९५ टन कोलकत्ता बन्दरगाहबाट आउने क्रममा छ । थप ५२ हजार टन कृषि सामग्रीको टेन्डरअनुसार 'सिपमेन्ट' हुने क्रममा रहेको मन्त्रालयले जनाएको छ । यो सबै मल आगामी चैते धान, मकै बाली र बर्खे धानका बिउ (ब्याड) राख्नका लागि पुग्ने कृषि सामग्रीका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले बताए । हाल मौज्दात रहेको र मार्गस्थमा रहेको परिमाणले जेठसम्मको माग धान्न पुग्ने उनको भनाइ छ । 'यसपालि मल वितरण पनि विगतको भन्दा धेरै भएको छ र अहिले मौज्दात रहेको परिमाणले जेठसम्मको माग धान्न सकिन्छ भन्ने अपेक्षा छ,' उनले भने, 'त्यसपछिको माग परिमाण धान्नका लागि पनि आवश्यक व्यवस्था भइसकेको छ ।'

योबाहेक आगामी असार, साउन र भदौका लागि तीन लाख पाँच हजार टन रासायनिक मल खरिदका लागि अर्थ मन्त्रालयबाट स्रोत सहमति लिइसकिएको उनले जानकारी दिए । स्रोत सहमति प्राप्तमध्ये दुई लाख १० हजार टन कृषि सामग्री र ९५ हजार टन साल्ट ट्रेडिङमार्फ आपूर्ति हुनेछ । कृषि सामग्रीले असार, साउन र भदौका लागि अहिले नै डेढ लाख टन मलको टेन्डरसमेत निकालिसकेको छ । यसमध्ये ३० हजार टन युरियाको बोलपत्र खोलेर ठेक्का सम्झौता नै हुन लागेको छ ।

'टेन्डर खोलेर ठेक्का सम्झौता गर्ने र मल प्राप्त गर्ने समय धेरै लामो भएकाले अहिलेबाटै खरिद प्रक्रिया अघि बढाइएको छ,' उनले भने, 'अहिले थालेको खरिद प्रक्रियाबाट असारमा मल प्राप्त हुने करिब निश्चित नै छ ।' सरकारले यो वर्ष मल खरिदका लागि अनुदानबापत २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ व्यहोरेको छ ।



● **विष्णुप्रसाद पोखरेल**, प्रबन्ध सञ्चालक, कृषि सामग्री कम्पनी

यसपालि मल वितरण पनि विगतको भन्दा धेरै भएको छ । अहिले मौज्दात रहेको परिमाण र मार्गस्थमा रहेको परिमाणले जेठसम्मको माग धान्न सकिन्छ भन्ने अपेक्षा छ । त्यसपछिको माग परिमाण धान्नका लागि पनि आवश्यक व्यवस्था भइसकेको छ । आगामी आर्थिक वर्षको बजेटबाट खर्च गर्ने गरी अर्थ मन्त्रालयबाट तीन लाख पाँच हजार टन मल खरिदका लागि स्रोत सहमति लिने काम भइसकेको छ । टेन्डर खोलेर ठेक्का सम्झौता गर्ने र मल प्राप्त गर्ने समय धेरै लामो भएकाले अहिलेबाटै खरिद प्रक्रिया अघि बढाइएको छ । अहिले थालेको खरिद प्रक्रियाबाट असारमा मल प्राप्त हुने करिब निश्चित नै छ । स्रोत सहमति प्राप्त गरेर किनेको मलले असार, साउन र भदौको माग धान्न पुग्ने अपेक्षा छ ।

तीन लाख ९० हजार टन वितरण

चालू आवको १० फागुनसम्म कृषि सहकारी, एग्रोभेट र निजी बिक्री केन्द्रमार्फत तीन लाख ९० हजार ६६ टन मल बिक्री भएको मन्त्रालयले जनाएको छ । यसमध्ये युरिया दुई लाख २७ हजार सात सय ८१ टन, डिएपी एक लाख ५१ हजार एक सय १४ टन र पोटास



११ हजार एक सय ७० टन बिक्री भएको मन्त्रालयको तथ्यांक छ । यो अवधिमा कृषि सामग्रीका तर्फबाट युरिया एक लाख ७६ हजार सात सय १० टन, डिएपी एक लाख ६ हजार एक सय ७१ टन र पोटास पाँच हजार सात सय २९ टन गरी कुल दुई लाख ८८ हजार ६ सय ११ टन मल बिक्री भएको छ भने साल्ट ट्रेडिङका तर्फबाट युरिया ५१ हजार ७० टन, डिएपी ४४ हजार नौ सय ४३ टन र पोटास पाँच हजार चार सय ४० टन गरी कुल एक लाख एक हजार चार सय ५४ टन बिक्री भएको मन्त्रालयले जनाएको छ ।

गोदाममा एक लाख २७ हजार टन मौज्दात

कृषि सामग्री र साल्ट ट्रेडिङको गोदाममा १० फागुनसम्म एक लाख २७ हजार चार सय ९४ टन रासायनिक मल मौज्दात छ । कृषि सामग्रीको गोदाममा युरिया ६१ हजार नौ सय ११ टन, डिएपी २५ हजार दुई सय ५० टन र पोटास नौ हजार चार सय ८८ टन गरी कुल ९६ हजार ६ सय ५० टन मौज्दात छ । त्यस्तै, साल्ट ट्रेडिङको गोदाममा युरिया १४ हजार एक सय ८४ टन, डिएपी १२ हजार ६ सय नौ टन र पोटास चार हजार ४८ टन गरी कुल ३० हजार आठ सय ४२ टन मौज्दात छ ।

८५ हजार टन 'सिपमेन्ट'

कृषि मन्त्रालयका अनुसार कोलकाता बन्दरगाहमा कषि सामग्रीको टेन्डरमार्फत ३३ हजार तीन सय ९५ टन रासायनिक मल आइसकेको छ । यसमध्ये युरिया दुई लाख २३ हजार तीन टन, डिएपी तीन हजार तीन सय ३८ टन र पोटास सात हजार सात सय ५३ टन रहेको मन्त्रालयले जनाएको छ । थप ३२ हजार टन डिएपी र २० हजार टन युरिया गरी कुल ५२ हजार टन मल विभिन्न देशमा सिपमेन्ट हुन लागेको छ । उक्त मल आगामी जेठसम्म नेपाल भित्रिने कार्यतालिका छ ।

नेप्से सामान्य अंकले बढ्यो

काठमाडौं/ लगातार ओरालो लागेको नेप्से परिसूचक सोमबार सामान्य अंकले वृद्धि भयो । उक्त दिन नेप्से २.४१ अंकले बढेर दुई हजार ६१६.९७ विन्दुमा बन्द भयो । नेप्से बढे पनि कारोबार रकममा भने गिरावट कायमै छ ।

सोमबार तीन सय २९ कम्पनीका एक करोड २६ लाख २१ हजार कित्ता सेयर पाँच अर्ब १३ करोड ८६ लाख रुपैयाँबराबरमा खरिद-बिक्री भयो । आइतबार ६ अर्ब ६६ लाख रुपैयाँको सेयर कारोबार भएको थियो । नेप्सेका १३ मध्ये सात समूहको सूचक ओरालो लाग्यो । होटेल तथा पर्यटन, जलविद्युत्, उत्पादन तथा प्रशोधन, लघुवित्त, म्युचल फन्ड, निर्जीवन बिमा र व्यापार समूहको सूचक ओरालो लागे । सो दिन सबै समूहको सूचकमा एक प्रतिशतभन्दा कमको परिवर्तन देखियो ।

सुनचाँदीको मूल्य बढ्यो

काठमाडौं/ नेपाली बजारमा सोमबार सुनचाँदीको मूल्य बढेको छ । सुन तोलामा तीन हजार दुई सय रुपैयाँले बढेर तीन लाख १३ हजार पाँच सय रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । आइतबार सुन तोलाको तीन लाख १० हजार तीन सय रुपैयाँमा कारोबार भएको थियो । यसअघि माघ १५ गते सुनको भाउ हालसम्मकै उच्च प्रतितोला तीन लाख ३९ हजार रुपैयाँ पुगेको रेकर्ड छ । यस्तै, चाँदी पनि एक सय ७० रुपैयाँले बढेर तोलामा पाँच हजार पाँच सय ९५ रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ ।

जीर्ण तिलावे पुल नबन्दा यातायात प्रभावित

दुई वर्षदेखि पुलबाट ठुला सवारीसाधन चल्न नसक्दा दैनिक आवतजावतमा कठिनाइ

वीरगन्जमा **सौरभ यादव**

वीरगन्ज महानगरपालिका र बहुदरमाई नगरपालिकालाई जोड्ने गण्डक नहरस्थित तिलावे पुल दुई वर्षदेखि जीर्ण अवस्थामा रहँदा सवारीसाधनको आवागमन प्रभावित भएको छ । ग्रामीण भेगका लागि 'लाइफलाइन' मानिने उक्त पुल प्रयोग गर्न नपाउँदा स्थानीय किसान, व्यापारी, विद्यार्थी तथा बिरामीहरू प्रत्यक्ष प्रभावित भएका छन् । सो पुलबाट चारचक्के तथा ठुला सवारीसाधन दुई वर्षदेखि चल्न सकेको छैन । पुल जीर्ण भई जोखिमपूर्ण बनेपछि सुरक्षाका कारण सवारी आवागमन रोकिए पनि समयमै मर्मत, पुनर्निर्माण वा वैकल्पिक व्यवस्था गर्न कसैले चासो नदेखाएको स्थानीयको गुनासो छ । बहुदरमाई नगरपालिकाका स्थानीय अकलेश यादवले पुलको अवस्था पटक-पटक सरकारी निकायले अनुगमन गरे पनि उपलब्धि हासिल हुन नसकेको गुनासो गरे । 'सम्बन्धित निकायका मानिस आउँछन्, निरीक्षण गरेजस्तो गर्छन् अनि फर्किन्छन्,' उनले भने, 'पुल भत्किएको करिब दुई वर्ष हुन लागिसक्यो, तर कहिलेसम्म बन्ने हो भन्ने कुरा यहाँका जनतालाई अहिलेसम्म थाहा छैन ।'

'करिब एक महिनादेखि पुलको डाइभर्सन निर्माणको काम सुरु भए पनि हाल पैदलयात्री र हलुका सवारीसाधन मात्र आवतजावत गर्न सक्ने अवस्था छ । अन्य चारचक्के र ठुला गाडी गुड्ने कुनै बाटो छैन, जसले गर्दा व्यापार, उपचार र दैनिक कामकाज सबै प्रभावित भएका छन्,' उनले बताए ।



यात्रु अशोक यादवले पनि पुल जीर्ण भएपछि सधैं आवागमनमा समस्या भोग्नुपरेको बताए । दीर्घकालीन योजना र नियमित अनुगमनको अभावका कारण पुल पूर्ण रूपमा जीर्ण भई आवागमन बन्द हुन पुगेको उनीहरू बताउँछन् ।

चालू आर्थिक वर्ष ०८२/८३ मा नारायणी सिँचाइ व्यवस्थापन कार्यालय, पर्साबाट बोलपत्र आह्वान भएपछि ममता इन्टरप्राइजेज कन्स्ट्रक्सन प्राइलि, लोकन्थली- १, भक्तपुरले पुलको डाइभर्सन निर्माणका लागि दुई करोड ४६ लाख ६० हजार रुपैयाँमा ठेक्का सकार गरेको छ । सम्झौताअनुसार निर्माणकार्य ०८२ माघ २३ गते सुरु भई ०८३ जेठ १ गतेभित्र सम्पन्न गर्ने उल्लेख छ । ठेक्का प्राप्त कम्पनीले निर्माणकार्य सुरु गरिसकेको र तोकिएको समयभित्रै डाइभर्सन निर्माण सम्पन्न गर्ने जनाएको छ ।

VACANCY ANNOUNCEMENT
PRIMARY LEVEL ENGLISH TEACHER

Position : **PRIMARY LEVEL ENGLISH TEACHER**
Location : Rolwaling, Gaurishankar Rural Municipality, Dolakha
Employment Type : Full-Time
Application Deadline : March 18, 2026

JOB DESCRIPTION :

Rolwaling Sangag Choling Monastery School, situated in Rolwaling, Gaurishankar Rural Municipality, Dolakha district is seeking a dynamic, passionate, and qualified teacher to teach English subject for grade 1 to 8. The ideal candidate should have a strong command of the English language, excellent teaching skills, and a commitment to fostering a positive learning environment for young students.

REQUIREMENTS :

- Bachelor's Degree in English, Education or Related Field
- Minimum 2 -3 Years of Teaching Experience
- Strong Communication and Teaching Skills
- Ability To Create Engaging Lesson Plans and Interactive Learning Experience.

NOTE :

Candidates having previous experience of teaching in mountain areas; and the ability to teach multiple subjects such as mathematics and science will be given priority.

REFERENCE :

Full Name & Designation, Organization Name, Contact Number, Official Email Address

Salary: NEGOTIABLE

Other Benefits :

- Free Accommodation and Meals Provided
- Supportive Working Environment
- Professional Development Opportunities

How To Apply :

- Submit Resume/CV Academic Certificates, And Experience Letters
- Applications Can Be Submitted to The School Office or Via Email: mingma10z@gmail.com, tamanghimal76@gmail.com

Place To Submit:
Rolwaling Sangag Choling Monastery School's Contact Office, Saraswotinagar, Boudha 06, Kathmandu
For More Information, Contact : 9841636385, 9840856254

आन्तरिक साजसज्जा तथा फर्निचर लगायत सामानहरु बिक्रीको लागि गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नबिल बैंक लिमिटेडका निम्न लिखित शाखाहरु स्थानान्तरण हुने क्रममा रहेकाले उक्त शाखाहरुमा रहेका साजसज्जा तथा फर्निचर लगायतका सामानहरु जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रीको लागि यो गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ। उक्त सामानहरु लिलाम बिक्री मार्फत् खरिद गर्न इच्छुक व्यक्ति/संघ संस्थाले सम्बन्धित शाखा कार्यालयहरुमा गई उक्त शाखा र सामानहरु अवलोकन गर्न सक्नु हुनेछ। साथै उक्त भवन बहालमा लिन इच्छुक व्यक्ति/संघ संस्थाले घर धनि सँग आपसी सहमती गरि लिन सक्नुहुनेछ।

सामानहरु रहेका नबिल बैंक लिमिटेडका शाखाहरु

१. नयाँ बानेश्वर शाखा
२. बिजुली बजार शाखा
३. शंखमुल शाखा

प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०८२ फाल्गुण २६ गते दिउसो ४.००
प्रस्ताव दर्ता गर्ने स्थान : माथि उल्लेखित शाखा कार्यालय वा बैंकको घण्टाघर, काठमाण्डो, स्थीत प्रशासन विभाग

१. प्राप्त बोलपत्र यस बैंकको घण्टाघर, काठमाण्डौ, स्थीत प्रशासन विभागमा २०८२ साल फाल्गुण २७ गते दिउसो (11th March, 2026) बिहान ११.०० बजे बोल पत्र दाता वा निजका प्रतिनिधीहरुको उपस्थितिमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थित नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुगेको मानिनेछैन ।
२. बोलपत्र बुझाउने अन्तिम मितिमा कुनै सार्वजनिक बिदा परेमा बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ र बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
३. बोलपत्र बुझाउदा कम्पनी/फर्मको हकमा कम्पनी/फर्म दर्ता प्रमाण पत्रको फोटोकपी, आयकर दर्ता प्रमाण पत्रको फोटो कपी, कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको फोटोकपी लगायतका कागजातहरु समेत बुझाउनु पर्ने छ तथा व्यक्तिगत बोलपत्र दाताको हकमा निजको नागरीकताको प्रतिलिपि बुझाउनु पर्नेछ ।
४. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने वा आंशिक स्वीकार गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ । साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन ।

थप जानकारी आवश्यक परेमा यस बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभागमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

(सामानहरुका विवरण सम्बन्धित नबिल बैंकको शाखा वा प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ ।)

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाण्डौ फोन नं. ०१-५९७१८१

चुनावको पूर्वसन्ध्यामा निर्माण व्यवसायीका नौ माग

काठमाडौं/ निर्वाचनको पूर्वसन्ध्यामा नेपाल निर्माण व्यवसायी महासंघ (एफक्यान)ले भौतिक पूर्वाधार क्षेत्रको द्रुत विकासका लागि नौबुँदे माग अघि सारेको छ । महासंघले निर्वाचनलक्षित घोषणापत्र सार्वजनिक गर्दै सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै राजनीतिक दलहरूसमक्ष नौबुँदे माग अघि बढाएको हो । महासंघले विनाअध्ययन तथा तयारी कुनै पनि आयोजना अघि बढाउन नहुने माग छ ।

पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले दशकौं पुरानो अव्यावहारिक ऐन-नियमकै कारण मुलुकको भौतिक पूर्वाधार क्षेत्र अस्तव्यस्त भएको बताए । यसैगरी, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (३) को खण्ड (ख) र उपदफा (८) बाट हुने कारबाही खारेजी र ठेक्का फरफारक गर्नुपर्ने महासंघको भनाइ छ । उक्त दफामा

■ पूर्वाधार क्षेत्रलाई 'संकटकाल' घोषणा गरी एकीकृत छाता ऐन ल्याउनुपर्ने

■ ठेक्का तोड्दा सरकारी बाँकीसरह असुल गर्नुपर्ने व्यवस्था हटाउनुपर्ने

ठेक्का तोडिएपछि बाँकी कामका लागि लाग्ने पैसा साबिकको निर्माण कम्पनीबाट सरकारी बाँकीसरह असुल गर्नुपर्नेलगायतका व्यवस्था छन् ।

यसैगरी, ठेक्का बढी-घटी जाने प्रथा रोक्नुपर्ने, भुक्तानी, निर्माण उद्योगसम्बन्धी छाता ऐन निर्माण, निर्माण सामग्रीको सहज उपलब्धता, नियमनकारी निकायहरूको प्रभावकारी भूमिका, उपभोक्ता समितिको काम-कारबाही र शान्ति सुरक्षाको प्रत्याभूति सम्बन्धमा पनि महासंघले माग गरेको छ । महासंघले भौतिक पूर्वाधारको क्षेत्रमा क्रियाशीलहरूको मानमर्दन हुने गरी राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)बाट सार्वजनिक अभिव्यक्तिप्रति आपत्ति जनाएको छ ।

महासंघले निर्वाचनको पूर्वसन्ध्यामा अन्य दलका नेताहरूलाई समेत मुलुकको समग्र आर्थिक प्रगतिमा निर्माण उद्योगले निर्वाह गरिरहेको महत्त्वपूर्ण भूमिका आत्मासात् गर्दै जिम्मेवारीबोधसहित आफ्ना अभिव्यक्ति प्रस्तुत गर्न अपिल गरेको छ । साथै, निर्वाचनपश्चात् गठन हुने संसद् एवं मन्त्रिपरिषद्को पहिलो बैठकमै नयाँ शिराबाट पूर्वाधार क्षेत्रको विकास विस्तारका लागि अत्यावश्यक छाता ऐन तर्जुमाको प्रस्ताव गर्न महासंघले अनुरोध गरेको छ ।

नबिल बैंकको पहलमा धनगढीमा निःशुल्क जलन उपचार शिविर



काठमाडौं/ धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा 'नबिल निःशुल्क जलन उपचार शिविर' सञ्चालन हुने भएको छ। नबिल बैंक, सुषमा कोइराला मेमोरियल अस्पताल तथा सेती प्रादेशिक अस्पतालको संयुक्त आयोजनामा १२ देखि १४ फागुनसम्म शिविर सञ्चालन हुन लागेको हो। शिविरमार्फत जलनका घटनाबाट पीडित भएकाहरू लाभान्वित हुने बैंकले जनाएको छ।

बैंकका अनुसार पहिलो चरणमा धनगढीमा सुषमा कोइराला मेमोरियल अस्पतालसँगको सहकार्यमा शिविर आयोजना गर्न लागिएको हो। उक्त शिविरबाट एक सय २० जनाभन्दा बढी लाभग्राही लाभान्वित हुने बैंकको अपेक्षा छ।

जलनका कारण दीर्घकालीन समस्या भोगिरहेका विपन्न तथा आर्थिक रूपमा कमजोर नागरिकलाई शिविरमा परामर्श, उपचार तथा शल्यक्रियालगायतका सेवा पनि प्रदान गरिने बैंकले जनाएको छ। बैंकले शिविर सञ्चालन गर्नका लागि कीर्तिपुर अस्पतालअन्तर्गतको फेक्ट नेपाल र सुषमा कोइराला मेमोरियल अस्पतालसँग सहकार्य गरिरहेको छ।

शिविरमा आगोले पोलेर शरीरको कुनै भाग खुम्चिएको वा चलाउन नमिल्ने, कपाल गुमाएकाहरू, हातका औंला टाँसिएकाहरू, हात र खुट्टामा पाँचवटाभन्दा बढी औंला टाँसिएकाहरू, विस्फोटनमा परी शरीरको कुनै भागको शल्यक्रिया गराउनुपर्ने अवस्था भएका तथा खुट्टाको पैतलाभित्रतिर फर्किएकाहरूले निःशुल्क उपचार पाउनेछन्।

साथै, जटिल समस्या भएका बिरामीलाई काठमाडौंको साँखुस्थित सुषमा कोइराला मेमोरियल अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाइने बैंकले जनाएको छ। जलनका कारण पीडा भोगिरहेका व्यक्तिलाई उपचार गरी उनीहरूको जीवनमा सुधार ल्याउने प्रयासस्वरूप शिविर आयोजना गरिएको बैंकको भनाइ छ।

भक्तपुरमा सञ्चालनमा आयो कजारियाको सोरुम



भक्तपुर/ टायल ब्रान्ड कजारियाले इटापाको, सल्लाघारी, भक्तपुरमा आफ्नो नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। पिएनएस ट्रेडर्स एन्ड सप्लायर्सद्वारा सञ्चालन गरिएको सोरुम शनिबारदेखि औपचारिक सुरुवात गरिएको हो। सोरुम उद्घाटनमा कजारियाका प्रतिनिधि, भक्तपुर तथा आसपासका ग्राहकलाई मिस वर्ल्ड नेपाल २०२४, आश्मा केसीलगायतको उपस्थिति थियो।

'कजारियाले सधैं उत्कृष्टता प्रदान गर्ने विश्वास राख्छ। यो नयाँ सल्लाघारी सोरुममार्फत हामी हाम्रा उत्कृष्ट टाइलको दायरा ग्राहकसम्म अझ नजिक पुऱ्याउँदै छौं,' कम्पनीको भनाइ छ। उक्त सोरुममा कजारियाका प्रिमियम टाइला प्रदर्शित गरिएको छ। यसले ग्राहकलाई सहज पहुँच, सुविधा तथा विभिन्न इन्टेरियर आवश्यकताअनुसार छानिएको उत्पादक प्रदर्शन उपलब्ध गराउने कम्पनीको दाबी छ।

कजारिया रमेश टाइल्सले स्वदेशमै अन्तर्राष्ट्रिय गुणस्तरका तीन हजारभन्दा बढी डिजाइन विकल्प उपलब्ध गराउँदै आएको छ। हाल कजारियाले नेपालभर एक सयभन्दा बढी सोरुम सञ्जाल विस्तार गरिसकेको छ। कम्पनीका उत्पादनमा ग्लेज्ड भिट्रिफाइड, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड तथा सेरामिक वाल टायल रहेका छन्।

अपर लोहोरेको हकप्रद बिक्री प्रबन्धक एनआइसी क्यापिटल



काठमाडौं/ अपर लोहोरे खोला हाइड्रोपावरले हकप्रद सेयर निष्कासन गर्ने तयारी गरेको छ। यस कम्पनीको धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धक कार्यका लागि एनआइसी एसिया क्यापिटललाई नियुक्त गरिएको छ। नियुक्तिसम्बन्धी सम्झौतापत्रमा हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सदिच्छा कार्की र एनआइसी एसिया क्यापिटलका सिइओ रामेन्द्र रायमाझीले हस्ताक्षर गरे। हाइड्रोपावरले ५० करोड ९८ लाख चार हजार रुपैयाँबराबरले हुन आउने प्रतिकित्ता १०० अंकित मूल्यका १:१.५ अनुपातमा ७६ लाख ४७ हजार ६० कित्ता निष्कासन गर्नेछ। एनआइसीले निष्कासन तथा बिक्री प्रबन्धक सेवाअन्तर्गत हालसम्म सामूहिक लगानी कोष तथा डिबेन्चरसहित २० वटा कम्पनीको धितोपत्र निष्कासन गरिसकेको छ।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/११/१२

यस सा व उ स बाट संकलित साल गोलिया काठ ६२८.१४ क्यू फिट र साल बाउरा १.५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

कालिका सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ।

विविध कार्यक्रम गरी नेसनल लाइफले मनायो वार्षिकोत्सव



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले विविध कार्यक्रम गरी ३९औं वार्षिकोत्सव मनाएको छ। सो अवसरमा कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत मातृ नेपाल बालगृह तारकेश्वरलाई शैक्षिक सामग्री वितरण गरेको छ। साथै, त्यहाँ रहेका बालबालिकालाई खाना खुवाउनुका साथै रक्तदान कार्यक्रम पनि गरेको छ। यसैगरी, कम्पनीका देशैभर रहेका प्रदेश तथा शाखा कार्यालयले पनि विभिन्न वृद्धाश्रम, बाल कल्याण संस्था एवं मानव सेवा आश्रमजस्ता संस्थामा विविध कार्यक्रम गरी मनाइएको कम्पनीले जनाएको छ। काठमाडौंमा आयोजित कार्यक्रमको उद्घाटन कम्पनी अध्यक्ष प्रेमराज्यलक्ष्मी सिंहले उद्घाटन गरिन्। त्यस्तै, प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कर्मचारी, अभिकर्ता बिमितलगायत सरोकारवाला सबैको साथ र सद्भावले गर्दा कम्पनीले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताए। उनले कर्मचारीलाई आन्तरिक क्रियाकलापमा सहभागी गराई शारीरिक तथा मानसिक रूपमा सक्षम बनाउने उद्देश्यले पुरुष तथा महिलाको क्रिकेट, फुटसल, टेबलटेनिस र बुद्धिचालजस्ता खेल प्रतियोगिता आयोजना गरिएको बताए। अध्यक्ष सिंहले प्रतियोगितामा विजेता कर्मचारीलाई पदक तथा प्रमाणपत्र र रक्तदान गर्ने कर्मचारीलाई प्रमाणपत्र प्रदान गर्नुका साथै नृत्य प्रदर्शन गर्ने कर्मचारीलाई मायाको चिनो प्रदान गरेकी थिइन्।

पोकोका तीन स्मार्ट फोन सार्वजनिक



काठमाडौं/ स्मार्ट फोन ब्रान्ड पोकोले नेपाली बजारमा औपचारिक रूपमा कमब्याक गरेको छ। गेमिङ र मल्टिटास्किङ स्मार्ट फोनका रूपमा युवामाझ लोकप्रिय पोकोले तीनवटा मोडेल सार्वजनिक गरेको छ। टेलिटक प्रालिसँग पोकोले नयाँ फिचरसहितका पोको एक्स-७ प्रो फाइभ-जी, एफ-७ फाइभ-जी र एफ-८ प्रो फाइभ-जी सार्वजनिक गरेको हो। टेलिटकका कार्यकारी निर्देशक प्रतीक जालानले भने, 'हामी पोकोलाई फेरि नेपाली बजारमा ल्याउन पाउँदा उत्साहित भएका छौं। यसले विनाकुनै सम्झौता गेम खेल्ने, एकैपटक धेरै कार्य गर्ने र निरन्तर कनेक्टेड रहने सुविधा प्रदान गर्नेछन्।' कम्पनीले पोको एक्स-७ प्रोको बजार मूल्य ५५ हजार ९९९, एफ-७ को ६९ हजार ९९९ र एफ-८ प्रोको ९९ हजार ९९ रुपैयाँ तोकेको छ।

काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यलय
३० नं. वडा कार्यालय
ज्ञानेश्वर, काठमाडौं
बागमति प्रदेश नेपाल

काभ्रेपलाञ्चोक जिल्ला बनेपा न. पा. वडा नं २ परिवर्तित वडा नं. ५ घर भएकी नानी मायाँ राजवंशी र ऐ. ऐ बस्ने सुनिल राजवंशीको नाममा घर खालि गरिदिने बारे ३५ दिने सूचना।

यस का.म.न.पा. ३० वडा डिल्लीबजार धोविधारास्थित कित्ता १९७६ को क्षे.फ. ०-१-२-१ मा बनेको घरको घरधनी अधुना कोख श्रेष्ठले श्री उच्च अदालत पाटनबाट वादी/पुनरावेदक काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं २ परिवर्तित वडा नं. ५ बस्ने नानी मायाँ राजवंशी.. १ ऐ. ऐ बस्ने सुनिल राजवंशी विरुद्ध हरि प्रसाद राजवंशीको छोरी उत्तम राज शाक्यको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं-८ बस्ने वर्ष ५४ को अधुना कोख श्रेष्ठ प्रत्यथी/प्रतिवादी भएको मुद्दा न. ०८०-DP-२३४७ को फैसला बमोजिम उक्त घरजग्गा म अधुना कोख श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम भई जग्गा धनि दर्ता प्रमाण पुर्जा प्राप्त भईसकेकोमा हालसम्म पनी घर खाली नगरीदिनु भएको हुदा तपाईको नाममा घर खाली गरीदिने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचनामा उल्लेखित समयावधि भित्र घर खाली नभएमा कानुन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

ठूलो खोला हाइड्रोपावर लिमिटेड

का.म.न.पा.-२२, खिचापोखरी, न्यूरोड, काठमाडौं
फोन नं. : ०१-५५१४६७७

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१२)

आदरणिय शेयरधनी महानुभावहरू,

मिति २०८२/११/१० गते बसेको संचालक समितिको बैठकद्वारा गरिएको निर्णय अनुसार यस **ठूलो खोला हाइड्रोपावर लिमिटेड** को आ.व.२०८१/०८२ को लागि तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको सभामा उपस्थिति /जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) र यस कम्पनीको स्विकृत नियमावलीको नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

बार्षिक साधारण सभा हुने मिति,समय र स्थान

मिति : २०८२/१२/०३ गते मंगलबार (तदनुसार मार्च १७, २०२६)
समय : विहान ११:०० बजे
स्थान : ठूलो खोला हाइड्रोपावर लिमिटेडको कार्यालय,का.म.न.पा वडा नं.२२, काठमाडौं।

बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरू :

क) सामान्य प्रस्तावहरू :

१) सञ्चालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूद्वारा बार्षिक साधारण सभामा प्रस्तुत गर्नु हुने आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू संचालक समितिले स्विकृत गरी पेश भएको पस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) आ.व. २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) आ.व. २०८१/०८२ मा संचालक समितिबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
५) कम्पनी ऐन, २०६३ को दफा ९१ बमोजिम आ.व. २०८१/०८२ मा कम्पनीका संचालक समितिका पदाधिकारीहरू (अध्यक्ष एवं संचालकहरू) बाट कम्पनीको हक हितमा कार्य गर्दा लिएको बैठक भत्ता, मासिक पारिश्रमिक खर्च वा अन्य सुविधा अनुमोदन गरी पारित गर्ने सम्बन्धमा।
६) कम्पनीको शेयर संरचना परिवर्तन सम्बन्धी सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
७) सर्वसाधारणहरूको शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी सम्पूर्ण प्रकृया अगाडी बढाई शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्न संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
८) अन्य नयाँ परियोजनाहरूको पहिचान गरी लगानी गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
९) स्वतन्त्र संचालक तथा संचालकको निर्वाचन एवं अनुमोदन गर्ने सम्बन्धमा।

ख) बिशेष प्रस्तावहरू :

१) प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

ग) विविध।

संचालक

गोदरेजले ल्यायो २३४ लिटरको रेफ्रिजेरेटर

काठमाडौं/ घरेलु उपकरण ब्रान्ड गोदरेजले नेपाली बजारमा आफ्नो नयाँ डबल डोर रेफ्रिजेरेटर ल्याएको छ। नेपाली परिवारको दैनिक आवश्यकता, जलवायु र जीवनशैलीलाई केन्द्रमा राखेर डिजाइन गरिएको यो उत्पादनले दुई सय ३४ लिटरको क्षमतासँगै उन्नत स्वास्थ्य सुरक्षा र ऊर्जा दक्षता प्रदान गर्ने कम्पनीको भनाइ छ। गोदरेज आरटी जिएफई-२५० मोडेलले नेपालमा हुने विद्युत् उतारचढाव, खाना संरक्षणको चुनौती र स्वास्थ्य सुरक्षाको आवश्यकतालाई एकैसाथ सम्बोधन गरेको कम्पनीको दाबी छ। यो रेफ्रिजेरेटरले मध्यम आकारका नेपाली परिवारको हप्ताभरिको खाना आवश्यकतालाई पूरा गर्नेछ।



यसका रहेको बिल्ट इन स्टेब्लाइजरले विद्युत् ग्रिडको अनियमित भोल्टेजबाट स्वचालित सुरक्षा प्रदान गर्ने बताइएको छ। जसले गर्दा उपकरणको आयु लामो बनाउँदै मर्मत-सम्भारको झन्झटबाट मुक्ति दिन्छ। त्यस्तै, एन्टी-बी टेक्नोलोजीले खाना सामग्रीलाई हानिकारक जीवाणुबाट बचाउँछ। त्यस्तै, तीनवटा ग्लास सेल्फ, १८ लिटरको भेजिटेबल बास्केट र २.५ लिटर बोतल सेल्फले नेपाली परिवारको विविध खाना सामग्री व्यवस्थित राख्न सहज बनाउने कम्पनीको भनाइ छ। गोदरेज डबल डोर रेफ्रिजेरेटर स्वास्थ्यप्रति सचेत गृहिणी र विद्युतीय समस्याबाट सुरक्षित टिकाउ उपकरण खोज्ने सबै उपभोक्ताका लागि उपयुक्त रहेको बताइएको छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) सँग सम्बन्धित विवरण

क. निकायको स्वरुप र प्रकृति :
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार संचालन गर्न इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैंक।

ख. निकायको काम, कर्तव्य र अधिकार :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ।

ग. निकायमा रहने कर्मचारी संस्था र कार्य विवरण :
हाल बैंकमा जम्मा कर्मचारी संख्या ३०२२ रहेका छन् भने बैंकले तोकेको कार्य बैंकमा विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ। बैंकको व्यवस्थापन समुह तथा विभागिय प्रमुखहरुको नाम बैंकको वेबसाइट www.nimb.com.np बाट जानकारी लिन सकिनेछ।

घ. निकायबाट प्रदान गरिने सेवा :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :
बैंकिङ्ग सेवा प्रदान गर्ने बैंकको शाखा कार्यालय तथा जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट www.nimb.com.np बाट जानकारी लिन सकिनेछ।

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :
बैंकले बैंकिङ्ग सेवा प्रवाह गरेबापत सोमा लाग्ने शुल्क/दस्तुर तथा अवधिको बारेमा यस बैंकको वेबसाईट www.nimb.com.np अन्तर्गत Standard Tariff and Charges खण्डमा प्रकाशित गरिएको छ। साथै सो को जानकारी यस बैंकको कुनै पनि शाखामा सम्पर्क गरि कार्यालय समयमा प्राप्त गर्न सकिनेछ।

छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था मिलाईएको छ भने प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन।

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :
बैंकिङ्ग कारोबार तथा बैंकले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको तर्फबाट कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि बैंकले केन्द्रीय स्तरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ भने निजलाई निम्न उल्लेखित माध्यामबाट सम्पर्क गर्न सकिनेछ।
श्री राजेश शर्मा
नायब महाप्रबन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोवाइल नं ९८५१३२६९०२
ईमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np

झ. सम्पादन गरेको कामको विवरण :
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गका वाणिज्य बैंकहरुले गर्न सक्ने सम्पूर्ण कारोबारहरु यस बैंकबाट सम्पादन भईरहेको छ।

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :
बैंकिङ्ग कारोबार तथा बैंकले प्रदान गरेको सेवा लगायत बैंकसँग सम्बन्धित कुनै पनि सूचना प्रदान गर्नको लागि निम्न उल्लेखित अधिकारीलाई सूचना अधिकारी तोकिएको छ।
श्री राजेश शर्मा
नायब महाप्रबन्धक
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं
फोन नं. ०१-५३४२५३०, ०१-५३२८२२९ (Ext No: २०९)
मोवाइल नं ९८५१३२६९०१
ईमेलः rajesh.sharma@nimb.com.np तथा info@nimb.com.np
साथै, यस बैंकका शाखा कार्यालयहरुको हकमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी जिम्मेवारी तोकिएको छ।
प्रमुखको नाम र पद : श्री ज्योती प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :
बैंकिङ्ग कारोबार संचालनको क्रममा बैंकले हाल प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु पालना गर्ने गरेको छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कारोबार संचालनको लागि प्रमुख रुपमा रहेका छन्।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. सूचनाको हक सम्बन्धि ऐन २०६४
१४. प्रचलित नेपाल कानून र उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियमहरु, विनियमहरु त्था संशोधनहरु
१५. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकिकृत निर्देशिका तथा परिपत्रहरु।
१६. नेपाल राष्ट्र बैंकबाट स्वीकृत गरिएको यस बैंकका विभीन्न विनियमहरु।
१७. बैंकिङ्ग कारोबारका क्रममा पालना गरिएको/गरिनुपर्ने अन्य प्रचलित नेपाल कानूनहरु।

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ भने बैंकको वेबसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ।

ड. तोकिए बमोजिमका अन्य विवरण :
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट www.nimb.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ सँग सम्बन्धित विवरण

क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

ख. सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :
यस बैंकको वेबसाईट www.nimb.com.np रहेको छ।

ख (१). सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :
बैंकले व्यवसायिक प्रयोजनको लागि बाहेक अन्य कुनै पनि किसिमको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त गरेको छैन।

ख (२). सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभीन्न कार्यक्रम सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ।

ख (३). सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :
सूचना वर्गिकरण गरिएको अवस्था नभएको। सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको छ।

ख (४). सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण :
यस अवधिमा सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरि विभिन्न प्रयोजनको लागि भनि सूचना तथा जानकारी माग भई आएको तथा सो सम्बन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सो विषय सम्बोधन गरिएको छ।

ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nimb.com.np मा समेत प्रकाशन गरिएको छ। साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत अद्यावधिक गर्दै आएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं
फोन नः ५३४२५३०, ५३२८२२९
इमेल :- info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Terai Madhesh Groundwater Irrigation Program

Jawalakhel, Lalitpur

Notice of Tender Publication

Date of First publication : 2082/11/12 (24th February 2026)

This is to notify to all concerned that online Invitation for Bid is published for the following works.

S.N.	Name of Works	IFB No.
1.	Construction of 14/10" dia. High Yield Tubewell and Pumping Test work, Dhanusa District	TMGIP/082/83-01

on 2082/11/12 in e-GP system *(https://bolpatra.gov.np/egp)* of Government of Nepal. Bidders Can Bid Electronically Only. For further details Bidders are requested to visit the office of Terai Madhesh Groundwater Irrigation Program, Jawalakhel, Lalitpur or PPMO's website *https://bolpatra.gov.np/egp*.

Program Coordinator

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

एन्फाको असहयोग पछि साविस्राले मागिन् आर्थिक सहयोग

सात सातादेखि घुँडाको गम्भीर चोट बोकेकी महिला फुटबल टोलीकी कप्तान साविस्रा भण्डारीको उपचार खर्च ८० हजार अमेरिकी डलर लाग्ने प्रारम्भिक अनुमान छ, तर एन्फाले केवल पाँच लाख मात्र दिन सक्ने जनाएको छ ।

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले उपचारका लागि सहयोग गर्ने तयार नभएपछि राष्ट्रिय महिला टोलीकी कप्तान साविस्रा भण्डारीले सोमबार सामाजिक सञ्जालबाट आर्थिक सहयोग अपिल गरेकी छिन् । सात सातादेखि घुँडाको एसिएल र ग्राफटमा गम्भीर चोट बोकेकी साविस्राले शल्यक्रिया र विश्वस्तरीय उपचार गर्न ८० हजार अमेरिकी डलर (१ करोड १५ लाख रुपैयाँ) खर्च हुने जनाएकी छिन् । उनले आफ्नो गम्भीर प्रकृतिको उपचार कतारमा मात्र सम्भव हुने जनाइन् ।

'एन्फा नेतृत्वबाट वाचा गरेको सहयोग पाइएन । मैले पटक-पटक प्रयास गर्दा पनि उहाँहरूलाई सम्पर्क गर्न कठिन भयो । अघिल्लो साता एन्फा अध्यक्ष आफैंले मेरो उपचारमा एन्फाबाट प्रशासनिक सहयोग गर्न नसकिने जानकारी दिनुभयो,' साविस्राले सामाजिक सञ्जालमा भनेकी छिन्, 'उहाँले पाँच लाखसम्म सहयोग गर्ने र अन्य प्रक्रिया आफैं गर्न भन्नुभयो । मैले यसअघि चालेको प्रक्रिया रोकियो, अर्कोतर्फ मैले झन्डै दुई महिनापछि मात्र शल्यक्रिया मितिका लागि फेरि प्रयास गर्नुपर्ने भएको छ ।'

साविस्राले कतारमा उपचार गराउन नेपाली फुटबलकै अभिभावक मानिने एन्फाले आबद्ध क्लबले खर्च व्यहोर्नुपर्ने जवाफ फर्काउँदा निराश भएको बताइन् । एन्फाका प्रवक्ता सुरेश साहले खेलाडीको उपचारका लागि पाँच लाख रुपैयाँ उपलब्ध हुने र यसबाहेक थप रकम दिन नसक्ने बताएका छन् । साविस्राको सामाजिक सञ्जालमा दिइएको अभिव्यक्तिबाट एन्फाको गम्भीर ध्यानाकर्षण भएको उनले जनाए ।

'महिला टोलीकी कप्तान साविस्राको सामाजिक सञ्जालमा आएको अभिव्यक्तिप्रति एन्फाको गम्भीर ध्यानाकर्षण भएको छ,' साहले नै जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'व्यावसायिक क्लब फुटबलमा कुनै पनि खेलाडी घाइते भए उसको उपचारको जिम्मा क्लबकै रहने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । साविस्राको हकमा उहाँको क्लबले न्युजिल्यान्डको अस्पतालमा उपचारको पहल गरेको, तर खेलाडीले कतारमा गई उपचार गराउने इच्छा राखेकाले एन्फाले यसका लागि सबै प्रयास र पहल गरिराख्ने जानकारी गराउँछौं ।'

दक्षिण एसियाली फुटबलकै उत्कृष्ट महिला स्ट्राइकर मानिएकी साविस्रा न्युजिल्यान्डको क्लब वेलिङ्टन फिनिक्सबाट खेलिरहेकी छिन् । न्युजिल्यान्डको क्लब भए पनि उसले अस्ट्रेलियन 'ए' लिग खेल्ने गर्छ ।

अस्ट्रेलियाकै क्लब ब्रिसबन रोअरविरुद्ध खेल्दा साविस्रा घाइते भएकी थिइन् । क्लबले तत्काल उनको प्रारम्भिक उपचार थालिने भएको थियो । सबै किसिमको उपचारपछि क्लबले साविस्रा कम्तीमा नौ महिना मैदानबाहिर रहने जनाएको थियो । केही समय न्युजिल्यान्डमै रहे पनि साविस्रा एन्फाको पहलमा कतारमा उपचार हुने आशाका साथ स्वदेश फर्केकी हुन् । तर, उनले एन्फाबाट सोचेजस्तो आर्थिक सहयोग पाउन नसक्दा सामाजिक सञ्जालबाटै आर्थिक सहयोग अपिल गर्न बाध्य भएको बताइन् ।

'मेरो चोट गम्भीर रहेको र पछिल्लोपटक कतारको अस्पेटारमा गरिएको उपचार उच्चस्तरको रहेकाले पुनः सोही अस्पतालमा उपचार गराउने इच्छा राखेकी हुँ । क्लबले बिमाबाट प्राप्त रकम मेरा लागि निकासा गरिदिने भएको छ, तर उक्त रकम मेरो शल्यक्रिया र सात-आठ महिना रिह्याबका लागि अपुग हुने भएकाले आमसमर्थकमाझ सहयोग माग्न आइपुगेकी छु । यसका लागि कुल ८० हजार अमेरिकी डलर खर्च हुने प्रारम्भिक आकलन रहेको छ,' उनले भनेकी छिन् ।




यसअघि एन्फाले एसिएल गुमाएका महिला खेलाडीहरू दीपा शाही, प्रीति राई, हिराकुमारी भुजेल, गीता राना, जुनम जर्घामगर, पूर्वकप्तान रेनुका नगरकोटे र सविता रानामगरलगायत खेलाडीको उपचार नेपालमै गराएको थियो । उनीहरूको सबै उपचार खर्च एन्फाले नै गरेको प्रवक्ता साहको भनाइ छ ।

यसैगरी, खेलाडी संघका अध्यक्ष विक्रम लामाले एन्फाबाट साविस्रामाथि अमानवीय व्यवहार गरेको बताएका छन् । 'अहिले एकजना खेलाडी पीडामा छन् । भोलिका दिनमा प्रशिक्षक र रेफ्री पर्न सक्छन् । यो बेथिति, लापरबाही र अमानवीयता इतिहासले अवश्य लेख्नेछ,' लामाले भने, 'विदेश भ्रमणमा करोडौं खर्च गर्न सक्ने एन्फाले खेलाडीका लागि केही लाख खर्च गर्न किन यति धेरै पीडा भयो ? ।'

एन्फाबाट सहयोग पाइनँ

● **साविस्रा भण्डारी**, कप्तान, महिला टोली



एन्फा नेतृत्वबाट वाचा गरेको सहयोग पाइएन । पछिल्लोपटक कतारको अस्पेटारमा गरिएको उपचार उच्चस्तरको रहेकाले त्यहीं उपचार गराउने इच्छा राखेकी हुँ । क्लबले बिमाबाट रकम मेरा लागि निकासा गरिदिने भएको छ । तर, मेरा लागि त्यो अपुग हुन्छ ।

न्युजिल्यान्डको क्लबले नै जिम्मा लिनुपर्छ

● **सुरेश शाह**, प्रवक्ता, एन्फा



व्यावसायिक क्लब फुटबलमा कुनै पनि खेलाडी घाइते भए निजको उपचारको जिम्मा क्लबकै रहने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । साविस्राको उपचार पनि न्युजिल्यान्डको क्लबले नै लिनुपर्छ । खेलाडीले कतारमा गई उपचार गराउन इच्छा राखेकाले एन्फाले यसका लागि सबै प्रयास र पहल गरिरहेको छ ।

खेलाडीमाथि खर्च गर्न किन पछि हट्यो एन्फा ?

● **विक्रम लामा**, अध्यक्ष, खेलाडी संघ



आज एकजना खेलाडी पीडामा छ । भोलि प्रशिक्षक र रेफ्री पर्न सक्छन् । यो केवल सुरुवात हो । महिला फुटबल टोलीकी कप्तान साविस्राको उपचारका लागि एन्फाले आवश्यक रकम सहयोग गराउन नसक्ने थाहा पाउँदा दुःख लागेको छ । मुद्दा मामिलामा करोडौं खर्च गर्न सक्ने, पेस्कीका नाममा लाखौं झिक्न सक्ने, एकपटकको खानामा लाखौंको बिल तिर्न सक्ने तपाईंहरूलाई आज खेलाडीका लागि केही लाख खर्च गर्न किन यति धेरै पीडा र पछि हट्नुभयो ?

एक्स्ट्रिम एनर्जी ड्रिंकद्वारा पाँच लाख सहयोग घोषणा

साविस्राको उपचारका लागि एक्स्ट्रिम एनर्जी ड्रिंकले पाँच लाख आर्थिक सहयोग गर्ने घोषणा गरेको छ । हाल घुँडाको गम्भीर चोटका कारण उपचारको तयारीमा रहेकी साविस्रालाई सहयोग पुगोस् भन्ने उद्देश्यले कम्पनीले सहयोग उपलब्ध गराउने निर्णय गरेको छ । एक्स्ट्रिम एनर्जीले देशका लागि निरन्तर उत्कृष्ट प्रदर्शन गर्दै आएकी खेलाडीलाई कठिन समयमा साथ दिनु आफ्नो दायित्व भएको बताएको छ । 'हामी उपचार तथा पुनः मैदानमा फर्किनका लागि सानो सहयोगस्वरूप यो रकम प्रदान गर्न लागिएको हो,' विज्ञप्तिमा भनिएको छ, 'खेलाडीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै छिट्टै पूर्ण रूपमा स्वस्थ भई पुनः नेपालको जर्सी लगाएर मैदानमा फर्किने विश्वास छ ।'

कतार फुटबल संघलाई एन्फाले गऱ्यो पत्राचार

साविस्राको उपचारका लागि सहयोग गर्न एन्फाले कतार फुटबल संघ (क्युएफए)लाई पत्राचार गरेको छ । एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ्ले क्युएफएसँग अघिल्लोपटकमा जस्तै यसपालि पनि साविस्राको उपचार गर्न आग्रह गरेका छन्,' नेम्वाङ्ले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सन् २०२१ मा कतार फुटबल संघकै सहयोगमा साविस्राले अस्पेटार अस्पतालमा उपचार गराएकी थिइन् । 'योपटक साविस्राको चोट अलि गम्भीर छ । खेलाडीको चाहना कतारमै गराउने हो । यसैकारण एन्फा उसको उपचारका लागि सहयोग गर्न अपिल गर्दछ,' नेम्वाङ्ले भने, 'हामीले आवश्यक पर्ने साविस्राको सबै कागज पठाएका छौं ।'

नेपालको फुटबल इतिहासमा युरोपदेखि अस्ट्रेलियासम्म व्यावसायिक फुटबल खेल्ने साविस्रा मात्र एकमात्र खेलाडी हुन । ५७ अन्तर्राष्ट्रिय खेल खेलिसकेकी साविस्रासँग फ्रान्सको शीर्ष डिभिजन लिग खेलेको अनुभव छ । साविस्रापछि राष्ट्रिय टोलीकी गोलरक्षक तथा पूर्वकप्तान अञ्जिला तुम्बाप्पो सुब्बा मात्रै युरोपेली लिग खेल्ने दोस्रो खेलाडी हुन् ।

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

जिम्बाबेलाई १०७ रनले हरायो वेस्ट इन्डिजले

एजेन्सी

१०औं संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा वेस्ट इन्डिजले जिम्बाबेलाई सुपर ८ मा १०७ रनको फराकिलेअन्तरले हराएको छ । मुम्बईको वानखेडे रंगशालामा सुपर ८ अन्तर्गत समूह १ मा सोमबार पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजले ६ विकेट गुमाएर २५४ रनको विशाल योगफल बनायो । प्रत्युत्तरमा जिम्बाबेले १७.४ ओभरमा सबै विकेट गुमाएर १४७ रन बनाएको थियो । वेस्ट इन्डिजले जिम्बाबेविरुद्ध बनाएको योगफल आइसिसी टी-२० विश्वकप इतिहासकै दोस्रो ठुलो स्कोर हो । यसअघि सन् २००७ मा श्रीलंकाले केन्याविरुद्ध जोहानसवर्गमा २६०/६ को प्रदर्शन गरेको थियो । वेस्ट इन्डिज श्रीलंकाको विश्व रेकर्ड बराबरी गर्न ६ रन तथा रेकर्ड भंग गर्न सात रनले पछि पऱ्यो ।

विशाल लक्ष्य पछ्याएको जिम्बाबेले सुरुदेखि नै कमजोर ब्याटिङ गरेको थियो । वेस्ट इन्डिजसँगको खेलमा जिम्बाबेका लागि डिओन मायेर्सले १५ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २८ रन बनाए । पुछारका ब्याट्समयान ब्राड इभान्सले २१ बलमा ४३ रनको योगदान दिएका थिए । उनले पाँच छक्का र दुई चौका प्रहार गरेका थिए । वेस्ट इन्डिजको सानदार जितमा अकेल हुसेन र गुडकेस मोटिईले घातक बलिङ गरेका थिए । हेसेनले चार ओभरमा तीन विकेट लिए । मोटिईले चार ओभरमा एक मेडन राखी २८ रन खर्चेर सर्वाधिक चार विकेट लिए ।

वेस्ट इन्डिजको आक्रामक ब्याटिङ

यसअघि पहिलो ब्याटिङ गरेको सिमरोन हेटमेर, रोभमान पावेल तथा सेफाने रुथफोर्डले विस्फोटक ब्याटिङ गरेका थिए । सिमरोनले ३४ बलमा समान सात चौका र छक्का प्रहार गरी सर्वाधिक ८५ रनको योगदान दिए । पावेलले ३५ बल सामना गरी समान चार चौका र छक्काको सहयोगमा ५९ रन जोडेका थिए । रुथफोर्डले १३ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २१ रन जोडे । रामारियो सेफार्डले १० बलमा तीन छक्काको सहयोगमा २१ रनको योगदान दिँदा वेस्ट इन्डिजले जिम्बाबेसामु विशाल योगफल खडा गरेको हो । वेस्ट इन्डिजको ब्याटिङमा पोवल र सिमरोनबिच तेस्रो विकेटका लागि केवल ५२ बलमा १२२ रनको साझेदारी भएको थियो ।

सुपर ८ अंक तालिका

समूह '१'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	१	१	०	२	५.३५
द. अफ्रिका	१	१	०	२	३.८०
भारत	१	०	१	०	-३.८०
जिम्बावे	१	०	१	०	-५.३५

समूह '२'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
इंग्ल्यान्ड	१	१	०	२	२.५५
न्युजिल्यान्ड	१	०	०	१	०.००
पाकिस्तान	१	०	०	१	०.००
श्रीलंका	१	०	१	०	-२.५५

आजको खेल

इंग्ल्यान्ड — राति ७:१५ बजे — पाकिस्तान

■ जय ट्रफी पुरुष इलिट कप

दोस्रो चरणको पहिलो दिन २५ विकेट पतन

कीर्तिपुरको त्रिभुवन अन्तर्राष्ट्रिय मैदान र मूलपानीमा दुई खेल हुँदा २५ खेलाडी पेभेलियन फर्केका छन्

नयाँ पत्रिका

द्विदिवसीय राष्ट्रिय जय ट्रफी पुरुष इलिट क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारदेखि सुरु भएको दोस्रो चरणको एकै दिन कुल २५ विकेट पतन भएका छन् । दोस्रो चरणका खेल कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय मैदान र मूलपानीमा सुरु भएका छन् । त्रिवि मैदानमा नेपाल पुलिस र एपिएफ क्लबबिचको खेलमा कुल १५ विकेट खसेको थियो । यसैगरी, मूलपानी मैदानमा बागमती प्रदेश र त्रिभुवन आर्मीबिचको प्रतिस्पर्धामा १० खेलाडी आउट भए ।

समग्रमा यी दुई खेलमा २५ विकेट खसेका हुन् । पहिलो चरणमा एपिएफ क्लबले सानदार जित निकालेको थियो । पहिलो दिनमा नेपाल एपिएफविरुद्ध नेपाल पुलिस क्लब पहिलो इनिङ्समा ६ रनले पछाडि छ । नेपाल एपिएफले पहिलो ब्याटिङ गरी ६३.४ ओभरमा सबै विकेट गुमाएर १८५ रन जोडेको थियो । पुलिसका लागि ललित राजवंशी र सागर ढकालले सर्वाधिक समान चार विकेट हात पारेका थिए । ललितले ३१.४ ओभरमा ८१ रन खर्चदा नौ मेडन फ्याँकेका थिए । सागरले २६ ओभरमा सात मेडनसहित ६६ रन दिएका थिए ।

पुलिसका लागि थप दुई विकेट कुशल भुर्तेलले हात पारे । एपिएफको फितलो ब्याटिङमा कप्तान रोहितकुमार पौडेलले ४८ बलमा नौ चौका प्रहार गरी ४५ रन जोडेका थिए । सुमित महर्जनले सय बल सामना गरी पाँच चौका र तीन छक्का प्रहार गरी ५५ रनको योगदान दिए । ओपनर दीपक बोहोराले ७३ बलमा २८ रन तथा आसिफ सेखले ३१ बलमा १२ रन बटुले ।

प्रत्युत्तरमा पहिलो इनिङ्स थालेको पुलिसका लागि दिल्साद अलीले ८७ बलमा एक छक्का र सात चौका सहयोगमा ५८ रन जोडे । अमित श्रेष्ठले ५० बलमा तीन छक्का र दुई चौकाको सहयोगमा ४१ रन जोडेका थिए । शंकर राना ४८ रनमा नटआउट रहँदा समान दुई छक्का र चौका प्रहार गरे । एपिएफका लागि पाँच बलरले समान एक विकेट हात पारे । इसाद अहमाद, अभिषेश गौतम, युवराज खत्री, अमार राउटेला र सन्दीप जोराले एक-एक विकेट लिएका हुन् ।



बागमतीविरुद्ध आर्मी ६८ रनले पछाडि

मूलपानी मैदानमा बागमतीले पहिलो ब्याटिङ गरी ७० ओभरमा सात विकेटको क्षतिमा २५९ रनको योगफलमा इनिङ्स समाप्त गरेको थियो । प्रत्युत्तरमा आर्मीले दिनको समाप्तिसम्म तीन विकेटको नोक्सानीमा १९१ रन जोडेको छ । आर्मीले पहिलो दिन ४० ओभर ब्याटिङ गरेको छ । आर्मी बागमतीभन्दा ६८ रनले पछाडि रहेको छ । आर्मीका भीम सार्कीले सर्वाधिक ७४ रनको योगदान दिए । भीमले ८३ बलमा ६ चौका र दुई छक्का प्रहार गरे । सन्तोष कार्की ४३ रनमा नटआउट छन् । उनले ७९ बलमा सात चौका ठोकेका छन् । आर्मीका ओपनर तृतराज दासले ४४ बलमा तीन चौका र दुई छक्का प्रहार गर्दै ३८ रन बनाए । बागमतीका लागि रिजन ढकाल, सन्दीप लामिछाने र विपिन आचार्यले समान एक विकेट लिए । सन्दीपले ११ ओभरमा दुई मेडन राखी ५९ रन खर्चेका थिए । यसअघि पहिलो ब्याटिङ गरेको बागमतीले आर्मीविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो । बागमतीले प्रतिओभर ३.७० को रनरेटमा ब्याटिङ गऱ्यो । बागमतीका ओपनर आशुतोष घिरैयाले सर्वाधिक ७७ रन बनाए ।

उनले १२७ बलमा ११ चौका प्रहार गरे । रित गौतम र शुभ कंसाकारले समान २० रन बटुले । ईशान पाण्डेले १०४ बल खेलेर ६९ रन बनाउन पाँच चौका प्रहार गरे । विवेक मगरले तीन छक्का र एक चौका प्रहार गरी ३१ रनको योगदान दिए ।

आर्मीको बलिङमा सहाब आलमले २२ ओभरमा ६५ रन खर्चेर तीन विकेट हात पारे । नरेन साउदले १२ ओभरमा दुई विकेट लिए ।

■ आयोजक तेजस्वी क्वार्टरफाइनलमा



काठमाडौं/ आयोजक तेजस्वी एकेडेमी प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ । तेजस्वी समूह 'डी'को विजेता बन्दै अन्तिम आठमा पुगेको हो । तेजस्वीले बालकुञ्जलाई ३०-२० ले पराजित गऱ्यो । अर्को खेलमा संस्कृति शिक्षालय पनि हिमालयलाई ३९-२९ ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गऱ्यो । अर्को खेलमा एन्जल्स हार्टले ल्यान्डमार्क एकेडेमीलाई ४८-३९ तथा रिलायन्स पब्लिकले सिद्धार्थलाई ३३-२१ ले पाखा लगाए ।

दोस्रो टी-१० स्टार क्रिकेट ३० फागुनमा

काठमाडौं/ दोस्रो संस्करणको टी-१० स्टार क्रिकेट प्रतियोगिता ३० फागुनमा हुने भएको छ । आयोजक आइडिया पिक्सेलको आयोजना हुने एकदिने क्रिकेट प्रतियोगिता काठमाडौंको मूलपानी मैदानमा हुने जनाएको छ । आयोजक समितिका संस्थापक पवनराज जोशीले दोस्रो संस्करणको तयारी सुरु भइसकेको बताए । टी-१० फर्म्याटमा हुने प्रतियोगितामा आठ टिम सहभागी हुनेछन् । सहभागीलाई दुई समूहमा विभाजन गरिनेछ । त्यसपछि सेमिफाइनल र फाइनल खेल हुने आयोजकको भनाइ छ । 'पहिलोपछि दोस्रो संस्करण गर्न हामी तयार भएका छौं,' जोशीले भने, 'क्रिकेटको माध्यमबाट चलचित्र क्षेत्रका कलाकार, खेलाडी, मिडिया व्यक्तित्व, कर्पोरेट प्रोफेसनल तथा डिजिटल क्रिएटर सबैलाई एकै मैदानमा ल्याउने प्रयास हो ।'

आइडिया स्पोर्ट्सका संयोजक जोशी र सृष्टि फाउन्डेसनकी अध्यक्ष सृष्टि मदन कार्कीबिच सम्झौता भयो । कार्यक्रममा नेपाल राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान अनिल गुरुङ पनि सहभागी थिए । प्रतियोगिताका लागि आयोजकले सृष्टि फाउन्डेसनसँग पनि सहकार्य गरेको छ ।

इंग्ल्यान्डलाई जित्नैपर्ने दबाबमा पाकिस्तान

एजेन्सी

१०औं संस्करणको आइसिसी टी-२० विश्वकपअन्तर्गत सुपर ८ मा मंगलबार पूर्वविजेता पाकिस्तान र इंग्ल्यान्डले श्रीलंकाको पालेकेलेमा प्रतिस्पर्धा गर्दै छन् । सुपर ८ को समूह २ मा इंग्ल्यान्डको तुलनामा पाकिस्तान कमजोर अवस्थामा छ । पहिलो खेल वर्षाका कारण पाकिस्तान र न्युजिल्याबिचको खेल 'नो रिजल्ट' आएको थियो । जसका कारण दुवै टोलीले समान एक अंक बटुले । इंग्ल्यान्डले भने आयोजक श्रीलंकामाथि सानदार जित निकाली दुई अंक जोड्यो ।

इंग्ल्यान्ड र पाकिस्तानका यो दोस्रो खेल हो । यो खेलमा पाकिस्तानले हारको सामना गर्दा लगभग सेमिफाइनल पुग्ने आशा समाप्त हुनेछ । पाकिस्तान यस्तो समीकरणमा केवल गणितीय आधारमा मात्र आशा जीवित रहनेछ । इंग्ल्यान्डले जित निकाल्दा समूह २ बाट सेमिफाइनल प्रवेश गर्ने बाटो बलियो हुनेछ । हारले इंग्ल्यान्डको पनि अवस्था कठिन हुन सक्छ । पाकिस्तान समूह 'ए'को उपविजेता र इंग्ल्यान्ड समूह 'सी'का उपविजेता हुँदै सुपर ८ मा पुगेका छन् ।

पाकिस्तानको भन्दा इंग्ल्यान्डको ब्याटिङ, फिल्डिङ र बलिङ पक्ष निकै बलियो छ । पाकिस्तानले समूह चरणमा यी तीनवटै पक्षमा एकरुपता प्रदर्शन गर्न सकेन । पछिल्लो पाँच टी-२० आईमा इंग्ल्यान्डले पाकिस्तानलाई तीनपटक हराएको छ । उत्कृष्ट फर्ममा रहेको इंग्ल्यान्डले पाकिस्तानलाई हल्का रूपमा नलिने जनाएको छ । इंग्ल्यान्डमा ब्याटिङ, बलिङ अलराउन्डर खेलाडी छन् । सामा कुरान तथा लिआम डवासनजस्ता अलराउन्डरले भरिएको इंग्ल्यान्डले पाकिस्तानमाथि दबाब बढाउन सक्छ ।

पाकिस्तानमा चार अलराउन्डर खेलाडी छन् । तर, उनीहरूले समूह चरणमा गतिलो प्रदर्शन गर्न सकेनन् । पाकिस्तानका मुख्य स्ट्राइक बलर साहिन अफ्रिदी त्यति फर्ममा छैनन् । श्रीलंकाली पिचमा पाकिस्तानले स्पिनरबाट आशा गरेको छ । उस्मान तारिकको अफ स्पिन अहिले प्रभावकारी देखिएको छ । इंग्ल्यान्ड फास्ट बलरभन्दा स्पिनविरुद्ध कमजोर देखिन्छ ।



प्लेयर्स टु वाच

▸ सैम आयुब (पाकिस्तान)



पालेकेलेको पिचमा स्पिनर आयुब प्रभावशाली बन्न सक्छन् । टी-२० अलराउन्डरको शीर्ष स्थानमा रहेका आयुबले ब्याटिङमा पनि योगदान दिन सक्छन् । यद्यपि, चालू विश्वकपमा उनको ब्याटिङबाट खासै रन आएका छैनन् । समूह चरणमा उनले नामिबिया र भारतविरुद्ध मात्र ब्याटिङ र बलिङ गर्न अवसर पाए । उनले नामिबियाको खेलमा १४ रन बनाएका थिए । बलिङमा उनी विकेटविहीन भए । भारतसँगको महत्त्वपूर्ण खेलमा भने उनको बलिङ स्तरीय रह्यो । उनले २५ रन खर्चेर तीन विकेट हात पारेका थिए । पहिलो इनिङ्समा उनको स्पिन बलिङ निकै राम्रो मानिन्छ । पाकिस्तानले इंग्ल्यान्डको रनगति रोक्न उनीबाट ठुलो अपेक्षा राखेको छ ।

▸ विल ज्याक (इंग्ल्यान्ड)



सुपर ८ मा श्रीलंकामाथिको सानदार जितमा इंग्ल्यान्डका विलले अलराउन्ड प्रदर्शन गरेका थिए । उनले बलिङमा २२ रन खर्चेर श्रीलंकाका महत्त्वपूर्ण तीन विकेट लिएका थिए । ब्याटिङमा विलले आक्रामक रूपमा २१ रन जोडेका थिए । ब्याटिङ र बलिङमा उनको स्तरीय प्रदर्शनका कारण इंग्ल्यान्डले वेस्ट इन्डिजबाहेक अन्य खेलमा जित निकालेको छ । एसोसिएट राष्ट्र इटालीसँगको खेलमा उनी उच्च फर्ममा देखिए । उनले यस खेलमा ३४ रन खर्चेर एक विकेट लिनुका साथै ५३ रन जोडेका थिए । नेपालविरुद्ध उनले ३९ रन बनाउनुका साथै १ विकेट हात पारेका थिए । पाकिस्तानले विलको अलराउन्ड प्रदर्शनबाट संयमित भएर प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com